सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
• वर्ष २४ • FRIDAY, 22 FEBRUARY 2019 काठमाडौं शुक्रबार, फागुन १०, २०७५ • मूल्य रु. १५/-



# आशा जगाउने आइकनहरु

पृष्ठ २२ मा



मध्यपृष्ठमा
## बर्षा शिवाकोटी

HONEY & ALMONDS
PŌSHAN-WALA LOTION

JOY
beautiful by nature



आफ्नो सुन्दरतालाई
**समझदारीपूर्वक**
निखार्नुहोस्

पहिलेभन्दा दुईगुणा बढी पोषण भएको जोय हनी एण्ड आल्मण्ड्स एडभान्स नरिसिङ बडि लोसन प्रयोग गर्नुहोस्, यसमा रहेको मह र बदामले त्वचाको भित्रसम्म पुगेर पोषण दिई मोइस्चर प्रदान गर्छ। समझदार बनेर आफ्नो त्वचालाई प्राकृतिक पोषण मात्र हैन स्वस्थपूर्ण निखार पनि दिनुहोस्।




www.joypersonalcare.com | joybeautifulbynature

## YouTube ट्रेन्डिङ

| क्रम | भिडियो | च्यानल |
|---|---|---|
| १ | द रिर्टन अफ अभिमन्यू | गोल्डमाइन |
| २ | भद्रगोल-१९८ | मिडियाहब |
| ३ | कर्ली कर्ली कपाल | ओएसआर |
| ४ | विवादपछि गायक | न्यूज२४नेपाल |
| ५ | ३ करोड नेपालीले | प्राइम टाइम्स |
| ६ | को बन्छ करोडपति | केबीसी नेपाल |
| ७ | बुढी | चिराग सिंह खड्का |
| ८ | मुन्द्रेको कमेडी | आमा अग्निकुमारी |
| ९ | वर्षा राउतको रिसेप्सन | क्यानडा नेपाल |
| १० | यू एन्ड आई सिरिज | द कार्टुन्ज क्रू |

## फोटो अफ दि विक



■ **ब्राइडल लुक** : प्रदर्शनको तयारीमा रहेको चलचित्र द ब्रेकअपकी अभिनेत्री शिल्पा मास्के ब्राइडल लुकमा ।



■ **पाँडेको जोडी** : हास्य श्रृंखला भद्रगोलका पाँडे अर्थात् अर्जुन घिमिरे आफ्नी जीवनसंगिनीसँग ।

## फेसबुकमा दीपकराज गिरीको एक साता



फागुन २ गते बिहीबार : राधे कृष्ण राधे राधे राधे...कृष्णले जस्तै हरपल माया दे, साहारा दे, संरक्षण दे । किन चाहियो बेकारको यो भेलेन्टाइन डे ?

फागुन २ गते बिहीबार : प्रिय वर्षा प्रिय संजोग....प्रणय दिवसका दिन बाँधिएको यो बन्धन माया, प्रेम, सहयोग, सद्भाव र सहयात्राको जगमा उभिएर सफल जीवनयात्राको नमुना बन्न सकोस् । मेरा प्रियहरूलाई शुभकामना ।

फागुन ३ गते शुक्रबार : मलाई साँघुरो चलचित्र धेरै राम्रो लागेको थियो । त्यही समूहले बनाएको अर्को चलचित्र बुलबुल आजदेखि प्रदर्शनमा आएको छ । निर्देशक विनोदजी, स्वस्तिमा तथा सम्पूर्ण युनिटलाई सफलताको शुभकामना ।

फागुन ४ गते शनिवार : लुट्नसम्म लुट कान्छा लुट्न सम्म लुट । धेरै बोले कारवाही हुन्छ चुप लागेर सुत ।

फागुन ६ गते सोमबार : सरकारलाई व्यंग्य गरौं, विपक्षीबाट तलब पाऊँ...मन्द बुद्धिहरू ।



■ **ह्यापि एनिभर्सरी** : डा.आयुष्मान घिमिरेद्वारा सञ्चालित आवरण स्किन एण्ड हेयर क्लिनिकको तेस्रो वार्षिकोत्सव तथा दरबार मार्गमा सञ्चालित शाखाको उद्घाटन समारोहमा केक काट्दै पूर्व मिस नेपाल माल्भिका सुब्बा लगायत ।

## Twitter

घाममा बस्यो धेरै तातो हुने, भित्र बस्यो चिसो- गाह्रै छ ख्वामित ।

**गजेन्द्र बुढाथोकी**

जन्डिस उपचार केन्द्रको नाममा खुलेका धेरै उपचार केन्द्रले अवैज्ञानिक तरिकाले उपचार गरेर बिरामीको अवस्था बिग्रिएपछि हस्पिटल पठाउँछन् । त्यस्तालाई कारबाही होस्- हेलो सरकार ।

**डा.सुधांशु केसी**

पहिले तिमीलाई गुमाउँछु कि भन्ने डर लाग्थ्यो, अहिले तिमीलाई बाटोमा कतै भेट्छु कि भन्ने डर लाग्छ ।

**जवान बूढो**

जमाल खसोग्गीको हत्यामा मुछिएका साउदी युवराजलाई स्वागत गर्ने भारत र पाकिस्तानबीच होड । मोदी आफैं विमानस्थल पुगेछन्- द्रव्येषु सर्वे वशाः ।

**गोविन्द्र अधिकारी**

वर्षको एकपटक आउने तिहारमा आफ्ना प्राणभन्दा प्यारा भाइहरूलाई लगाइदिने माला किन्दा त गोजी छाम्नुपर्छ आफूले । यी मान्छेहरूले कुन उत्प्रेरणाले/कहाँबाट ल्याउँदा हुन् १ सय ५१ किलोको माला किन्ने पैसा ?

**डियर विद्या**

पैसाले खुसी किन्न सकिंदैन तर पैसाको अभावमा धेरै खुसी सहिद हुन्छन् ।

**रोशनी**

मनको कुरा भनूँ कसरी । मनमा तिमीलाई सजाऊँ कसरी ?

**महारानी**

जीन्दगी त हाँसेरै बिताउने हो । बस्, हँसाउने व्यक्तिको खाँचो छ ।

**निरु क्षेत्री**

राष्ट्रिय स्वार्थ, राज्यको स्वार्थ, सरकारको स्वार्थ, सत्ताधारी पार्टीको स्वार्थ, नेता/कार्यकर्ताको स्वार्थ फरक-फरक कुरा हुन् तर ऐन मौकामा कुराहरूलाई गोलमटोल गरी यिनलाई एउटै कुराका रूपमा अर्थ्याउन खोजिन्छ ।

**सूर्यराज आचार्य**

समय सन्दर्भ

# लुट्न सके लुट्



अधिकारी रवीन्द्र

यो साता पशुपति शर्मा सर्वाधिक चर्चामा रहे । उनको लुट्न सके लुट गीतले सारा नेपालीभाषीको मात्र नभै नेपाल सरकारको समेत ध्यान आकृष्ट गऱ्यो । शर्माले सदाझैँ गीतमार्फत प्रस्तुत गर्ने व्यंग्य शैली यसमा पनि कायमै राखे । गीतमा वर्तमान परिप्रेक्ष्यमा परिघटित यथार्थको छनक दिँदै शिक्षक, डाक्टर, सरकारी कर्मचारी, सरकार, राजनैतिक कार्यकर्ता, नेतादेखि राष्ट्रपतिसम्मलाई व्यंग्य गरिएको पाइन्छ । युट्युबमा ट्रेन्डिङमा परिसकेको यो गीतलाई शर्मा आफैंले माफी मागेको आशयको फेसबुक स्टाटस राख्दै अकस्मात डिलिट गरेका छन् । त्यसपछि त उक्त गीत खोजीखोजी हेर्ने क्रम अझ तीव्र भएको थियो ।

सर्जक भनेका राष्ट्रका गहना हुन् । देशलाई सकारात्मक बाटोतर्फ अघि बढाउन राष्ट्रका गहना मानिएका सर्जकहरूको पनि उत्तिकै जिम्मेवारी हुन्छ । राष्ट्रको गहना त्यत्तिकै हुन पाइँदैन । गीत-सङ्गीत वा कुनै अन्य विधाका सिर्जनाहरू सार्वजनिक गर्दा निश्चय पनि उक्त सर्जकले केही अध्ययन गरेर मात्र त्यसो गर्नुपर्छ नकि हचुवाको भरमा । अपुष्ट समाचारलाई तथ्यका रूपमा गीतमार्फत प्रस्तुत गरियो भने अवश्य नै ती सत्यजस्तै लाग्न थाल्छन् । त्यसमाथि पनि कुनै जात, दल वा धर्मविशेष समूहप्रति प्रहार गर्नुअघि हजार पटक सोच्नुपर्छ– कतै यो गीतले सामाजिक मूल्य, मान्यता एवं मर्यादामा विचलन त ल्याउँदैन ? भारतमा कैयौँ चलचित्र छन् जसले कुनै धर्मको अपमान गरेको, इतिहासलाई तोडमोड गरेको वा बदनीयतपूर्ण हिसाबले राजनीतिलाई छेड्खानी गरेको आधारमा संवेदनशील क्षेत्रहरूमा प्रतिबन्ध लगाइएका छन् । तसर्थ सरकारले अनुचित ठहर गरेको खण्डमा केही चीजमाथि प्रतिबन्ध लगाउनु नौलो कुरा होइन । यो गीतको प्रसङ्ग अलिक छुट्टै यस अर्थमा छ कि आधिकारिक रूपमा यसमाथि प्रतिबन्ध लगाइएको कुरा कतैबाट खुलासा भएको छैन । आफ्नो एकाउन्टमा अपलोड गरेको भिडियो आफ्नै इच्छाबिना डिलिट पनि हुँदैन । यसर्थ पशुपति शर्माले आफ्नै राजीखुसीले उक्त भिडियो डिलिट गरेका हुन् भन्ने कुरामा कुनै शंका रहेन, तर गालीगलौज, धम्की वा मानसिक दबाबका कारणले उनी त्यसो गर्न बाध्य भएका हुन् भन्ने कुरा अन्दाज लगाउन भने गाह्रो छैन । गीतको भिडियोमा राष्ट्रपतिले अर्बौंको हेलिकप्टर चढ्ने, यमराजको शासन, गफ मात्र धेरै गर्ने नेताहरू, वाइडबडी घोटालाको सन्दर्भसमेत जोड्दै आकलझुक्कल रातो झन्डाको दृश्यहरू देखाइएको छ । यसले प्रत्यक्ष रूपमा वर्तमान नेकपा सरकारलाई इङ्गित गरेको कुरा प्रस्ट हुन्छ । ३३ किलो सुन र वाइडबडीकै लाइनमा कार्यकर्तालाई कुकुरजस्तै भुक्ने भनिएको हुँदा नेकपाका कार्यकर्ता चिढिने नै भए । युवा संघदेखि लिएर दुईतिहाइको सरकार सम्हालेको दलका निकट संघसंस्था अनि कार्यकर्ताले चर्को विरोधसाथ कारबाहीको आवाज उठाए । त्यसबीच कुन्नि के-के भयो, पशुपति शर्मा हच्किए र भिडियो हटाए । बालुवाटारमा समेत यो गीतलाई लिएर गभीर संवाद भयो रे भन्ने समेत सुनियो ।

अब गीत हटाइसकिएपछिको कुरा गरौँ । डिलिट हुनुअघि नेकपाका कार्यकर्ता कुर्लिए, डिलिट भैसकेपछि सरकारविरोधीहरू कुर्लिन थाले । गीत बनाउँछ, अपलोड र डिलिट गर्छ एउटाले तर काठमाडौंदेखि हरेक गाउँसम्म कुर्लनेहरूको मेला लाग्छ । सोसल मिडिया त पशुपति शर्माको गीत राखिएका अनेकानेक च्यानलका लिङ्क र भिडियोले भरिएका छन् नै, संसद भवनभित्र समेत उक्त गीतकै बारेमा रस्साकसी चल्छ । यसबाट बुझ्न सकिन्छ कि हामी नेपाली जनता कुन युगमा छौँ । हामीसँग यति समय छ कि हप्तौंसम्म एउटा गीतका बारेमा सडकदेखि संसद्सम्म बहस गरेर बिताइदिन्छौँ । मूल मुद्दा एउटा होला, संसद भवनमा समेत यो कुराले स्थान पाउनुले 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' जस्तो भएको छ ।

अब त्यसो भए निचोड के त ? पशुपति शर्मा स्वयंले बुझ्नुपर्‍यो कि उनका गीतमा प्रमाणित भैसकेका तथ्यहरू छन् भने लोकदोहोरी प्रतिष्ठानको आग्रहलाई स्वीकार गरेर पुनः उक्त गीतलाई जस्ताको तस्तै राख्नुपर्छ । सही काम गरेको छु जस्तो लाग्छ भने किन डराउनुपर्‍यो ? धम्की वा असुरक्षाको अवस्था छ भने खुलेर आउन सक्नुपर्‍यो, कानुनी उपायहरू पनि प्रशस्तै छन् । हाम्रा यस्तै अधिकारलाई स्थापित गराउन हामीले दुईतिहाइ मत दिएका होइनौं र ?

उत्कृष्ट प्रजातन्त्रको प्रतीक मानिने विश्वको शक्तिशाली मुलुक संयुक्त राज्य अमेरिकामा त राष्ट्रपति ट्रम्पको घोर भर्त्सना वा उनलाई गाली नगरी मूलधारका पत्रपत्रिका र च्यानल एक दिन पनि प्रकाशित-प्रसारित हुँदैनन् भने नेपाल कुन त्यस्तो देश हो र आफूलाई लागेको कुरा गीतमार्फत व्यक्त गर्न नपाउने ? यदि सरकारी रोहबरमै उक्त गीत हटाउन लगाइएको हो भने त्यसको विरोध हुनैपर्छ, किनभने विरोध भएन भने यो अंकुश बिस्तारै बढ्दै जनताको घरदैलोसम्म आइपुग्न सक्छ । अपुष्ट, प्रमाणित भैनसकेको वा कुनै भ्रामक कुरा यदि गीतमा छ भने पशुपतिले ती गल्तीउपर थप गृहकार्य गरेर पुनः भिडियो सार्वजनिक गर्न सक्छन् । अघिनै भनिएजस्तै विशुद्ध मनोरञ्जक गीतभन्दा सामाजिक राजनीतिक विसङ्गतिलाई चिरफार गरेर ल्याइएका गीत बढी संवेदनशील हुन्छन् र यस्ता गीत बजारमा पठाउनुअघि धेरै पक्षमा दह्रो गृहकार्य गर्नैपर्छ ।

raiv nems@iom.edu.np

# दाह्री ग्याङको सञ्जाल



राजाराम पौडेल

जगदीश भण्डारी दाह्री ग्याङ फेसबुक समूहका एडमिन हुन् । सांस्कृतिक क्षेत्रमा रुचि राख्ने भण्डारी अध्ययनको सिलसिलामा २०७२ को माघ महिनामा संस्कृतिविद् सत्यमोहन जोशीलाइ भेट्न पुगे । उनीसँगै थिए मनोज मालाकार । उनीहरू दुवैले त्यतिबेला दाह्री पालेका थिए । भेटका क्रममा जोशीले ठट्यौली पारामा भने– तिमीहरू त 'दाह्री ग्याङ' भएर आएछौ । रमाइलो पारामा जोशीले भनेको त्यो शब्दले उनीहरूको मन छोयो अनि जन्मियो दाह्री ग्याङ फेसबुक समूह । त्यसभन्दा अघि नै झन्डै २५ जनाको फेसबुक समूहमार्फत एउटा सर्कल बनाई सामाजिक कार्य गर्न थालेका उनीहरूले दाह्री ग्याङ फेसबुक समूहमा साथीहरूलाई एड गर्न थाले । २०७२ साल फागुन ६ गते उनीहरूले उक्त समूह निर्माण गरेका थिए । विस्तारै यसमा सदस्य थपिँदै गए । अहिले यो फेसबुक समूहमा १ लाखभन्दा बढी आबद्ध छन् । काठमाडौंबाट सुरु भएको यो समूह अहिले देशका २७ जिल्लामा पुगिसकेको छ भने यसमा आबद्ध सदस्यहरू ७७ वटै जिल्लाकै भएको दावी जगदीश भण्डारीको छ । 'झापादेखि महेन्द्रनगरसम्मका साथी यो समूहका सदस्य छन्' उनले भने । ती २७ वटै जिल्लामा विभिन्न कार्यक्रमसमेत हुँदै आएका छन् । अब भने यो फेसबुक समूहलाई दिर्घकालसम्मका लागि स्थायित्व दिन पब्लिक कम्पनी खोलेर अघि बढ्ने योजना तयार पारिएको भण्डारीले बताए ।

फागुन ६ गते यो समूहको नाम राखिएकाले हरेक वर्ष त्यही दिन यसको वार्षिकोत्सव मनाइन्छ । स्थापनाको तेस्रो वाषिकोत्सवको अवसरमा यसपालि काठमाडौं, कास्की, सिन्धुली, सप्तरी, नुवाकोट, चितवन, इटहरी, विराटनगर, बुटबल, नवलपरासी, महेन्द्रनगर, धनगढी आदी ठाउँमा कार्यक्रमसमेत सम्पन्न भए ।

दाह्री गयाङले आयोजना गर्ने विभिन्न कार्यक्रमले उनीहरूलाई परिपक्क बनाउदै लगेको छ । काठमाण्डौमा 'दाह्री ग्याङ विज्ञान अभियान' सञ्चालन गरिएको छ । दाह्री ग्याङमा दाह्री पाल्ने मात्र नभएर दाह्री मन पराउनेहरू समेत आबद्ध छन् । समूहको क्रियाशीलता, यसले गर्ने कार्यक्रम आदीका कारण विगतमा दाह्री पाल्नेहरूलाई नकारात्मक दृष्टिकोणले हेर्नेहरूको नजरमा समेत परिवर्तन आएको यसका सदस्यहरूको दाबी छ ।



समसामयिक

# नगर्ने गर्ने, गर्ने नगर्ने

राजेन्द्रप्रसाद पन्त

भीम बोगटी ललितपुरको पुल्चोकबाट सुविधायुक्त निजी कारमा अनामनगरस्थित निवासतर्फ जाने क्रममा सुन्तलाको बोक्रा हातमा समाउँदै गम्भीर मुद्रामा देखिए । केही क्षणमै कारभित्र राखिएको सानो डस्टबिनमा हातमा खेलाइरहेको सुन्तलाको बोक्रा खस्न पुग्यो । डस्टबिनलाई नियाल्दै उनी विगत सम्झन्छन् । मंसिरको मध्यघाममा सल्लेरीको फाप्लु बजारबाट सुन्तला खाँदै वसन्तबजारस्थित एउटा कार्यालयमा पुगेको केही समयपछि कार्यालयको मेचमा पोलिथिनभरि सुन्तलाको बोक्रा देखेपछि उनी अचम्मित भएका थिए । सुन्तला हुनुपर्ने ठाउँमा बोक्रा राख्ने मान्छे कस्तो होला ? यसो यताउति हेरेको त झसंग हुन्छन् । एकदमै चिर-परिचित न्युजिल्यान्डका नागरिक जिम स्टिङ मुस्कुराइरहेको देखेर । जिमको मुस्कान र सुन्तलाको बोक्राको इसाराले बुझ्न पर्याप्त थियो ती बोक्रा, उनी स्वयम्ले बाटोभरि फाल्दै आएका थिए । ती फालिएका बोक्रा नै जिम स्टिङले बाटोबाट टिप्दै टेबलमा राखेको दृश्य थियो त्यो । भीम तिमीले आफ्नो भोक मेटायौ, मैले प्रकृतिको भोकलाई मेटाएँ तिमीले फालेका बोक्रा टिपेर । आफ्नो भोक मेटाउन अरूको भोकको ख्याल गर्नु जरुरी हुन्छ ।

> हामी अचम्मका प्राणी, यहाँ फोहोर नफाल्नुहोला भनेर ठाउँ-ठाउँमा टाँस्नुपर्ने बाध्यता । गर्ने भन्दा हेर्नेलाई लाज भनेझैं अझ अचम्म त तब हुन्छ जब फोहोर नफाल्नुहोला भन्ने बडेमानको सूचनापाटीमुनि नै फोहोरको डंगुर देखिन्छ । फरक-फरक व्यक्ति फरक-फरक कुराको अम्मली छन्, जुन स्वभाविक हो ।

हामी अचम्मका प्राणी, यहाँ फोहोर नफाल्नुहोला भनेर ठाउँ-ठाउँमा टाँस्नुपर्ने बाध्यता । गर्ने भन्दा हेर्नेलाई लाज भनेझैं अझ अचम्म त तब हुन्छ जब फोहोर नफाल्नुहोला भन्ने बडेमानको सूचनापाटीमुनि नै फोहोरको डंगुर देखिन्छ । फरक-फरक व्यक्ति फरक-फरक कुराको अम्मली छन्, जुन स्वभाविक हो । कोही चुरोटका अम्मली छन् त कोही त्यसलाई आफ्नो सानसँग जोडेर वातावरण प्रदूषणमा योगदान दिँदै छन् । बाँकी रहेको ठुटोलाई बूढी औंला र चोर औंलाको बलले यसरी फाल्छन् मानौं त्यो चुरोटको ठुटोले छुने अन्तिम बिन्दु उसको क्षेत्राधिकारभित्र पर्छ । के यो गर्ने काम हो त ? कतिपयको दैनिक आहारा भएको गुट्का, पानपराग आदिका खोल उनीहरू यसरी मिल्काउँछन् मानौं यो सारा जमिनमा उनीहरूकै मात्र अधिपत्य छ । पानका धेरैजसो पारखीले जमिन नभए नि हरेक भवनका भित्तालाई आफ्नो पैतृक सम्पत्ति मानेर रंग्याएका हुन्छन् । मानौं त्यो ठाउँ ती अम्मलीकै लागि छुट्याइएको हो ।

सार्वजनिक यातायातको साधनमा ज्येष्ठ नागरिक भनी निर्दिष्ट गरिएको सिटमा लक्का जवान बसेर फेसबुक चलाइरहेको दृश्य, महिला लेखिएको सिटमा बसेको पुरुषलाई गाडीको कर्मचारीले यो त महिला सिट भनी सम्झाउनुपर्ने बाध्यता । विशेष क्षमता भएका (अपाङ्ग) हरूका लागि छुट्याइएको सिटमा सपाङ्ग बसेका बेला विशेष क्षमता भएका यात्री आउँदा सपाङ्ग भनाउँदाले ए उहाँलाई सिट छोडिदिनु न भनी अर्को सिटमा बसेका यात्रीलाई इसारा गरेको दृश्यले सपाङ्गको सपाङ्गतालाई कतिको गिज्याउँछ होला ? आफूलाई कुलिनवर्गका मान्ने वा आफ्नै सुविधा सम्पन्न गाडीमा सवारहरूले पानीको खाली बोतल गाडीबाट यसरी फाल्छन् मानौं सडकमा त उनीहरूको जन्मसिद्ध पैतृक अधिकार नै छ । यस्ता दृश्य प्रदर्शन गर्नेलाई अति सम्पन्न भन्ने कि दरिद्रताको प्रतिरूप मान्ने ?

'नगर्ने-गर्ने' जस्तै एकचोटि 'गर्ने-नगर्ने' कामको पनि चर्तिकला हेरौं न ! एयरक्राफ्ट क्रयुको जहाज पुरा नरोकिन्जेलसम्म सिटको पेटी नफुकाउनु भन्ने शब्द पुरा हुन नपाउँदै यात्रीको दिमागले नफुकाउनुको 'न'लाई बिर्सिसकेको हुन्छ । एकाधचोटि जहाजको यात्रा गरेकाभन्दा धेरैजसो जहाजको यात्रा गर्नेहरू नै पेटी फुकाउन हतारिन्छन् । जहाजमा बसेपछि पेटी बाँध्नुपर्ने 'गर्नै पर्ने' काम हो तर हामी गर्ने काम नगर्नेमा उद्यत हुन्छौं । बस, ट्याक्सीचालकको त कुरा झन बेग्लै छ । सवारी साधन चलाउँदा पेटी लगाउनैपर्ने काम ट्राफिक प्रहरीका लागि लगाइदिएझैं चेकपोस्ट कटेसँगै त्यो 'गर्नुपर्ने' काम गराउने ट्राफिक प्रहरीको सत्तोसराप गरिएको पाइन्छ । यसरी सरापेको लाग्ने भए नेपालभरिका ट्राफिक प्रहरी सायद स्वर्गलोकमा सिग्नल दिइरहेका भेटिन्थे । घर, पसल वा सडकछेउमै फोहोर फाल्ने भाँडो ठड्याइएको छ भने पनि हामी प्रायः त्यो भाँडाको प्रयोगमा अभ्यस्त हुन सकेका छैनौं । हामी नयाँ पुस्तालाई 'गर्नुपर्ने नगर्ने' बानीको उपहार पुस्तान्तरण गर्दैछौं । होटल तथा रेस्टुराँमा बस्दा धारा, बिजुली, पंखा, हिटर आवश्यकताअनुसार प्रयोग गर्ने हो तर सोच राख्छौं त्यो दिनको त पूरै पैसा तिरेका छौं, यही हो अवसर, धारा खुल्लै भए होस्, बत्ती त्यसै बलिरहोस्, मेरो के नै पो जान्छ र ? आवश्यकताअनुसार खपत गर्नु हामी सबैको कर्तव्य हो तर हामी त्यो गर्नुपर्ने काम कमै गर्छौं ।

हामी आफैंलाई एक पल्ट फर्केर हेरौं । आफ्नै कामलाई अन्तर्मनले विश्लेषण गरौं । प्रायःजसो गर्नुपर्ने/नगर्ने गरेको त नगर्नुपर्ने गरेको पाउँछौं । तैपनि हामीले आफ्नै बानीमा सुधार ल्याउन सकेका छैनौं किन ? प्रस्ट छ, हामी आफूले गर्ने तर अरूले किन गरेको भन्ने सोचबाट ग्रसित छौं । एकछिन मनन गरौं, के हामी आफू बस्ने कोठामा यत्रतत्र फोहोर फाल्छौं ? त्यही फोहोर बाटोमा फाल्नु अघि एक पल पनि सोच्दैनौं । किन ? उत्तर सोझो छ, कोठा आफ्नो हो सडक अर्कैको हो । अब फेरि सोचौं । सडक अर्कैको भए किन हामी सडक प्रयोग गर्दैछौं ? यतिसम्म किन बुझ्न सकेनौं वा किन बुझेर बुझ पचायौं ? हामी आफू बस्ने कोठा सफा चाहिने तर अरूले हिँड्ने ठाउँ सफा नचाहिने सोचको विकास कसरी गर्दैछौं ? आफू र आफ्ना आफन्तका लागि सुरक्षा, न्याय, सम्मान, सहभागिताजस्ता सामाजिक उत्तरदायित्वको अभिलाषा राख्ने तर अरूका लागि असुरक्षा, अन्याय, असमानता, असहभागिता भए पनि कानमा तेल हालेर सुत्ने कस्तो खालको संस्कारलाई बढावा दिँदैछौं हामी ? अनि यी कुरा अब पनि नसोचे कहिले सोच्ने त ?

*(लेखक हिमालयन ट्रस्ट युके/रिड नेपाल नामक गैरसरकारी संस्थामा प्रबन्धकका रूपमा कार्यरत छन् ।)*

## पाठक मञ्च

म पनि खेलाडी हुँ । (रंगशाला बनाउने घोषणा गरेर हामीले के गल्ती गर्‍यौं ?) हो, म खेलीडीहरूको मर्म बुझ्छु । नेपालमा रंगशाला बन्नुपर्छ तर हरेक आर्थिक वर्ष सकिएलगत्तै सरकारले खेलकुदमा कति लगानी गर्ने घोषणा गरेको छ ? ती सबै खेलकुदमा परिचालित भएको छ कि छैन ? खेलाडीहरूको सम्मान गर्नु राष्ट्रको कर्तव्य हो कि होइन ? मनन गर्नुपर्छ । राष्ट्रसेवक बन्नुको अर्थ राष्ट्रिय ढुकुटीको सही पहिचान गर्नु र सही ठाउँमा लगानी गर्नु हो, अभियान घोषणा गर्नु मात्र होइन । मेरो सम्मान छ हजुरहरूलाई, सही ढंगले निर्धारित समयमै रंगशालाको निर्माण सम्पन्न होस् ।

**गीता सिलवाल**

विरोध होइन, सल्लाह सुझाव मात्र हो । (रंगशाला बनाउने घोषणा गरेर हामीले के गल्ती गर्‍यौं ?) क्रिकेट रंगशाला, एउटा व्यवसायिक प्रतिष्ठान हो र व्यवसायिक प्रतिष्ठान भएकाले, यसको निर्माण चन्दा सहयोगले भन्दा सरकारी तवरबाट, सेयर बिक्री गरी उठेको रकमबाट निर्माण गर्ने र आउँदो कुनै पनि व्यवसायिक प्रतिष्ठान निर्माण गर्नुपरे यसैगरी सरकारी तवरबाट, सेयर बिक्री गरी उठेको रकमबाट निर्माण गर्दै जाने हो भने देश समृद्धितर्फ अघि बढ्न थियो ।

**टेकेन्द्र**

चलचित्र कलाकारहरू यस्तै नाटकमा रमाउँछन् । (लभ बर्ड) उनीहरूको प्रेम, रोमान्स तथा ब्रेकअप सामान्य कुरा हुन् । लव बर्ड त जुगौंजुग सँगै बस्नेहरू मात्र हुन् ।

**प्रज्ञा थापा**

यस्तो कुरा पनि सोधिरहनुपर्छ र ? (प्रेममा पर्दा के हुन्छ ?) म भनिदिन्छु प्रेममा पर्दा के-के हुन्छ ? निद्रा लाग्दैन, भोक लाग्दैन, आँखाले मन परा'को मान्छेलाई खोजिरहन्छ । मन यथार्थमा भन्दा कल्पनामा बढी रमाउँछ ।

**अंकित चौधरी**

twitter follow us on twitter.com/saptahik

Like us on Facebook facebook.com/kantipursaptahik

# बालश्रम : कलंकको टीका



● जयकिशोर भण्डारी

नेपालमा गरिबीको सूचकांक बढ्नु तथा शिक्षामा सर्वसाधारणको पहुँच नपुग्नुका विविध कारणमध्ये बालश्रम पनि एउटा हो । हुन त नेपालमा बालश्रम कानुनी अपराध मानिन्छ, तर पनि कानुनको अवहेलना गर्दै गौशाला, बर्दिबास, जलेश्वर, जनकपुरजस्ता स्थानीय तथा प्रादेशिक सहरहरूमा सयौं बालमजदुर काम गरिरहेका देखिन्छन् । मैथिलीमा भनिन्छ, 'जे न करैछ बाबुभैया, से करैछ रुपैयाँ' । ती बालबालिकाहरू साहू-मालिकको गाली अवहेलना सहँदै दुई छाक टार्न तथा आफ्ना परिवारमा सुखको बिहानीका निमित्त प्रयत्नरत छन् । ती मजदुरमध्ये कसैको परिवारमा बूढा आमाबाबु छन् भने कसैको परिवारमा दुई छाक टार्न पनि नसक्ने दयनीय अवस्था छ । अझ कसैका त कोही आफन्त पनि छैनन् ।

समाजमा व्याप्त बालविवाहलाई बालश्रम अभिवृद्धि गर्ने एउटा प्रमुख पाटो मानिन्छ । उमेर, शिक्षा, आत्मनिर्भरताजस्ता महत्वपूर्ण कुराको अभावका बीच किशोरकिशोरीहरूलाई विवाह बन्धनमा बाँधिदिँदा उनीहरू बालश्रम गर्न बाध्य हुन्छन् । कतिपय मानिसले त बालबालिकाका अभिभावकहरूलाई फकाउँछन्, 'तपाईंको छोरालाई म पढाइदिन्छु, त्यसको बदलामा उसले मेरो सानोतिनो काम गरिदिनुपर्छ ।' तर त्यसरी बालबालिका लगेपछि चाहिँ तिनीहरूको इरादा बदलिएको पाइन्छ । ती बालबालिकालाई विद्यालय भर्ना गरिदिए पनि पठनपाठनका लागि कामबाट फुर्सद दिइँदैन । बालमजदुर राख्दा न्यून पारिश्रमिक दिए पुग्ने, अटेरी नगरी अह्राएको काम गरिदिने जस्ता कारणले पनि साहू-महाजनहरू बालमजदुरप्रति आकर्षित हुन्छन् ।

सन् २००५ मा दक्षिण एसियामा बालकल्याण प्रवर्द्धन गर्न सार्क महासन्धि लागू भए पनि यो प्रभावकारी ढंगबाट अघि बढेको पाइँदैन । मैले आफैंले यस विषयमा हेलो सरकारमा धेरै पटक गुनासो दर्ता गराएको छु, तर त्यसको प्रतिउत्तर अझसम्म पाएको छैन । प्रहरी कार्यालयमा सम्पर्क गर्दा प्रहरी कर्मचारीबाट एउटै जवाफ पटकपटक सुन्नुपरेको छ, 'ल-ल भाइ, हामी एक्सन लिन्छौं ।'

धेरै पहिले हाम्रो समाजमा सन्तान बन्धकी राखेर साहूको ऋण चुक्ता गर्नुपर्ने प्रथा कायम थियो । हाल उक्त प्रथा कायम नरहे पनि आफ्ना सन्तानलाई कलिलै उमेरमा पैसाका लागि काम गर्न पठाउने नयाँ अवस्था सिर्जना भएको छ, जसले समाज विकासमा गतिरोध मात्र पैदा गर्छ ।

शास्त्रमा लेखीएको छ, 'माता शत्रु पिता बैरी यन बालो नपढित ।' अर्थात् जसले आफ्ना सन्तानलाई पढाउँदैनन्, ज्ञानबाट साक्षात्कार गराउँदैनन् भने ती आमाबाबु वास्तवमै आफ्ना सन्तानका महान् शत्रु हुन् । अतः बालबालिकाको हातमा कलम थमाऔं, काम गर्ने औजार होइन् । शिक्षाको ज्योतिले तिनीहरूलाई सुमार्गमा तथा भविष्यको समृद्धितर्फ डोर्‍याऔं नकि दुःखेदुखको अन्धकार भुमरीमा ।

हाम्रा समिप बालमजदुरजस्ता जघन्य अपराध निराकरण गर्ने कठोर चुनौती छ । यो तबमात्र सम्भव छ जब व्यक्ति, समाज र सरोकारवाला निकायहरू सहकार्य गर्दै यसविरुद्ध सही ढंगले अघि बढ्छन् ।

**गौशाला-१०, महोत्तरी**

तपाईंले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पठाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

# सर्पको मान्छेसँग कुनै स्वार्थको सम्बन्ध छैन

स्नेक कन्जरभेसन सोसाइटी नेपालका अध्यक्ष हुन्- महेन्द्रप्रसाद कतिला । उनको पुर्ख्यौली थलो बनेपा हो । लमजुङमा जन्मिएका कतिलाको स्थायी बासस्थान पोखरा महानगरपालिका-४, गैरापाटनमा छ । उनी अहिले सर्प संरक्षणका साथै सर्पसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरुमा व्यस्त छन् । वि.सं. २०६५ देखि आफ्नो सबै समय सर्प संरक्षणमा समर्पित गर्ने कतिलासँग साप्ताहिकका पोखरा संवाददाता राजाराम पौडेलको कुराकानी :



■ महेन्द्रप्रसाद कतिला

**सर्प संरक्षणतर्फ कसरी लाग्नुभयो ?**

म बाल्यकालदेखि नै सर्पप्रति आकर्षित थिए, पहिले-पहिले त मानिसहरूले घरमा सर्प आयो भने महेन्द्र आइजा मारिदे भन्थे । गएर मारिदिन्थे पनि । आठ कक्षा पढ्ने क्रममा मेरो घरभित्र एउटा सर्प पस्यो, त्यतिबेला ममा संरक्षणको चेतना थिएन । किन-किन मलाई त्यो सर्प राम्रो लाग्यो, त्यसको माया पनि लाग्यो, त्यही बेला मैले जिउँदो सर्प छोए अनि त्यसलाई जिउँदै समातेर नारायणस्थानमा छोडिदिए । त्यतिपछि सर्पप्रतिको मेरो माया बढ्यो । त्यतिबेला म १४ वर्षको थिए । बिस्तारै सर्पप्रतिको आकर्षण बढ्दै गयो । कोही सर्पदेखि डराएर भाग्छन्, कोही त्यसलाई मार्न थाल्छन् । म भने फरक भए । सर्पप्रतिको मेरो चाख बढ्दै गयो ।

**सर्पका बारेमा अध्ययन-जानकारी कसरी लिन थाल्नुभयो ?**

पृथ्वीनारायण क्याम्पस पोखराबाट स्नातक पूरा गरेपछि म दाङतर्फ लागे । त्यहाँ हाम्रो प्रगतिशील पुस्तक भण्डार थियो । म त्यहीँ बस्थें । २०५१ मा दाङबाट पोखरा आउँदा मेरा एक जना भतिजाले अंकल मैले सर्प पालेको छु भन्यो । उसलाई म सर्प खेलाउन रुचाउँछु भने थाहा थियो । म उसको घर गए । उसले माछाको एक्वारियममा सर्प पालेको रहेछ । सानो थियो, अहिले ठूलो भयो– उसले भन्यो । यसलाई भ्यागुता र मुसा दिन्छु भन्यो । त्यो देखेर मलाई रमाइलो लाग्यो । उँसग सर्पसम्बन्धी पुस्तक पनि रहेछन् । करण शाहको किताब मेलै पनि पढे । मेरो जिज्ञाशा अझ बढ्यो । पछि काठमाडौं गएर करण शाहलाई भेटेर किताब लिए । २०५४ सालमा दाङमा मैले एउटा सर्प समातेको थिए । त्यो सर्प एकदम राम्रो थियो । तस्बिर खिचेर करण शाहलाई इमेल गरे । सर्प लिएर आउनु भन्नुभयो । त्यो सर्प मरिसकेको थियो त्यसैले डिएफओ कार्यालयबाट स्विकृत लिएर करण शाहलाई देखाए । यो त सामान्य सर्प हो । यसको मुखमा कुकुरको जस्तो दाँत हुन्छ । उहाँले सर्पको जात, मुखभित्रको दाँतको बारेमा जानकारी दिएपछि मेरो चाख अझ बढ्यो । म सर्पसम्बन्धी थप पुस्तकअध्ययन गर्न थाले ।

**नेपालमा कति प्रकारका सर्प पाइन्छन् ?**

एक अध्ययनअनुसार संसारभरि ३७ सय प्रजातिका सर्प भएको पत्ता लागेको छ जसमध्ये ६ सय प्रकारका सर्प विषालु हुन्छन् । नेपालमा ८० भन्दा बढी प्रकारका सर्प पाइन्छन्, जसमा २० प्रकारका सर्प विषालु छन् ।

**सर्पको स्वभाव कस्तो हुँदो रहेछ ?**

सर्पको स्वभाव जातअनुसार फरक-फरक हुन्छ । उनीहरूको चरित्र विभिन्न किसिमको हुन्छ । सर्पको मान्छेसँग कुनै स्वार्थको सम्बन्ध भने छैन । सर्पको सम्बन्ध भनेको त्यसको आहारसँग छ । सर्पले जीवित रहन आफ्नो भोजन जुटाउनु पर्छ । आहारा खोजेर मार्नु-खानु उसको स्वभाव हो ।

पृष्ठ ७ मा



# खुला विश्वविद्यालय

## अनलाइनमै शिक्षक, अनलाइनमै विद्यार्थी




युवराज गौतम

न कक्षाकोठा, न डेक्सबेन्च, न कलेज धाउनुपर्ने झन्झट, न त कक्षाकोठामै घण्टौं बिताउनुपर्ने बाध्यता । प्रविधिको विकाससँगै विश्वविद्यालयबाट अध्ययनको प्रमाणपत्र लिन अब कलेज धाइरहनुपर्ने पर्दैन । विश्वको जुनसुकै कुनामा वा घरमै बसेर पनि नेपालकै विश्वविद्यालयमा अध्ययन गर्न सकिन्छ । ल्यापटप वा कम्प्युटर तथा इन्टरनेटको सहयोगमा विश्वविद्यालयको उपाधि प्राप्त गर्न नेपालमा पहिलो पटक खुलेको 'नेपाल खुला विश्वविद्यालय'ले सहज बनाइदिएको छ ।

कार्य व्यस्तताका कारण नियमित कलेज वा विश्वविद्यालयको कक्षामा सहभागी हुन नपाएका, ग्रामीण क्षेत्र वा विदेशमा बसोबास भएका, बीचमै पढाइ छुटेका, आफूमा प्रतिभा, क्षमता एवं अनुभव भएर पनि कलेजको शिक्षा लिन नसकेकाहरूका निम्ति खुला विश्वविद्यालय सजिलो माध्यम बन्न पुगेको छ । सन् २०१० मा गैरआवासीय नेपाली संघ(एनआरएनए) तथा शिक्षा मन्त्रालयबीच भएको सहमति एवं सार्कमा खुला विश्वविद्यालय स्थापना गर्न नेपालले जनाएको प्रतिबद्धताअनुसार खुला र दूर सिकाइको विधिमार्फत अध्ययन-अध्यापन सञ्चालन गर्न नेपालमा खुला विश्वविद्यालय स्थापना भएपछि विद्यार्थीहरूको आकर्षण बढ्न थालेको हो ।

संसद्बाट नेपाल खुला विश्वविद्यालय ऐन-२०७३ पारित भएपछि नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयका कक्षाहरू २०७५ सालको जेठदेखि कक्षा सञ्चालन भैरहेको विश्वविद्यालयका उपकुलपति डा. लेखनाथ शर्मा बताउँछन् । उपकुलपति डा.शर्मा भन्छन्, 'विश्वका धेरै देशमा यसको अभ्यास, प्रयोग एवं सञ्चालन धेरै वर्षअघिदेखि नै भैरहेको छ, त्यसैले नेपालमा पनि सबैमा शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले विश्वविद्यालय स्थापना भएको हो,' डा. शर्मा भन्छन्, 'हाम्रो सिकाई विधि नै युग सुहाउँदो र सजिलो छ, लर्निङ म्यानेजमेन्ट सिस्टम सफ्टवेयर तथा इन्टरनेटको प्रयोगमार्फत हामी गुणस्तरयुक्त जनशक्ति उत्पादनको लक्ष्यमा छौं ।'

हुन पनि विश्वविद्यालयको भर्ना आह्वानको सूचनादेखि शुल्क भुक्तानी, विद्यार्थीको सम्पूर्ण विवरण, कक्षा सञ्चालन सबै अनलाइनमा राखिएको छ । विश्वविद्यालयका आइटी तथा ई-लर्निङ विज्ञ पदमराज पन्त भन्छन्, 'हाम्रो सिस्टम अलिक पृथक् र प्रविधिमैत्री छ, विद्यार्थी भर्ना भैसकेपछि सफ्टवेयरमा एकाउन्ट आइडी विश्वविद्यालयले नै खोलिदिन्छ अनि घरमै बसीबसी अनलाइन कक्षा लिन पाइन्छ, उनले भने, 'विगत ६ महिनाको अवधिमा मात्र हामीकहाँ विभिन्न संकायमा ६ सय ३६ विद्यार्थीले युजर आइडी बनाएर अनलाइन कक्षा लिइरहेका छन् ।' भर्ना भएका विद्यार्थीलाई सुरुमा तीन दिनको प्रत्यक्ष वर्कसपमार्फत कक्षा कसरी लिने, कसरी युजर आइडी प्रयोग गर्ने, भिडियो कन्फरेन्स कसरी गर्ने, पाठ्यसामग्री, शिक्षकको गाइडलाइन्स, एसिसमेन्ट आदि विषयमा जानकारी लिनेदेखि विद्यार्थी-शिक्षकबीच सञ्चारका बारेमा सिकाउने व्यवस्था विश्वविद्यालयले मिलाउने विज्ञ पन्तले बताए ।

### के-के विषय पढाइ हुन्छ ?

विश्वविद्यालय हालसालै मात्र सञ्चालनमा आएकाले यसका पाठ्यक्रमहरू पूर्ण रूपमा तयार भैसकेका छैनन् । बर्सेनि नयाँ-नयाँ विषय पाठ्यक्रममा समावेश गर्दै जाने योजना विश्वविद्यालयको छ । हाल विश्वविद्यालयमा स्नातक, स्नातकोत्तर तथा एमफिलका कार्यक्रमहरू सञ्चालित छन् । सामाजिक शास्त्र तथा शिक्षा संकाय अन्तर्गत एमफिल इन एजुकेशन, एमफिल इन सोसल साइन्स, पिजी डिप्लोमा इन डिस्टान्स एण्ड ई-लर्निङ, डिप्लोमा इन लाइब्रेरी एण्ड इन्फर्मेसन म्यानेजम्यान्टका कक्षाहरू सञ्चालन भैरहेका छन् ।

त्यस्तै विज्ञान, स्वास्थ्य तथा प्रविधि संकायमा एमफिल इन आइसिटी, मास्टर्स इन ई-गर्भनेन्सको अध्यापन भैरहेको छ भने व्यवस्थापन तथा कानुनतर्फ एमबीए, एमएसडिएमजी, बीबीएस, एलएलबीका कक्षाहरू सञ्चालित छन् । यी विषयका लागि विश्वविद्यालयका आफ्नै शिक्षक छैनन् तर दक्ष एवं सम्बन्धित विषयको काममा अनुभवी विज्ञहरूमार्फत अध्यापन गराइँदै आएको उपकुलपति डा. शर्मा बताउँछन् । समय सान्दर्भिक पाठ्यक्रमको तयारी तथा पिएचडी तहका विभिन्न शैक्षिक तथा पेशागत कार्यक्रमहरूको तयारी भैरहेको उनले बताए ।

### विद्यार्थीको मूल्यांकन एवं सिकाइ

अन्य विश्वविद्यालयभन्दा भिन्न प्रकारको खुला विश्वविद्यालयमा भर्नादेखि अध्ययन गर्ने समय तथा अध्ययन-अध्यापन गराउने तौरतरिका सबै फरक हुन्छ । विद्यार्थीहरूले निश्चित समयमा सरकारी विश्वविद्यालयमा लाग्ने खर्चभन्दा बढी शुल्क लाग्दैन भने छात्रवृत्तिको समेत व्यवस्था छ । यद्यपि, विश्वविद्यालयको न्यूनतम मापदण्डचाहिं पूरा गर्नुपर्छ । भर्नाका लागि अहिले कोटा सिस्टम निर्धारण गरिएको छ ।

खुला विश्वविद्यालयमा यतिबेला बेलुकी करिब चारघण्टा कक्षा सञ्चालन भैरहेको छ । प्रत्येक दिन फरक-फरक विषयको कक्षा सञ्चालन गरिन्छ । अनलाइन, भिडियो कन्फरेन्स आदिको माध्यमबाट शिक्षक-विद्यार्थीबीच सञ्चार गराइन्छ, यसलाई व्यक्तिगत अनलाइन सिकाइ पनि भनिएको छ । नजानेको वा नबुझेको

> कार्य व्यस्तताका कारण नियमित कलेज वा विश्वविद्यालयको कक्षामा सहभागी हुन नपाएका, ग्रामीण क्षेत्र वा विदेशमा बसोबास भएका, बीचमै पढाइ छुटेका, आफूमा प्रतिभा, क्षमता एवं अनुभव भएर पनि कलेजको शिक्षा लिन नसकेकाहरूका निम्ति खुला विश्वविद्यालय सजिलो माध्यम बन्न पुगेको छ ।

लागि आवश्यक परेको खण्डमा मात्र कलेज गए पुग्छ । अन्य विश्वविद्यालयमा विद्यार्थीहरू कलेज वा विश्वविद्यालय जान्छन् तर यसमा विद्यार्थी होइन, विश्वविद्यालय स्वयं विद्यार्थीकहाँ जान्छ । यहाँ प्लस टु उत्तीर्ण गरेपछि रुचि, लक्ष्य, उद्देश्य, कार्यदक्षता एवं अनुभवका आधारमा भर्ना हुन पाइन्छ । यो विश्वविद्यालयमा सेमेस्टर सिस्टममा पढाइ हुन्छ । एक सेमेस्टरमा तीन पटक तीन-तीन दिनको वर्कसपमा सामेल हुनुपर्छ । यो विश्वविद्यालयमा अन्य कुरा अनलाइनमै जिज्ञासा राख्न पाइन्छ । शिक्षक एवं विद्यार्थीको सम्पूर्ण तथ्यांक अनलाइनमै रहन्छ । पढाइ घरमै बसेर हुने भए पनि परीक्षा भने विश्वविद्यालयले तोकेको स्थानमै गएर दिनुपर्छ । परीक्षाअन्तर्गत ४० प्रतिशत आन्तरिक मूल्यांकनका आधारमा हुन्छ भने ६० प्रतिशत केन्द्रमै गएर परीक्षामा सामेल हुनुपर्छ । काठमाडौं, पोखरा, धनगढी, कोहलपुर, इटहरी आदि स्थानमा परीक्षा केन्द्र निर्धारण गरिन्छ । विश्वविद्यालयबाट उत्तीर्ण भएको प्रमाणपत्र लिएपछि अन्य सरकारी विश्वविद्यालयसरह सरकारी मान्यता प्राप्त हुन्छ ।

### विश्वभर छन् खुला विश्वविद्यालय

विश्वका करिब ६५ मुलुकमा स्थानीय सरकारले खुला विश्वविद्यालय सञ्चालन गरेको पाइन्छ । भारतमा ३४ वर्षअघि नै खुला विश्वविद्यालयको अवधारणा लागू भैसकेको छ । त्यहाँको अम्बेडकर तथा इन्दिरा गान्धी खुला विश्वविद्यालयमा हजारौं विद्यार्थी पढिरहेका छन् । सन् १९६० पछि बेलायतमा यसको अवधारणा विकास भै तत्कालीन प्रधानमन्त्री होराल्ड विल्सनको पहलमा सोही अवधारण अनुरूप सन् १९६९ मा खुला विश्वविद्यालय स्थापना भएको इतिहास छ । सन् १९७० मा क्यानाडामा तथा १९७० को दशकपछि माल्दिभ्स, बंगलादेश, श्रीलंका, पाकिस्तानमा खुला विश्वविद्यालय स्थापना भएका थिए ।

### एनआरएनएको जोडबल

नेपालमा खुला विश्वविद्यालय खोल्न नीतिगत पहल एवं ऐन निर्माणमा गैर आवसीय नेपाली संघ (एनआरएनए) ले अगुवाइ गरेको हो । विदेशमा आर्जित सीप एवं ज्ञानलाई नेपालमा हस्तान्तरण गर्न, मुलुकका शहरदेखि दुर्गमका प्रत्येक घर-घर तथा देश-विदेशमा रहेका नेपालीहरूको पहुँचसम्म उच्च स्तरको शिक्षाको अवसर पुऱ्याउन यस्तो पहल गरिएको एनआरएनए सचिवालयले उल्लेख गरेको छ । २०६५ सालमा संघले उठाएको आवाजलाई सरकारले पूरा गरिदिएपछि शिक्षाक्षेत्रमा नयाँ आयाम थपिएको एनआरएनएको खुला विश्वविद्यालय कार्यदलका अध्यक्ष डा. प्रमोद ढकाल बताउँछन् ।

## खुला विश्वविद्यालयले सबै नागरिकलाई शिक्षाको अवसर दिन्छ



डा. लेखनाथ शर्मा, उपकुलपति

**खुला विश्वविद्यालय र अन्य विश्वविद्यालयमा के भिन्नता छ ?**

सरकारले सबै नागरिकमा शिक्षाको पहुँच वृद्धि गराउन विभिन्न माध्यम अपनाइरहेको छ । त्यसमध्ये खुला विश्वविद्यालय एउटा सजिलो एवं प्रविधिमैत्री माध्यम हो । खुला एवम दूर शिक्षा सिकाइ विधिका माध्यमबाट सबै नागरिकलाई जीवनपर्यन्त शिक्षाको अवसर प्रदान गर्नु यो विश्वविद्यालयको उद्देश्य हो । अन्य विश्वविद्यालयको तुलनामा गुणस्तर र मान्यताका हिसाबले खुला विश्वविद्यालयप्रति शंका गर्नुपर्ने कुनै आधार छैन् ।

**विद्यार्थीको आकर्षण र प्रतिक्रिया कस्तो पाइरहनुभएको छ ?**

एकदमै राम्रो प्रतिक्रिया आइरहेको छ । पहिलो वर्ष नै ६ सय ३० जनाभन्दा बढी विद्यार्थी भर्ना भएका छन् । हामी अभ्यासकै चरणमा छौं, सिक्दै र सिकाउँदै अघि बढीरहेका छौं । आर्थिक एवं प्राविधिक समस्याहरू छन् तै पनि अघि बढिरहेका छौं ।

**विश्वविद्यालयले विदेश तथा ग्रामीण भेगमा रहेका नेपालीहरूसम्म पहुँच पुऱ्याउन सकेन भनिन्छ नि ?**

हामी प्रारम्भिक चरणमा छौं । प्रथम सेमेस्टरको पढाइ भर्खरै सकेका छौं । ऐनले विदेशमा पनि स्टडिज सेन्टर विस्तार गर्न पाउने अधिकार दिएको छ, तर अहिले तत्कालै त्यसो गर्न सकिने अवस्था छैन । भर्खर पाठ्यक्रम बनाउँदैछौं । सबै कुरा अध्ययन गरेर त्यसको पनि व्यवस्था गर्छौं । सरकारले जति चाँडो प्रविधिको विकास ग्रामीण भेगसम्म पुऱ्याउँछ हामी त्यति नै चाँडो दौडन्छौं ।

**आगामी योजनाहरू के-कस्ता छन् ?**

थुप्रै योजना बनिरहेका छन् । नयाँ-नयाँ विषयका गुणस्तरीय एवं अपग्रेडिड पाठ्यक्रमको तयारी गरिरहेका छौं । विषयगत स्रोत व्यक्तिको अभाव एवं विविध प्राविधिक समस्याहरूले काम गर्न केही असहज भैरहेको छ तर हामी गुणस्तरीय शिक्षाको पहुँच देश-विदेशसम्म विस्तार गर्न तत्पर छौं र त्यसमै दत्तचित्त छौं ।

# सर्पको मान्छेसँग कुनै...

पृष्ठ ५ बाट

**सर्प मानिसप्रति आक्रामक हुन्छ र ?**

सर्प मान्छेप्रति आक्रामक हुँदैन, प्रतिक्रिया जनाएको मात्र हो । यसलाई प्रमाणित गर्न धेरै कुरा हेर्न सकिन्छ । गोमन सर्प मानिसको ढाडबाट हिँडेको मैले देखेको छु । जबसम्म छुइँदैन, चलाइँदैन उसले केही गर्दैन । कतिपय सर्प राति सक्रिय हुन्छन् भने कतिपय दिउँसो सक्रिय हुन्छन् । सर्पले मानिसको पछाडि परेर आक्रमण गरेको इतिहास छैन ।

**मानिसको ओछ्यानसम्म पुगेर टोकेका घटना त छन् नि ?**

नेपालमा ६ किसिमको करेत पाइन्छ । त्यसमध्ये कमन करेत, ब्ल्याक करेतले राति ओछ्यानमा मानिसलाई टोकेको छ । ओछ्यानमा पुगेर मान्छे नचली बसेको छ भने उसले टोक्दैन, धक्का लागेपछि मात्र टोक्छ । यस्तो अवस्थामा उसलाई छुने, चलाउने, जिस्क्याउने आदि काम गर्नु हुँदैन । सतर्कता अपनाउनुपर्छ । जिस्क्यायो भने उसले प्रतिक्रिया जनाउँछ ।

**सर्प देखेर मानिसहरू डराउँछन् आत्तिन्छन्, के सबै सर्प विषालु हुन्छन् ?**

हो, सर्प देखेपछि डराउने, आत्तिने चलन छ । यो ज्ञानको अभाव हो । हेर्नु न हाम्रा पुर्खाले सर्पलाई नाग भनेर पुजा गर्ने चलन त चलाए, तर त्यो कुरालाई वैज्ञानिक रूपमा अघि बढाउन सकिएन । सर्प भन्नेबित्तिकै टोकिहाल्छ, मरिन्छ भन्ने धारणा मात्र रह्यो । सर्प विषालु छ कि विषविहीन छ भन्नेसम्म थाहा हुँदैन । मानिसलाई सबै सर्प विषालु हुन्छन् भन्ने लाग्छ, त्यही भएर मानिसहरू सर्प देख्नेबित्तिकै आत्तिन्छन्, तर सबै सर्प विषालु हुँदैनन् ।

**तपाईंहरू सर्प संरक्षणमा लाग्दा खतरा हुँदैन ? सम्झनुहोस् न, केही त्यस्ता घटना जसले तपाईंको ज्यान खतरामा परेको थियो ?**

सर्पको उद्दार गर्ने मात्र होइन, सर्पसँग गर्ने सबै काम, सधैं चुनौतीपूर्ण नै हुन्छ । सर्पसँग काम गर्नु जिन्दगीसँग खेल्नु हो । हुनत विषविहीनसँग काम गर्दा केही हुँदैन । विषालु सर्प चल्नु-समाउनु भनेको जिन्दगीसँग खेल्नु नै हो । चार वर्षअघि जिल्ला वन कार्यालय कास्कीको अनुरोधमा फिस्टेल लजमा देखिएको गोमनलाई उद्दार गर्ने कुरा आयो । हामी त्यहाँ गयौं, तर सर्प नदेखेर फर्कियौं । पछि फेरि सर्प आयो भन्ने खबर आयो । म एक जना साथी लिएर त्यहाँ पुगे । हाम्रो टिमका सबै साथी थिएनन् । सर्पलाई समाएर झोलामा राख्ने क्रममा एकतिरको दाँत हातमा गडिहाल्यो । उक्त सर्पको तस्बिर खिच्दा टाउकोको कल्ला हेर्दा राज गोमन सँग मिलेजस्तो लागेन तर त्यो गोमन भने थियो । त्यसपछि तुरुन्त मणिपाल अस्पतालको इमर्जेन्सीमा लगियो जहाँ डाक्टरले सोधे– कुन सर्पले टोकेको हो हामीले चिन्नुपर्छ अनि मैले भनें– सर्प त छ, झोलामा छ त्यो पनि जिउँदै । डाक्टरले त्यसलाई मारेर निकाल्न भने । मैले भनें– मैले सर्पलाई जोगाउन खोज्दा उसले मलाई टोकेको हो । त्यसलाई मार्नु हुँदैन । म सर्प मार्ने कुराको विरोधी हुँ- मैले भने तर टोक्ने गोमन हो । बल्ल डाक्टर सहमत भए अनि उनीहरूले सर्पका बारेमा हामीलाई पनि तालिम दिनुपर्‍यो भने । पछि म ठीक भए । मैले डाक्टरलाई पनि भनेको थिएँ, म मरें भने पनि त्यो सर्पलाई नमार्नु, जंगलमा लगेर छोडिदिनु । त्यसैले विश्वभरि नै सर्पसँग काम गर्ने सबैको जीवन जहिले पनि खतरामा हुन्छ । गएको वर्ष पनि सर्पसँग काम गर्ने तीनजना मानिस सर्पको टोकाइबाट मरे ।

**नेपालमा सर्प संरक्षणमा लाग्नेहरू कति होलान् ?**

यसको राम्रो तथ्याङ्क त छैन । झन्डै २५ जना जति छन् होला । १५ जना त हामी स्नेक कन्जरभेसन सोसाइटी नेपालमा सँगै छौं ।

**तपाईंहरू के काम गर्नु हुन्छ ?**

सामान्यतः घरभित्रको सर्प समाउने र जंगलमा लगेर छोडिदिने हो । सर्प संरक्षणका लागि जनचेतनाको कार्यक्रम चलाउँछौं । सर्पसँग सम्बन्धित अनुसन्धान गर्ने, अध्ययन गर्ने आदि काम पनि गर्ने गरेका छौं ।

**हालै म्याग्दीको घतानमा देखिएको काली नाग पहिलो पटक पहाडमा देखियो भनिन्छ नि ?**

म्याग्दीको घतानमा देखिएको सर्प कहिलेकाहीं देखिने सर्प हो । पहिलो पटक देखिएको भने होइन । त्यसलाई तिरिस भनिन्छ । यो पहाडमा हुने सर्प नै हो । उद्धारका लागि जाने क्रममा त्यहाँका केही मानिससँग भेट्दा पहिले पनि देखेको भनेका थिए । यसलाई काली नाग अथवा राज गोमन पनि भनिन्छ ।

**राज गोमन कस्तो खालको सर्प हो ? यो कत्तिको विषालु हुन्छ ?**

राज गोमन संसारको सबैभन्दा लामो विषालु सर्प हो । यसको विष चाहिँ अरू विषालु सर्पको विषको तुलनामा पातलो हुन्छ । करेत सर्पको ४ देखि ७ मिलिग्रामसम्म विषले मानिसको मृत्यु हुन्छ । राज गोमनको २० मिलिग्रामले बल्ल मान्छे मर्छ, तर



यसले एकपटकको डसाइमा ६ सय मिलिग्रामसम्म विष छोड्छ । ठूलो मात्रामा विष फाल्ने हुँदा यसले आक्रमण गरे पछि मानिस तुरुन्त मर्छ । नेपालमा १४ फिट सम्मको राज गोमन फेला परेको थियो । राज गोमन १९ फिटसम्म लामा हुन्छन् ।

**नेपालमा राज गोमनको आक्रमणमा मृत्यु भएका घटना छन् कि छैनन् ?**

नेपालको सन्दर्भमा अहिलेसम्म जंगलमा राज गोमनले मानिस टोकेको इतिहास छैन, तर सर्प अनुसन्धानकर्ताहरूले समातेर खेल्ने क्रममा टोक्दा तीन जनाको मृत्यु भएको छ । ती घटना भैरहवा, सर्लाही तथा झापामा भएका थिए । झापामा त रुखमा एउटा सर्प समात्दा त्यसमाथि रहेको अर्को सर्पले टोकेको थियो । धेरै वर्ष पहिले लमजुङ र कास्कीमा भैंसीलाई टोकेर भैंसी मरेको इतिहास चाहिँ छ । राज गोमनले आफ्नो गुँड बनाएर त्यसको रक्षा गरेर बस्छ । आफ्नो लम्बाइको एकतिहाइ माथी टाउको उठाएर दौडन सक्छ । यसको मुख्य आहारा सर्प नै हो । त्यसैले यसलाई ओफियो फागस हाना भनिन्छ ।

**अहिलेसम्म कतिवटा सर्प समाउनुभयो ?**

त्यसको तथ्याङ्क राखेको छैन । मैले हजारौं सर्पको उद्दार गरे । नेपालका झापा देखि वर्दिया कैलाली सम्मका ठाउँमा पुगेर उद्धार गरेको छु ।

**नेपालमा सर्पको संख्या कस्तो छ ?**

नेपालमा सर्पको संख्या घटेको छ । यहाँ सर्प देख्ने बित्तिकै मार्ने चलन छ । कुनै जनचेतना छैन । यसरी नै घट्दै गए केही पुस्तापछि सर्प भन्ने प्राणि थियो र भन्ने अवस्था सिर्जना हुनसक्छ ।

**सर्प लोप भए के होला ?**

लोप भयो भने पृथ्वीको जैविक पारिस्थिकी प्रणालीमा पार्ने प्रभाव एकदम भयानक र डरलाग्दो हुन सक्छ । सर्प हाम्रो जैविक पारिस्थिकी प्रणालीको एउटा अभिन्न अंग हो । साइकलबाट एउटा पाङ्ग्रा झिकिदियो भने साइकलमा जे असर पर्छ, त्यस्तै असर सर्पको अभावमा जैविक पारिस्थिकी प्रणालीमा पर्छ ।

**यसको संरक्षणमा राज्यको ध्यान पुगेको छ त ?**

राज्यको ध्यान यसको संरक्षणमा हुनुपर्ने हो, तर भएको छैन । जैविक पारिस्थिकी प्रणालीको अभिन्न अंगका रूपमा मात्र होइन । सर्पबाट मानिसले लिन सक्ने फाइदा धेरै छन् । हाम्रो धर्म-संस्कृतिमा सर्पलाई नाग देवताको दर्जा दिइएको छ । नागको पूजा वर्षमा एकदिन गर्ने अनि वर्षभरी सर्प मार्ने काम भने गलत हो । सर्पको विषबाट सर्पलेनै टोकेको औषधी बन्छ, क्यान्सर, मुटु, रगत, नसा सम्बन्धी रोगहरूमा समेत सर्पको विष प्रयोग भैरहेको छ ।

**नेपालमा यस विषयमा रिसर्च भएको छ त ?**

नेपालमा अनुसन्धान कसले गर्ने ? भएको छैन । राज्यले कुरा गर्छ तर भेट्ने चासो दिँदैन, २०७३ सालको नयाँवर्षको कार्यक्रममा वर्तमान प्रधानमन्त्री केपी ओलीसँग मेरो भेट भएको थियो । उहाँ आफैंले भन्नुभयो, कतिलाजी तपाईंले सर्पमा अध्ययन गरिरनुभा'छ, म अपडेट छु, काठमाडौंमा बसेर कुरा गरौंला, तर त्यसपछि हामीबीच कुनै भेट हुन सकेन ।

**तपाईंहरूको कुनै योजना छैनन् ?**

राज्यको ध्यान नजादासम्म हाम्रो योजनाको खासै अर्थ रहँदैन । हामीले त चाहिन्छ भन्ने मात्र हो । हिजो मात्र एक जना साथीले विदेशबाट नेपालमा सर्पको कतिवटा उद्यान छन् भनेर सोध्यो । मलाई राज्यले केही गरेको छैन भन्न लाज लाग्यो अनि हामी प्रक्रियामा छौं भनेर टारे ।

**नेपालमा सर्प उद्यान सम्भव छ ?**

छ, किन नहुने ? हामीसँग सर्प उद्यान भए यहाँ घुम्न आउनेहरूको संख्या बढ्छ, आम्दानी हुन्छ । अहिले त दक्षिण अफ्रिका, केन्या आदि देशमा सर्प पर्यटनको अवधारणामा काम भैरहेको छ, भारतमा समेत त्यस्तो काम सुरु भएको छ, भारतमा राज गोमन हेर्न पैसा तिरेर जंगलमा जान्छन् । त्यतिमात्र होइन विष उत्पादन गरेर ल्याबहरूलाई बेच्न सक्छौं, त्यसबाट प्रतिविष बनाउन सकिन्छ । खोइ यसमा राज्यको ध्यान गएको ? नेपालमा वार्षिक १ हजारजति मानिसको मृत्यु सर्पदंशका कारणले हुन्छ । सार्वजनिक स्वास्थमा राज्यले ध्यान दिनुपर्ने हो तर भएका अस्पतालमा सर्पदंशको गतिलो उपचार छैन । अस्पताल पुऱ्याउँदा समेत उपचारको अभावमा मृत्यु भैरहेको छ ।

**सर्प संरक्षणको कुरामा सबैले समर्थन गरेका छन् त ?**

कति ठाउँमा मुड्की उठाएका छन्, तर कतिपयले कुरा बुझेका पनि छन् ।

**फेला परेका सर्पलाई के गर्नुहुन्छ ?**

मरेकालाई ल्याबमा राख्ने तथा जिउँदो सर्पलाई जंगलमा छाड्ने काम गर्छौं । सर्प मारेर गाडेको थाहा पाए पनि निकालेर ल्याबमा दिने गरेका छौं ।

**अब राज्यले के गर्नुपर्ला ?**

सर्प संरक्षणमा राज्यको ध्यानाकर्षण होस् । उद्दार केन्द्रहरू खोलिऊन् । संरक्षणमा उद्धारमा खटिनेहरूको बीमा होस् । यी कुरामा राज्यले सोच्नुपर्छ । अहिले हामीले सबै काम आफ्नै खर्चबाट गरेका छौं । बिस्तारै राज्यको ध्यानाकर्षण होला भन्ने आशा छ । पोखरा आसपासकै कुरा गर्दा पनि यहाँ सबै प्रकारका विषालु सर्प पाइन्छन् । यहाँ दुई प्रजातिको गोमन पाइन्छ । यहाँ ठूलो कालो करेत समेत पाइन्छ । लमजुङ, कास्की तनहुँ, बाग्लुङ आदिमा सर्पदंशबाट मानिसहरू मरेका छन् । यहाँ मुन्ना सर्प, हरियो सर्प पनि पाइन्छ तर अस्पतालमा सर्पदंशलाई लक्षित मात्र गरेर उपचार हुँदैन । सर्पले टोकेको उपचारका लागि प्रतिविष सँगै भेन्टिलेटर चाहिन्छ तर छैन । भेन्टिलेटर नभए श्वास बन्द भएर मानिस तुरुन्त मर्छ । पूर्वाधार नहुने र डाक्टरहरू प्रशिक्षित नहुँदा समस्या छ । यहाँ मात्र होइन, नेपालका अन्य ठाउँमा समेत यस्तै समस्या छ । यसतर्फ राज्यको ध्यान जानुपर्छ ।

# अब नेपालको आफ्नै भू-उपग्रह




नेपालले आफ्नो पहिलो भू-उपग्रह वैशाख ४ गते अन्तरिक्षमा प्रक्षेपण गर्ने भएको छ । स्याट-१ नाम दिइएको भू-उपग्रह नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले जापानको क्युटेक विश्वविद्यालयसँग सहकार्य गरी निर्माण गरेको हो । उपग्रह निर्माणका लागि नेपालका तर्फबाट इलेक्ट्रिकल र कम्युनिकेसन इन्जिनियरिङमा स्नातकोत्तर गरिरहेका नास्टका प्राविधिक अधिकृत हरिराम श्रेष्ठ र स्पेस टेक्नोलोजी इन्जियिरिङमा विद्यावारिधि गरिरहेका नेपाली वैज्ञानिक आभाष मास्के खटिएका थिए ।

प्रक्षेपणको जिम्मेवारी अमेरिकी स्पेस कम्पनी अर्बिटल ए टीकेले लिएको छ । कम्पनीको सिग्नस रकेटले स्याटेलाइट उडाउनेछ । उपग्रह अन्तरिक्षमा पुगेपछि एक महिनासम्म इन्टरनेसनल स्पेस स्टेसन (आईएसएस) मा रहनेछ । स्पेस स्टेसनमा रहेका अन्तरिक्षयात्रीहरूले पुन: स्याटेलाइटको परीक्षण गर्नेछन् । मेको तेस्रो सातामा स्पेस स्टेसनबाट भू-उपग्रहलाई पृथ्वीको कक्षमा छाडिनेछ । त्यसको तीन दिनपछि देखि उक्त भू-उपग्रहले तथ्यांकहरू दिन थाल्ने नास्टले जनाएको छ । पृथ्वीको भूमध्यरेखाबाट ९० डिग्रीको कोण भएर करिब ४ सय किलोमिटर माथि रहने यो उपग्रह नेपालको आकाशमा दैनिक ५/१० मिनेटसम्म रहनेछ । स्याटेलाइटमा ४३७ मेगाहर्जको यूएचएफ ब्यान्ड प्रयोग गरिएको छ । 'ग्राउन्ड स्टेसन'मा भू-उपग्रहले पठाएको तथ्यांकहरूको विश्लेषण एवं संकलन गरिनेछ । ग्राउन्ड स्टेसन निर्माण दुई महिनाभित्र सम्पन्न गर्ने नास्टले जनाएको छ ।


# भोलि भविष्य स्टिम च्यालेन्ज



विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी बिज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित क्षेत्रमा सामूहिक सिकाइको प्रवर्द्धन गर्न 'भविष्य स्टिम च्यालेन्ज' प्रतियोगिता हुने भएको छ । उक्त प्रतियोगितामा देशका सातै प्रदेशबाट एउटा टिममा ३ जना विद्यार्थी सम्मिलित सहभागीहरूले भाग लिनेछन् । स्टिम अर्थात साइन्स, टेक्नोलोजी, इन्जिनियरिङ, आर्ट र म्याथमेटिक्सको संयुक्त रुपलाई मिलाएर विद्यार्थीहरूले आफ्नो प्रतिभा प्रस्तुत गर्नेछन् । शिक्षा र विज्ञान तथा प्रविधि मन्त्रालय तथा कारखाना नामक संस्थाको आयोजनामा हुन गैरहेको उक्त प्रतियोगितामा विद्यार्थीहरूले भविष्य सल्भ, भविष्य एक्सपेरिमेन्ट र भविष्य रोबोटिक्सको विषयमा आफ्नो कार्य प्रस्तुत गर्नेछन् । ललितपुरको लगनखेलस्थित सैनिक तालिम केन्द्रमा आयोजना हुने उक्त प्रतियोगितामा ८ देखि १५ वर्ष सम्मका विद्यार्थीहरूको सहभागिता रहनेछ । संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यमा आधारित विभिन्न समस्याहरू समाधान गर्ने उद्देश्यका साथ समस्या प्रस्तुत गरिनेछ र विद्यार्थीहरूले प्रोजेक्टमा आधारित रही ती समस्याको समाधान गर्नेछन् । उनीहरूले वास्तविक जीवनमा अनुभूति हुने खालका समस्याहरूलाई समाधान गर्नेछन् ।

# हुन्डाई स्यान्ट्रो र निसान किक्स नेपालमा




हुन्डाईको अल न्यु स्यान्ट्रो नेपाली बजारमा औपचारिक रूपमा भित्रिएको छ । विभिन्न ६ कलरमा उपलब्ध हुन्डाईको नयाँ स्यान्ट्रोको मूल्य २४ लाख ९६ हजार देखि २९ लाख ९६ हजार रुपैयाँसम्म छ । मोडर्न तथा स्टाइलिस डिजाइन, आरामदायक एवं प्रिमियम क्याबिन, नयाँ युगको टेक्नोलोजी, ग्राहक केन्द्रित सुरक्षा र उत्कृष्ट परफर्मेन्सका साथ नयाँ स्यान्ट्रो गाडी पुन: नेपाली बजारमा भित्रिएको हो । नयाँ स्यान्ट्रोमा १०८६ सीसी, ४ सिलिन्डर पेट्रोल इन्जिन छ, जसले ६९ पीएस पावर र ९९ एनएमको टर्क प्रदान गर्नेछ । सन् १९९८ मा पहिलो पटक बजारमा उपलब्ध यो कारले भारतीय बजारमा निकै नै सफलता पाएको थियो, तर यो कारको निर्माण सन् २०१४ मा बन्द गरिएको थियो । हाल फेरि नयाँ रूपमा यो कार आएको हो ।

त्यसैगरी निसानको किक्स एसयूभी भित्रिएको छ । ५ विभिन्न भेरिएन्टमा उपलब्ध निसान किक्सको मूल्य ४७ लाख ९९ हजार देखि ५९ लाख ९९ हजार रुपैयाँसम्म छ । यसका अन्य कतिपय विशेषता छन्, जसमा ८ इन्चको टचस्क्रिन जसलाई एन्ड्रोइड तथा एप्पल प्रणालीद्वारा सञ्चालन गर्न सकिन्छ साथै एलईडी प्रोजेक्टरको हेड ल्याम्प, अटोमेटिक क्लाइमेट कन्ट्रोल, कुल र इलुमिनेटेड ग्लोभ बक्स, क्रुज कन्ट्रोल, भ्वाइस रिकग्निसन, गाडी स्टार्टका लागि साँचो नचाहिने स्मार्ट कार्ड, चालकको लागि हाइट मिलाउन मिल्ने सिट, दुईवटा एयरब्याग र ईबीडी र बीएसहितको एबीएस समावेश गरिएकोछ ।

## सेल इको म्याराथनका लागि बनाए यस्तो गाडी



काठमाडौं युनिभर्सिटीको टिम जुनकिरीले आगामी अप्रिलमा मलेसियामा आयोजना हुने 'सेल इको म्याराथन एसिया २०१९' मा भाग लिने भएको छ । कम्पनीको 'मेक द फ्युचर' अभियान अन्तर्गत विभिन्न देशका विद्यार्थीहरूले अल्ट्रा इनर्जी एफिसिएन्ट भेइकलको डिजाइन गर्नुका साथै त्यसको परीक्षणसमेत गर्नेछन् । यसका लागि काठमाडौं युनिभर्सिटीका विद्यार्थीहरूले केयू १.० नामक प्रोटोटाइप भेइकल डिजाइन गरेका छन् । केयू १.० मा ५० सीसी फोर स्ट्रोक ग्यासोलिन इन्जिन छ । यसले १५० किलोमिटर माइलेज दिने बताइएको छ । उनीहरूको टिमले एरोडाइनामिक डिजाइनका साथै च्यासिसका लागि हलुका मेटरियलको प्रयोगमा जोड दिएका छन् । त्यसैगरी उच्च माइलेजका लागि आधुनिक इलेक्ट्रोनिक फ्युल इन्जेक्सन (ईएफआई) तथा थोरै सीसी प्रयोग गरिएको बताइएको छ ।

नेपालबाट पहिलो पटक र पहिलो टिमका रुपमा केयूको टिम जुनकिरी सहभागी हुने भएको हो । यसका लागि डिपार्टमेन्ट अफ मेकानिकल इन्जिनियरिङका विद्यार्थीहरूले वर्ष दिन भन्दा बढी समय लगाएर प्रोटोटाइप भेइकल तयार पारेका हुन् । टिम जुनकिरी पहिलो पटक सहभागी हुने भएकाले प्रोटोटाइप र ग्यासोलिन इन्जिन विधामा प्रतिस्पर्धा गर्न लागेको छ । टिम जुनकिरीमा डिपार्टमेन्टका एसोसिएट प्रोफेसर डा. डेनियल तुलाधर एवं टिम म्यानेजर सागर थापासहित स्मृति धमला, विश्वास न्यौपाने, इशान ताम्राकार, मदन क्षेत्री, मिलन पाठक, निशान सापकोटा, नितेशकुमार यादव एवं तिलकराज पन्त छन् ।

## पिनहोल डिस्प्ले भएको विश्वकै पहिलो स्मार्टफोन

हुवावेले नोभा सिरिजअन्तर्गतको नोभा फोर स्मार्टफोन नेपाली बजारमा उपलब्ध गराएको छ । यो पिनहोल डिस्प्ले भएको विश्वकै पहिलो स्मार्टफोन हो ।

नयाँ पिनहोल डिस्प्लेले मोबाइल फोन डिस्प्लेलाई नै नयाँ रूपमा परिभाषित गरेको छ । यो स्क्रिनमा होल भएको डिस्प्ले हो । यसको डायमिटर ४ दशमलव ५ एमएम छ । हुवावे नोभा फोरमा फ्रन्ट फेसिङ क्यामेरा फोनको बाँयापट्टिको माथिल्लो भागमा छ । क्यामेरालाई बाँयापट्टिको माथिल्लो भागमा राखिएको छ । हुवावेले यसमा फुल भ्यू डिस्प्लेको सबै रणनीति नै परिवर्तन गरेको छ । यसबाट हुवावेले पपअप र स्लाइडिङ डिजाइनको समस्या समाधान गरेको छ ।



केवल एक प्रश्न

# सामाजिक सञ्जालसम्बन्धी सरकारको प्रस्तावित कानुन कस्तो लाग्यो ?

सरकारले थालेको धेरै काम सफल भएको छैन । अर्को कुरा, नेपालमा सामाजिक सञ्जालको व्यापक दुरुपयोग भएको छ । त्यसैले यसलाई सुरक्षित बनाउने पक्षमा लाग्नु राम्रो हो ।

**अर्जुन तिवारी, छायाँकार**

सामाजिक सञ्जालको प्रयोग बढ्दो छ । सामाजिक सञ्जालको दुरुपयोगले ज्यानसम्म लिएको समाचार सुन्न पाइन्छ । त्यसैले सरकारले ल्याउन लागेको सामाजिक सञ्जालसम्बन्धी कानुन एकदम ठीक छ ।

**सुशीला गौतम, गायिका**

प्रस्ताव गरिएको कानुनमा सामाजिक सञ्जालमा जथाभावी लेख्नेलाई १५ लाख रुपैयाँ जरिवाना तथा ५ वर्ष कैद सजाय हुने प्रावधान राखिएको रहेछ । अब जथाभावीभित्र के पर्छ, त्यो बुझ्न पो गाह्रो पर्ने भयो ।

**अशिम शाह, निर्देशक**

झिना-मसिना कुरामै के-के गरें भन्ने केटाकेटीपन भयो कि जस्तो लाग्यो ।

**राजाराम गौतम, रंगकर्मी**

सभ्य प्रतिक्रिया दिनेलाई रोक्नु हुँदैन । असभ्य गालीगलौज रोक्न साइबर क्राइम छँदैछ । बरु दिनमा दुई घण्टाभन्दा बढी सामाजिक सञ्जाल चलाउन नपाउने नियम ल्याउन पाए मानिसहरू उत्पादनशील क्षेत्रमा लाग्थे कि ?

**केदार घिमिरे, अभिनेता**

सरकारले ल्याउन लागेको त्यो कानुनले अपराध नियन्त्रण हुन्छ भने त निकै राम्रो हो ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

कतिपयमा यो कानुनलाई गलत ढंगले बुझेको र सामाजिक सञ्जालको प्रयोगमै सरकारले बन्देज लगाउन खोजेको हो भन्ने बुझाइ रहेको पाइएको छ, तर सरकारले सम्बन्धित सामाजिक सञ्जालको आधिकारिक कार्यालय नेपालमा खोल्नुपर्ने र एउटा प्रक्रियामा आउनुपर्ने कानुन प्रस्ताव गरेको मेरो बुझाइ छ, जसले गर्दा सामाजिक सञ्जालबाट आउने समस्यालाई हामी आधिकारिक रूपले समाधान गर्न सक्छौं र नेपाली प्रयोगकर्ताहरूले सुरक्षित रूपले यसको प्रयोग गर्न सक्छन् । यसले कर प्रणाली लागू गर्न समेत भूमिका खेल्न सक्छ । त्यसैले सरकारले व्यवहारिक ढंगबाट नियमन र अनुगमन गर्न खोजेको हो भने यो सकारात्मक कुरा हो ।

**महेश काफ्ले, गायक**

अति उत्तम लाग्यो ।

**तेजस रेग्मी, गायक**

बन्द गर्नु हुँदैन, नियन्त्रण गर्नुपर्छ । नक्कली आइडीहरूलाई कारबाही गर्नुपर्छ । एक व्यक्ति एक फेसबुक हुनुपर्छ ।

**जितु नेपाल, अभिनेता**

नेपालमा सामाजिक सञ्जालमा दिन-प्रतिदिन फैलिरहेको विकृतिलाई नियन्त्रण गर्न सरकारको यो कदम स्वागतयोग्य छ, तर यो घोषणामा मात्र सीमित हुनु भएन । नागरिकले पनि कस्ता कुरा सामाजिक सञ्जालमा पोस्ट गर्ने भन्ने कुरा बुझ्नु आवश्यक छ ।

**श्रीदेव भट्टराई, अभिनेता**

अहिले सामाजिक सञ्जालमा धेरै विकृति आएको छ । विशेष गरी अरूको फेक आइडी बनाएर जथाभावी पोस्ट गरिदिने, सामाजिक सञ्जालमार्फत विभिन्न खाले अतिरञ्जित म्यासेज पठाउने जस्ता क्रियाकलापहरू भैरहेका छन् । त्यसैले यस्ता खाले विकृतिलाई रोक्नका लागि सरकारले कानुन ल्याउन लागेको हो भने धेरै राम्रो हो ।

**दुर्गेश थापा, मोडल**

सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी यो नियम गलत छ, किनभने मोफसलका मुद्दाहरू स्वीकार गरेर जानुको विकल्प छैन ।

**वसन्त थापा, गायक तथा संगीतकार**

देशमा सुशासन कायम गर्न जनतालाई सास्ती नहुने र जनताका हितका लागि बनाइने कुनै पनि कानुनमा मेरो समर्थन रहनेछ ।

**पुष्प खड्का, अभिनेता**

सामाजिक सञ्जालसम्बन्धी ऐन बनाए भैहाल्यो नि । सामाजिक सञ्जाल नै प्रतिपक्ष जस्तो लाग्न थालेछ ओली सरकारलाई । जनताको चाहना अपेक्षा एकातिर छ, सरकार भने केही काम नपाएर फेसबुक, ट्विटर बन्द गर्नेतिर लागिरा'छ । दुईतिहाइको सरकार भएपछि सामाजिक सञ्जाल अनि पशुपति शर्माको गीतबाट किन डराउनुपऱ्यो । त्यसैले मलाई सरकारले ल्याउन लागेको कानुनमा गुदी छ जस्तो लाग्दैन ।

**घनश्याम गौतम, अभिनेता**

जो-कसैले पनि स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ । उसले आफूलाई चित्त नबुझेका कुरा सरल भाषामा व्यक्त गर्न पाउनुपर्छ, तर आफूलाई चित्त बुझेन भनेर सामाजिक सञ्जालमा जथाभावी कुरा लेखेर पोष्ट गर्ने वेथिति बढिरहेका बेला सरकारले यस्तो खालको कानुन ल्याउनु राम्रो हो ।

**मालिभका सुब्बा, पूर्व मिस नेपाल**

यो सबैमा लागू हुने, कसैको सामाजिक अनि व्यक्तिगत जीवनमा असर नपर्ने गरी ल्याउन लागिएको हो भने राम्रो हो, तर निहित स्वार्थका लागि यो कानुन ल्याउन लागिएको हो भने बिल्कुलै नराम्रो हो ।

**बुद्धि तामाङ, अभिनेता**

मलाई सरकारको यो काम खासै ठीक लागेन । सामाजिक सञ्जालमा सरकारका काम र नीति-नियमको व्यापक विरोध हुन थालेपछि यस्तो कानुन ल्याउन लागे जस्तो लाग्यो, तर सामाजिक सञ्जालमा जथाभावी लेख्ने, अरूको जिन्दगीमाथि खेलबाड गर्न खोज्नेहरूका लागि कानुन ल्याउन लागिएको हो भने ठीकै हो ।

**विपिन कार्की, अभिनेता**

एक हिसाबले राम्रो हो । अहिले सामाजिक सञ्जालको व्यापक दुरुपयोग भैरहेको छ । यसरी दुरुपयोग गरी गैरकानुनी काम गर्नेलाई सरकारले कानुन ल्याएर दण्डित गर्नु राम्रो हो, तर हामीकहाँ कानुन बन्छ तर कानुनको कार्यान्वयन हुँदैन ।

**जेविका कार्की,**



संगीत



## बाबुको टिकुली

कहिले चलचित्रमा अभिनय गरेर त कहिले कन्सर्टमा प्रस्तुति दिएर चर्चामा आउने गायक हुन्- बाबु बोगटी । चलचित्रको अभिनयमा सक्रिय भएपछि श्रोताहरूले उनका नयाँ गीत त्यति सुन्न पाइरहेका छैनन् । यद्यपि, अहिले आएर उनले दर्शक तथा स्रोताको लागि बिल्कुलै नयाँ गीत तयार पारेका छन्-टिकुली । सान्नानी, जमुना, तुलसी, कान्छी मोरी, साली, गोरी जस्ता लोकप्रिय गीत गाइसकेका गायक बोगटीले केही वर्षको अन्तरालमा सार्वजनिक गर्न लागेको टिकुलीमा उनकै संगीत तथा स्वर सुन्न सकिनेछ । बोगटीको उक्त गीतको भिडियोलाई गम्भिर विष्टले निर्देशन गरेका छन्, जसमा बाबु स्वयं मोडलका रूपमा देखिएका छन् भने उनले त्यसमा अभिनेत्री स्वस्तिमा खड्कासँग अनस्क्रिन रोमान्स गरेका छन् ।





## सागरको घर

नेपाल आइडलको पहिलो सिजनको उत्कृष्ट चारमा रहन सफल गायक हुन्- सागर आले । प्रतियोगितामा उपाधि जित्न नसके पनि दर्शक तथा स्रोताको मन जित्न सफल यी गायक अहिले सांगीतिक कार्यक्रमहरूमा व्यस्त छन् । पछिल्लो एक वर्षमा झन्डै १५ वटा देशको सांगीतिक भ्रमण गरेका आले अहिले विदेशमा राम्रो पारिश्रमिक लिएर कन्सर्ट दिने गायकको सूचीमा पर्छन् । कन्सर्टमा व्यस्त भएपछि सागरको आर्थिक अवस्थामा समेत ठूलो परिवर्तन आएको छ । गीत गाएरै राम्रो आम्दानी भएपछि सागरले हालै मात्र चितवनमा नयाँ घर बनाएका छन् भने काठमाडौंको ठमेलमा रेस्टुराँसमेत सञ्चालन गरिरहेका छन् । नयाँ घरमा सरे लगत्तै सागरका बुवा-आमाले उनको विवाह गरिदिने इच्छा व्यक्त गरेको बताइन्छ । सागर भने केही वर्षपछि मात्र विवाह गर्ने योजनामा छन् ।



## रोमान्टिक जोडी

गायक आर्जन पाण्डे रोमान्टिक स्वभावका छन् । गीत पनि रोमान्टिक नै गाउन रुचाउँछन् । अघिल्लो वर्ष इन्दिरा जोशीसँग उनले गाएको गीत रेलिमाइ...लोकप्रिय भएको थियो । उक्त गीतको भिडियो सार्वजनिक भए लगत्तै गायक पाण्डेको नाम अभिनेत्री केकी अधिकारीसँग जोडिएको थियो । केकी उक्त भिडियोको प्रचारमा खुलेर लागेपछि केही सञ्चारमाध्यममा उनीहरूको अफेयरका गसिपसमेत आए । प्रेम सम्बन्धमा रहेको चर्चा चलिरहेकै बेला आर्जनले आफ्नो नयाँ गीत (रेलिमाइको सिक्वेल) झिमिक्क परेलीमा केकीसँगै अनस्क्रिन रोमान्स गरेका छन् । भिडियो सार्वजनिक भए लगत्तै पुनः उनीहरूको अफेयरका बारेमा चर्चा प्रारम्भ भएको छ ।

टर्निङ प्वाइन्ट



## उदितनारायणबाट पाएको प्रशंसा

डेढ दशकदेखि सांगीतिक क्षेत्रमा सक्रिय गायिका मल्लिका कार्कीले यो अवधिमा सयौं गीत गाइसकेकी छिन् । सुगम संगीतमा आधारित आधुनिक शैलीका गीत गाउँदै सांगीतिक यात्रा प्रारम्भ गरेकी मल्लिकाले यो अवधिमा दर्जनौं चलचित्रका लागि पार्श्व गायन समेत गरेकी छिन् । हाले दोस्रो एकल एल्बम मौसम सार्वजनिक गरेकी मल्लिका आफ्नो सांगीतिक करियरको टर्निङ प्वाइन्टका बारेमा :

**उदितनारायणसँग युगल गायन**

करिब १२ वर्षअघि मैले गायक उदितनारायण झासँग गाएको युगल गीत 'लाजको लाली...' नै मेरो सांगीतिक करियरको पहिलो टर्निङ प्वाइन्ट बन्यो । २०६३ सालमा रेकर्ड भएको आलोकश्रीको संगीत तथा एसपी कोइरालाको शब्दको उक्त गीत लोकप्रिय भएपछि मैले पछाडि फर्किएर हेर्नु परेन । गुञ्जन स्टुडियोमा मैले उक्त गीत भारतीय गायिका साधना सरगमका लागि डमिका रूपमा गाएकी थिएँ । मैले गाएको डमी गीतलाई उदितनारायण झाले समेत राम्रो भनेपछि मेरो सांगीतिक यात्राले लय समातेको हो । उक्त गीतले मलाई दर्शक तथा स्रोतामाझ परिचत मात्र गराएन, सांगीतिक कार्यक्रमका क्रममा स्वदेश तथा विदेशको यात्रा समेत गरायो ।

**पहिलो एल्बम मल्लिका**

मेरो पहिलो एकल एल्बमले पनि मेरो करियरमा टर्निङ प्वाइन्टको काम गरेको अनुभव गरेकी छु । दश वर्षअघि सार्वजनिक भएको उक्त एल्बमका प्रायः सबै गीत लोकप्रिय भए । आलोकश्रीको एकल संगीत निर्देशनको उक्त एल्बम सार्वजनिक भएपछि मेरो सांगीतिक व्यस्तता समेत बढ्यो । उक्त एल्बमका पाँचवटा गीतमध्ये लाखौं छन् मेरा लागि मर्नेहरू सर्वाधिक लोकप्रिय भएका थियो ।

**यति धेरै मान्छेहरूको भीडमा**

मलाई गायिका मल्लिका कार्की भनेर चिनाउने गीत हो- यति धेरै मान्छेहरूको भीडमा । डान्सिङ प्याटर्नको उक्त गीतले मलाई मेला-महोत्सवदेखि कन्सर्टसम्म पुऱ्याउने काम गऱ्यो । यही गीतबाट मैले विदेशका झन्डै ३० वटा देशमा प्रस्तुति दिने मौका पाएँ । यो गीतले मलाई विभिन्न एवार्ड समेत दिलायो ।

● मल्लिका कार्की, गायिका

# सिर्जनामाथि वक्रदृष्टि



फागुन २ गते लोकगायक पशुपति शर्माले आफ्नो व्यंग्यात्मक गीत 'लुट्न सके लुट कान्छा अरू देशमा पाइँदैन् नेपालमै हो छुट' युट्युबमार्फत सार्वजनिक गरे। भ्रष्टाचारमाथि व्यंग्य कसिएको उक्त गीत सार्वजनिक भएसँगै सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले गीतमार्फत राष्ट्रपति, सरकार तथा पार्टीका कार्यकर्तामाथि नियोजित रूपमा प्रहार गरिएको भन्दै सामाजिक सञ्जालमा तीव्र आक्रोश व्यक्त गरे। युवा संघ नेपालका केही कार्यकर्ताले गायक शर्मालाई फोन गर्दै गीत सच्याउनका लागि दबाबसमेत दिए।

सत्तारुढ दलका कार्यकर्ताहरूबाट विरोधको स्वर सुनिन थालेपछि गायक तथा रचनाकार शर्माले शनिबार एउटा स्टाटस लेख्दै उक्त गीत युट्युबबाट हटाएको घोषणा गरे। युट्युबबाट गीत हटाएसँगै शर्माको 'गीतमाथि प्रतिबन्ध लगाएको' र 'गीत हटाउन दबाब दिइएको' भन्दै नेपाल कम्युनिष्ट पार्टी र सरकारविरुद्ध सामाजिक सञ्जालमा बहस मात्र छेडिएन्, कतिपयले त गायक शर्माको समर्थनमा ऐक्यबद्धता जनाउन भन्दै आइतबार माइतीघर मण्डलामा जम्मा भएर त्यही गीतमा नाचगान समेत गरे। कतिपयले यसलाई कम्युनिष्ट सरकारको वाक तथा अभिव्यक्ति स्वतन्त्रता विरुद्धको कदमसमेत बताए भने सरकारका प्रवक्ता सूचना तथा सञ्चारमन्त्री गोकुल बाँस्कोटाले भने सरकारलाई यस विषयमा कुनै जानकारी नभएको तथा उक्त गीतविरुद्ध सरकारले कुनै प्रतिबन्ध नलगाएको बताए।

भ्रष्टाचारविरुद्ध कटु व्यंग्य गरिएको उक्त गीत गायक शर्मा आफैंले आफ्नै युट्युब च्यानलमार्फत सार्वजनिक गरेका थिए। मुलुकमा विद्यमान चरम भ्रष्टाचार र समस्यामाथि निर्मम व्यंग्य गरिएकैले हुनुपर्छ युट्युबमा सार्वजनिक भएको केही समयमै उक्त गीत ट्रेन्डिङमा परेको थियो जसलाई युवा संघका नेता रमेश पौडेललगायत नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले तीव्र विरोध गरेपछि हटाइएको थियो।

उक्त गीत युट्युबबाट हटाइएपछि शनिबार तथा आइतबार सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमा हजारौंले उक्त गीत सेयर गरेर विरोध जनाए भने दर्जनौं युट्युब च्यानलले पनि उक्त गीतमा अपलोड गरे। यसले गायक शर्माको गीत सामाजिक सञ्जाल र इन्टरनेटमा भाइरल भयो। अहिले पनि सामाजिक सञ्जालमा यो गीत फैलने क्रम जारी छ।

सरकारले आफूहरूले प्रतिबन्ध नलगाएको प्रस्टीकरण दिए पनि गीत हटाउने कदममाथिको बहस शिथिल भएको छैन। यता, लोक तथा दोहोरी कलाकारहरूको संगठन राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, नेपालको आइतबार बसेको बैठकले पनि गायक शर्मालाई उक्त गीत जस्ताको तस्तै युट्युबमा अपलोड गर्न आग्रह गरेको छ। रचनाकार तथा गायक पशुपति स्वंय उपाध्यक्ष रहेको प्रतिष्ठानको उक्त बैठकमा उनले गीत हटाउनुको कारण पनि स्पष्ट पारेका थिए। 'गीत हटाउनका लागि एक दुईवटा फोन आए, मलाई पनि केही शब्द परिवर्तन गरौंजस्तो लागेर हटाएको हुँ,' शर्माले बैठकमा भनेको कुरा उद्दृत गर्दै प्रतिष्ठानका अध्यक्ष बद्री पंगेनीले साप्ताहिकसँग भने, 'आधिकारिक रूपमा कसैले हटाउन दबाब दिएको छैन।' प्रतिष्ठानले कतैबाट दबाब नआएको सन्दर्भमा गीत पुनः अपलोड गर्न शर्मालाई आग्रह गरिएको आधिकारिक धारणा पनि विज्ञप्तिमार्फत सार्वजनिक गरिसकेको छ।

उता गायक शर्माले भने आफूले सुनाउन चाहेका व्यक्तिहरूले उक्त गीत सुनिसकेकाले यस विषयमा सोचेर मात्र निर्णय लिने बताएका छन्। उनले लुट्न सके लुट कान्छा गीतमार्फत व्यक्तिको भन्दा पनि गलत प्रवृत्तिको विरोध गरेको दाबी गरेका छन्।

सामाजिक सञ्जाल तथा इन्टरनेटमा तुफानी बहसमा परेको यो गीत प्रकरणलाई कसरी हेर्न सकिन्छ त? कला विश्लेषक प्रकाश सायमी सिर्जनामा राजनैतिक हस्तक्षेप हुन नहुने बताउँछन्। 'पहिलो कुरा त गीतमा आएका कुरालाई कुनै राजनैतिक पार्टीले न्याय दिने होइन्, सर्जकले उनीहरूले भनेको कुरा लेखिदिने पनि होइन,' सायमी भन्छन्, 'सिर्जनामा राजनैतिक हस्तक्षेप हुनुहुँदैन।' त्यसो भए यो गीत प्रकरणले के सन्देश दियो त? 'रमाइलो लाग्यो, राजनैतिक चेतना भएका युवाहरूले गीत सुन्दा रहेछन्,' उनी भन्छन्। सायमीको बुझाइमा यो प्रकरणले गीत सर्जकहरूलाई समेत सचेत बनाएको छ तर, यसको अर्को पाटो के पनि छ भने यसलाई नेताहरूले पनि आफूअनुकूल बनाउन खोजिरहेका छन्। सोमबार संसदमा नेपाली कांग्रेसका सांसद अमरेशकुमार सिंहले गायक शर्मालाई २५ हजार रुपैयाँको पुरस्कारको घोषणा गरे भने सत्तापक्षीय सांसद झपट रावलले अमरेशलाई आफैं गीत गाउन चुनौती दिंदै एक महिनाको तलब दिने बताए। यो विभाजन समाजका अन्य क्षेत्रमा पनि देखा पर्न थालेको छ। विवेकशील साझा तथा विवेकशील दलहरूले पनि गायक शर्माको समर्थनमा वक्तव्य जारी गरेका छन्।

### के थियो गीतमा ?

करिब ४ वर्षअघि लोकगायक शर्माले 'मलाई अमेरिका यही, मलाई जापान पनि यही....' जस्तो आशावादी गीत ल्याएर चर्चा कमाएका थिए। यसपटक ठीक उल्टो उनले मुलुकमा विद्यमान तीव्र भ्रष्टाचारलाई केन्द्रमा राखेर 'लुट्न सके लुट कान्छा...' भन्ने निराशायुक्त व्यंग्यात्मक गीत ल्याए।

उक्त गीतले नेपालमा लुट्नेहरू मात्र रहेको भन्दै सकेसम्म लुट्न आह्वान गर्दै व्यंग्य कसिएको छ। सत्तारुढ दलका कार्यकर्ताहरूले यो गीतले निराशा फैलाउन खोजेको भन्दै विरोध जनाएका छन्। यसबाहेक नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरूले राष्ट्रपति डेढ अर्बको हेलिकप्टर चढ्ने कुरा गीतमै भनेर सम्मानित संस्थालाई हिलो छ्यापेको, कम्युनिष्ट सरकारलाई यमराजको शासन भनेको र पार्टीका कार्यकर्ताहरूलाई कुकुरसँग तुलना गरिएको भन्दै विरोध जनाएका छन्। उनीहरूले उक्त गीतको भिडियोमा कम्युनिष्टको झन्डा प्रयोग गरिएका कारण गीतले कम्युनिस्टमाथि समेत प्रहार गरेको रूपमा अर्थ्याएका छन्। लोकगायक शर्माले भने उक्त आरोप अस्वीकार गरेका छन्।

गीतमा ३३ किलो सुनकाण्ड, वाइडबडी भ्रष्टाचार प्रकरणजस्ता विषय पनि समेटिएको छ। त्यसबाहेक गायक शर्माले भ्रष्टाचारमाथि व्यंग्य कस्ने क्रममा सरकारी डाक्टरले बिरामीलाई निजी क्लिनिकमा पठाएको, सुब्बाले दुई वर्षमा पक्की घर खडा गरेको, सरकारी शिक्षकले निजी विद्यालयमा छोराछोरी पढाएको र ट्राफिक अव्यवस्थादेखि ठेकेदारको अनियमिततासम्मलाई उल्लेख गरेका छन्।

## फिडब्याक@सोसल मिडिया

पशुपति भाइले के त्यस्तो शब्द प्रयोग गरे अनि त्यसलाई सच्याउनुपर्ने। हामी लोकतन्त्रभन्दा माथि गणतन्त्रमा छौं। यदि समाजमा भएका कमी-कमजोरीलाई औंल्याउँदा गल्ती हुन्छ भने म पनि पशुपति भाइसँगै सजायको भागिदार हुन तयार छु अनि चाहिएन यस्तो लोकतन्त्र र गणतन्त्र।

**कल्याण घिमिरे**

'पोइल जान पाम'ले नैतिक शिक्षा दिएबापत राष्ट्रियसभामा बढुवा। दिगम्बर झाले देशलाई सुशासन दिएबापत पूर्वपदमा पुनर्बहाली। पोर्न युट्युब च्यानल चलाउनेहरूको पेशागत स्वतन्त्रताको सुरक्षा। धुले चप्पल पड्काउँदै अरबका महल जोड्नेहरू नायकमा सम्मानित। ३३ किलो सुन निल्ने योग्यता हुनेलाई उच्च सम्मान। डेढ अर्बको हेलिकोप्टरमा बसेर आकाशबाटै कोदो निरीक्षण गर्ने र वाइडबडी निल्ने परम सम्मानितहरूलाई नोट गर्ने पशुपति चाहिं छाडा।

**भरत दाहाल**

सरकार भनेको जनताको आस, विश्वास कि त्रास ? लौन कोही छ यसो बुझाउनलाई ? बुझ्नै गाह्रो भयो हामी जस्ता सामान्य जनतालाई। अब त गुन्डा, दादासँग मात्र डराउने समय त सकिएछ। अझ त्यसमाथि सरकार र सरकारी निकायसँग जोडिएकाहरूसँग डराएर बस्ने समय पो आयो त ? प्रजातन्त्र, गणतन्त्र भनेको यस्तो पो हुँदो रहेछ ? हरेक कुरामा बन्देज ? बल्ल सिक्न थालिदै छ....। पहिलेको समय पनि यस्तै थियो र ? कि कसो हो ?

**विजय लामा**

पशुपति शर्माले भनेको भन्दा बढी बेथिति छ देशमा, अनि गीत चैं रामराज्यको गाउनुपर्ने ? सिर्जनात्मक अभिमत राख्न पाउने कि नपाउने ?

**राजन राई**

वर्तमानको वास्तविकता गीतमार्फत सार्वजनिक गर्न समेत नपाउने। सरकार अधिनायकवादी बाटोमा। नागरिक अधिकारका लागि फेरि जुट्नुपर्ने दिन आयो।

**प्रकाशशरण महत**

गीत-संगीतलाई गीत-संगीतकै रूपमा पो हेरिनुपर्छ, यति धेरै इगो राम्रो भएन।

**हेमन्त शर्मा**

लुट्न सके लुट् कान्छा लुट्न सके लुट्।  
लुट्या कुरा थाहा पाउनेलाई भेट्नासाथ कुट्॥  
कलियुग लागेपछि उल्टो बग्छ खोलो।  
पशुपतिमाथि ओइरिएछ अरिङ्गालको गोलो॥

**केदार घिमिरे**

पशुपति शर्मा आफैंले यो विवादित गीत युटुबबाट हटाएछन्। उनको गीतले देशमा विद्यमान विकृति र लुटतन्त्रलाई व्यंग्य गर्न खोजे पनि कतिपय शब्द निकै आपत्तिजनक थिए। कुनै पनि सर्जकले आफ्नो सिर्जना हिट हुन्छ भन्दैमा कोही कसैको गालीबेइज्जती हुने शब्द प्रयोग गर्न सुहाउँदैन। सिर्जना त कालजयी पो हुनुपर्छ।

**सरोज ढुंगाना**

बलिउड



# सोफीको अन्दाज

सोफी चौधरी लामो समयदेखि बलिउडमा छिन् । यद्यपि उनले त्यहाँ आफ्ना लागि कुनै महत्वपूर्ण स्थान बनाउन सकेकी छैनन् । यसका बावजुद उनी फिल्मी पार्टीहरूमा प्रायः सहभागी भैरहन्छिन् भने सामाजिक सञ्जालमा पनि उत्तिकै सक्रिय रहन्छिन् । हालै मात्र सोफीले मञ्ज मुसिकसँग एउटा गीत गाएकी छिन्, जसका कारण उनी चर्चामा छिन् । सोफी बेला-बेलामा आफ्ना हट तस्बिरका कारण पनि चर्चामा आउँछिन् । उनलाई इन्स्टाग्राममा झन्डै १५ लाखले पछ्याएका छन् । सोफीले शादी नम्बर वान, स्पीड, आ देखे जरा, अलीबाग तथा वान्स अपन अ टाइम इन मुम्बई दुबाराजस्ता चलचित्रमा अभिनय गरेकी छिन् ।



# सिद्धूलाई छुट्टी

पूर्व क्रिकेटर नवजोत सिंह सिद्धूले द कपिल शर्मा शोबाट छुट्टी पाएका छन् । अघिल्लो बिहीबार भारतको जम्मू-कस्मिरको पुलवामामा भएको आत्मघाती हमलाप्रति प्रतिक्रिया दिँदै सिद्धूले पाकिस्तानको पक्षमा बोलेका थिए । त्यसक्रममा सिद्धूले आतंकको कुनै धर्म नहुने, कुनै देश नहुने तथा कुनै जात नहुने बताएका थिए । 'त्यसैले केही व्यक्तिका लागि पूरै देश (पाकिस्तान) लाई दोषी मान्नु हुँदैन, सिद्धूको भनाइ थियो । स्मरणरहोस्, पुलवामामा भएको आत्मघाती आक्रमणमा भारतीय सेनाका ४० जवान मारिएका थिए । त्यसको जिम्मेवारी पाकिस्तानमा सक्रिय आतंकी संगठन जैश-ए-मोहम्मदले लिएको छ ।



# नाम नै परिवर्तन

अभिनेत्री सोनम कपुरले नौ महिनाअघि आनन्द आहुजासँग विवाह गरेपछि सामाजिक सञ्जालमा आफ्नो नाममा श्रीमान्को नाम पनि जोडी थिइन् । त्यतिबेला उनले आफ्नो नाम सोनम कपुर आहुजा राखेकी थिइन् । अहिले आएर उनले पुनः आफ्नो नाम परिवर्तन गरेकी छिन् । अहिले सोनमले आफ्ना श्रीमान्को थर मात्र हटाएकी छैनन्, आफ्नो नाम नै परिवर्तन गरेकी छिन् । सोनम कपुरले इन्स्टाग्राम तथा ट्विटर एकाउन्टमा आफ्नो नाम सोनम कपुर आहुजाबाट परिवर्तन गरेर जोया सिंह सोलंकी राखेकी छिन् । उनले चलचित्रका लागि नाम परिवर्तन गरेको बताइन्छ । सोनम यतिबेला 'द जोया फ्याक्टर' चलचित्रमा काम गरिरहेकी छिन् । उक्त चलचित्रको प्रचार-प्रसारका लागि सोनमले सोसल साइटमा आफ्नो नाम नै परिवर्तन गरेकी हुन् । चलचित्रमा उनको चरित्रको नाम नै जोया सिंह सोलंकी राखिएको छ ।

# कंगना-सवानाबीच वाकयुद्ध

अघिल्लो बिहीबार जम्मु-कस्मिरको पुलवामामा भएको आतंकी घटनापछि भारतमा एक प्रकारको शोकको वातावरण छ । उक्त आक्रमणमा सेनाका जवानहरू मारिएपछि भ्यालेन्टाइन्स डेको दिन प्रदर्शन भएको हिन्दी चलचित्र 'गल्ली ब्वाइ' को व्यवसायमा समेत प्रत्यक्ष प्रभाव परिरहेको छ । सम्पूर्ण भारतीयसँगै बलिउड चलचित्र उद्योग पनि यतिबेला शोकमा छ । क्रिकेट खेलाडी, चलचित्र तथा टेलिभिजन कलाकारसहित अधिकांश व्यक्तिले उक्त आक्रमणको निन्दा गरेका छन् । यसबीच, बलिउडकर्मी जावेद अख्तर तथा शबाना आजमी पाकिस्तानी सहर कराँची जाने तरखर गर्दै थिए । उक्त घटनापछि उनीहरूले कराँचीको आफ्नो यात्रा रद्द गरे । कराँची कला परिषद्द्वारा शबानाका बुवा स्व. कैफी आजमीको लेखनको सम्मानमा आयोजना गर्ने दुई दिवसीय साहित्य सम्मेलनका लागि शबाना र जावेदलाई निमन्त्रणा गरिएको थियो ।

हिन्दी चलचित्रमा केही वर्ष अघिसम्म पाकिस्तानी कलाकारहरू अभिनय तथा संगीतको क्षेत्रमा सक्रिय थिए, यद्यपि कतिपयले उनीहरूको विरोध गर्थे । उडीमा भएको हमलापछि पाकिस्तानी कलाकारहरूप्रति एक प्रकारले प्रतिबन्ध नै लाग्यो । शबानालाई भने उक्त प्रतिबन्ध कहिल्यै चित्त बुझेको थिएन । यद्यपि, पुलवामामा भएको घटनापछि उनको विचारमा पनि परिवर्तन आयो र उनलाई पनि अहिले आएर कलाकारको आदान-प्रदान बन्द हुनुपर्छ भन्ने लागेको छ । शबाना कराँची न जानु तथा उनको विचारमा आएको परिवर्तनबाट अभिनेत्री कंगना रणावत भने खासै प्रभावित भइनन् । त्यसै पनि उनी ठाडो कुरा गर्न रुचाउँछिन् । एउटा वेबसाइटसँग कुराकानी गर्दै कंगनाले भनेकी छिन्-'शबाना आजमीजस्ता व्यक्ति सांस्कृतिक आदान-प्रदानमा अब रोक लाग्नुपर्छ भन्दैछन् । यी त्यस्ता व्यक्ति हुन् जो भारत टुक्रिनुपर्छ भन्ने गिरोहलाई प्रश्रय दिइरहन्छन् ।' कंगनाले प्रश्न उठाउँदै भनेकी छिन्- शबाना तथा जावेदले कराँचीमा उक्त कार्यक्रम आयोजना गर्ने कारण के हो, जब कि पाकिस्तानी कलाकारहरूलाई उडी आक्रमणपछि प्रतिबन्धित गरिएको छ ? के अब उनीहरू आफ्नो अनुहार बचाउने प्रयास गरिरहेका छन् ?' कंगनाले शबाना आजमीलाई राष्ट्रविरोधीसमेत भनेकी छिन् । कंगनाका अनुसार भारतीय चलचित्र उद्योग त्यस्ता राष्ट्रविरोधीहरूहरूले भरिएको छ, जो दुस्मनको मनोबललाई धेरै तरिकाले बढाउँछन्, यद्यपि अब निर्णायक काममा ध्यान दिने समय आएको छ । पाकिस्तानमाथि प्रतिबन्ध लगाउनुको साटो तहसनहस पार्नेतर्फ केन्द्रित हुनुपर्छ ।





कंगनाको उक्त टिप्पणीप्रति शबानाले पनि प्रतिक्रिया जनाएकी छिन् । शबानाको भनाइ छ- 'देशमा दुःख र विपत्ति आएको बेला मप्रति व्यक्तिगत हमला गरिनु पर्छ जस्तो तपाईंलाई लाग्छ ? भगवानले उनको भलो गरुन् ।' आशा गरौं, शबानाले कुनै दिन कंगनाको वाक हमलाको चित्तबुझ्दो जवाफ दिने छिन् ।



तस्बिर : प्रशान्त ढकाल

मेरो रोजाइ

# रमेश बुढाथोकीको नजरमा पाँच अभिनेता

अभिनय क्षेत्रमा रमेश बुढाथोकी अनुभवी नाम हो । उनी कुशल अभिनेताका साथै राम्रा चलचित्र निर्देशकसमेत हुन् । अघिल्लो वर्ष प्रदर्शन भएको चलचित्र 'भुइँमान्छे' मा प्रभावकारी अभिनय गरेर थुप्रै पुरस्कार जित्न सफल यी अभिनेता पछिल्लो समय निर्देशनको तुलनामा अभिनयमै व्यस्त छन् । हालसालै चलचित्र लभ स्टेसनको छायांकन सम्पन्न गरेका बुढाथोकीले अभिनय गरेको नयाँ चलचित्र फिंगर प्रिन्ट प्रदर्शनको तयारीमा छ । अर्को वर्ष फ्लोरमा जाने एउटा नयाँ चलचित्रको स्क्रिप्टको अध्ययनमा व्यस्त अभिनेता तथा निर्देशक बुढाथोकीले आफ्नो रोजाइमा परेका नेपाली चलचित्र क्षेत्रका पछिल्ला पाँच अभिनेताका बारेमा यस्तो टिप्पणी गरेका छन् ।

### प्रदीप खड्का

युवा पुस्ताका प्रभावशाली अभिनेता हुन्– प्रदीप खड्का । उनी मलाई धेरै अर्थमा राम्रा लागे । प्रदीपसंग मैले भरखरै चलचित्र लभ स्टेसनमा सँगै काम गरेको छु । उक्त चलचित्र छायांकनमा जानुअघि उनले स्क्रिप्टमा देखाएको चासो, निर्देशकसँग गरेको छलफल, आफ्नो चरित्रमा देखाएको एकाग्रताले म उनीबाट प्रभावित भएँ । चरित्रमा भिजेर अभिनय गर्ने कलाकार कमै हुन्छन्, त्यसको ठीक विपरीत प्रदीपमा चिन्तन गरेर चरित्रमा भिज्न सक्ने क्षमता पाएँ । उनले अभिनय गरेको चलचित्र 'प्रेम गीत' हेरेको थिएँ । त्यसले पनि मलाई राम्रो प्रभाव परेको थियो । त्यो चलचित्रमा उनले गरेको काम राम्रो लागेको थियो । उनलाई मैले प्रतिभाशाली कलाकारका रूपमा हेरेको छु ।

### अनमोल केसी

अनमोल केसी अहिलेका स्टार हुन् । उनको फ्यान फलोइङ लोभलाग्दो छ । युवापुस्ताले उनलाई अत्यन्त रुचाएको छ । उनको काम पनि राम्रो छ । अभिनयको मूल्यांकन गर्नु पर्दा मैले उनको जम्मा एउटा मात्र चलचित्र हेरेको छु- ड्रिम्स । त्यो चलचित्रमा उनले राम्रै काम गरेका छन् । उक्त चलचित्रमार्फत उनले आफूमा प्रचुर सम्भावना देखाएका छन् । त्यसपछि उनले अभिनय गरेका चलचित्रका ट्रेलरहरू मात्र हेरेको छु, जसमा उनले अभिनयलाई त सुधारेका छन् नै, व्यक्तित्वलाई समेत उत्तिकै आकर्षक बनाउन सफल भएका छन् । अनमोलले आफ्नो क्रेजसँगसँगै आफूलाई एक्टरका रूपमा ढाल्न सके भने उनलाई धेरै माथि पुग्नबाट कसैले रोक्न सक्दैन । एक्टरले गर्ने भनेको अभिनय हो, उनले त्यसमा अझ बढी ध्यान दिन सके सुनमा सुगन्ध थपिन्छ ।

### पुष्प खड्का

यी अभिनेतामा पनि प्रशस्त सम्भावना देखेको छु । उनले अभिनय गरेको चलचित्र मंगलमबाट म उनको प्रशंसक भएको हुँ । पुष्पमा सजिलो मात्र होइन, अप्ठ्यारो चरित्रलाई समेत सहजताका साथ निर्वाह गर्न सक्ने क्षमता पाएको छु । म्युजिक भिडियोको पृष्ठभूमिबाट उठेर चलचित्रसम्म आइपुगेका पुष्प हरेक दृष्टिकोणले फिट लाग्छन् ।

### प्रमोद अग्रहरी

यी अभिनेता पनि निकै प्रभावकारी लाग्छन् । उनीसंग मैले संरक्षण तथा कथा काठमाडौंमा काम गरेको छु । चलचित्र संरक्षणमा हामीले स्क्रिन सेयर गरे पनि कथा काठमाडौंमा भने त्यो मौका मिलेन । सिंहदरबार शीर्षकको टेलिश्रृंखलामा पनि हामीले सँगै काम गरेका थियौं । म उनको काम गर्ने शैलीबाट प्रभावित छु । यथार्थपरक अभिनय गर्ने उनको शैली मलाई अत्यन्त मन पर्छ । प्रतिभावान यी अभिनेता सकारात्मक तथा नकारात्मक दुवै भूमिकामा उत्तिकै फिट लाग्छन् ।

### सहिन प्रजापति

सहिन थिएटरबाट आएका हुन् । यी अभिनेतासँग मैले चलचित्र भुइँमान्छेमा सँगै अभिनय गर्ने मौका पाएको थिएँ । यी अभिनेतामा अभिनयको राम्रो सेन्स छ । उनी थिएटरमा पनि सक्रिय छन्, नृत्य पनि राम्रो गर्छन् । पछिल्लो समय एउटा टेलिश्रृंखला निर्देशन गरिरहेका छन् । थिएटरबाट आएकाले होला, उनी आफूलाई दिइएको भूमिकासँग न्याय गर्न सिपालु छन् । त्यसको उदाहरण चलचित्र भुइँमान्छेलाई नै लिन सकिन्छ ।

प्रस्तुति : कृष्ण भट्टराई

चटपटे प्रश्न

# झर्किएर बोलिदिन्छु, आफैं फोन काटिन्छ



करिश्मा ढकाल, मोडल

**चौबीसै घण्टा घाम लाग्यो भने के गर्नुहुन्थ्यो ?**
विदेशमा हुने दाजुभाइहरूले काम गरिरहनुपर्थ्यो अनि म पनि नाचिरहन्थें होला ।

**पाँच दिनसम्म खानेकुरा खान प्रतिबन्ध लगाइयो भने ?**
झुन्डिएर मर्थें होला ।

**तपाईंको तौल बढेर ८५ किलो भयो भने ?**
म सम्झना बुढाथोकी हुन्थें, यो क्षेत्रको काम छाड्थें ।

**बिहान उठ्दा केटा हुनुभयो भने ?**
दुःखी हुन्थें । हाम्रो घरमा छोरीको अभाव हुन्थ्यो, किनभने मेरा दुई जना दाजु हुनुहुन्छ ।

**प्रदीप खड्काले आई लभ यू भने के गर्नुहुन्छ ?**
धेरै खुसी हुन्थें ।

**गायिका बन्ने प्रस्ताव आयो भने ?**
गाइदिन्छु, के थाहा चलिहाल्छु कि !

**अर्को नाम राख्नुपर्‍यो भने कुन नाम राख्नुहुन्छ ?**
यो कुरा त सोचेकै छैन ।

**सार्वजनिक ठाउँमा आएर कसैले गालामा म्वाइँ खाइदियो भने ?**
लाजले भुतुक्कै हुन्थें ।

**स्टेजमा नाच्दा–नाच्दै बेहोस हुनुभयो भने ?**
त्यो बेहोसीलाई एउटा स्टेप बनाएर दर्शकलाई चकित पार्थें ।

**तपाईंसँग कसैले पनि विवाह गर्न मानेन भने के गर्नुहुन्छ ?**
त्यसपछि कुमारी बस्नुको विकल्प नै हुँदैनथ्यो ।

**जीवन कसैसँग साट्न पाए कोसँग साट्नुहुन्छ ?**
म बलिउड अभिनेत्री ऐश्वर्य रायसँग साट्थें ।

**तपाईं बसेको कुर्सी भाँचियो भने ?**
हाँस्थैं होला ।

**तपाईंलाई भोक नै नलाग्ने भयो भने ?**
भोक जगाउने औषधी खान्थें ।

**भीडभाडमा कुनै एउटा केटोले तिमी त कस्ती सेक्सी देखिएकी भन्यो भने ?**
भित्र-भित्र खुसी हुन्थें, तर बाहिरचाहिँ रिसाउँथें ।

**मंगल ग्रहमा लान पाए कसलाई लानुहुन्थ्यो ?**
बुबा-आमालाई लैजान्थें ।

**चिनीको स्वाद तीतो पाउनुभयो भने ?**
चिया खानै छाडिदिन्थें ।

**मोबाइलमा कसैले फोन गरेर यो कहाँ पर्‍यो भनेर सोध्दा तपाईंको जवाफ के हुन्छ ?**
मलाई एकदमै रिस उठ्छ । त्यसपछि झर्किएर बोल्छु र आफैं फोन काटिन्छ ।

प्रस्तुति : महेश तिमल्सिना

विकेन्ड टक

# अन्तर्राष्ट्रिय कलाकार ल्याउँदैछौं

ठमेल, नरसिंहचोकमा १४ महिनाअघि खुलेको टर्टल लाउन्ज एन्ड क्लबले आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । टर्टलले विश्वका विभिन्न देशका सेलिब्रिटी डिजे, कलाकारहरूलाई निम्त्याएर विशेष कार्यक्रमहरु आयोजित गर्दै आएको छ । ५३ जनालाई रोजगारी दिएको टर्टलका सञ्चालक प्रवीण गुरुङसँगको छोटो कुराकानी :



**टर्टलमा थुप्रै अन्तर्राष्ट्रिय कलाकारहरूलाई ल्याइरहनुभएको छ । अन्तर्राष्ट्रिय कलाकार ल्याउन कत्तिको गाऱ्हो हुन्छ ?**

धेरै गाऱ्हो छ । सुरुमा हामी इमेल गर्छौं । कतिले जवाफ दिन्छन्, कतिले दिँदैनन् । आवश्यक पर्दा फोन पनि गर्छौं । हामीले राम्रो स्पोन्सर पायौं भने अन्तर्राष्ट्रिय कलाकार ल्याउन सजिलो हुन्छ । किनभने उनीहरूले भनेको पैसा दिन सकिन्छ । स्पोन्सर भएनन् भने गाऱ्हो हुन्छ ।

**काठमाडौंमा धेरै क्लबहरू खुलिरहेका छन् । के-कस्ता चुनौती छन् ?**

चुनौतीहरू त थपिएका छन् । प्रतिस्पर्धा बढेको छ । सबै क्लब आ-आफ्ना हिसाबले चलिरहेका छन्, तर हामीलाई त्यसको खासै असर परेको छैन । हामीले ग्राहकहरूलाई उत्कृष्ट सेवा र सन्तुष्टि दिएका छौं । हाम्रो क्लब राम्रैसँग चलिरहेको छ ।

**क्लब खोलेको एक वर्ष नाघ्यो । यो समयमा के-कस्ता अनुभव बटुल्नुभयो ?**

हामीले राम्रो प्रतिक्रिया पायौं । यही अनुभव र आँटले गर्दा पोखरामा अर्को क्लब खोल्ने तयारी भैरहेको छ ।

**टर्टलमा अब के-कस्ता अन्तर्राष्ट्रिय कलाकारलाई ल्याउने तयारीमा हुनुहुन्छ ?**

भारतीय डिजे NYK, त्यस्तै अप्रिलमा अस्ट्रेलियालगायत अन्य मुलुकका डिजेहरूलाई ल्याउने प्रयासमा छौं ।

**युवा पुस्तालाई आकर्षित गर्न थप केही नयाँ कार्यक्रम ल्याउँदै हुनुहुन्छ कि ?**

टर्टलमा विभिन्न म्युजिक ब्यान्डले प्रस्तुति दिइरहेका छन् । नयाँ-नयाँ कलाकारले ग्राहकहरूलाई मनोरञ्जन प्रदान गरिरहेका छन् । हामीकहाँ राति १२ बजेसम्म विभिन्न परिकार खाँदै लाइभ म्युजिक सुन्न सकिन्छ । त्यसपछि चर्चित डिजेहरूका साथमा रात्रिकालीन सेसनमा रमाउन

विकेन्ड राइड



## टेस्ट राइड एन्ड एक्सचेन्ज

बिएमडब्लू मोटरऱ्याड नेपालले भोलि शनिबार बिएमडब्लू मोटरऱ्याड टेस्ट राइड तथा एक्सेन्ज कार्यक्रम राखेको छ । मोटरसाइकल राइडमा रुचि राख्नुहुन्छ भने यो कार्यक्रममा भाग लिन सक्नुहुन्छ ।

**स्थान :** जेनेसिस क्याफे, पानीपोखरी

**समय :** १० बजे

विकेन्ड थिएटर

## तिनीहरू कहाँ गए होलान् ?




नाटकमा रुचि राख्नुहुन्छ ? त्यसो हो भने यही आइतबारदेखि तीन दिनसम्म थापागाउँ, सिडियोटोलस्थित कुञ्ज नाटक घरमा प्रदर्शन हुने नाटक तिनीहरू कहाँ गए होलान् हेर्न सक्नुहुन्छ । शुभकामना एकेडेमीको प्रस्तुति, विजयराज आचार्यको कथा तथा पुष्पराज अवस्थीको निर्देशनको यो नाटक दिउँसो ११ तथा १ बजे मञ्चन हुनेछ ।

विकेन्ड म्युजिक

## म्युजिकल नाइट-२०१९

भोलि शनिबार गायक एड्रियन प्रधान दरबारमार्गस्थित किड्स लाउन्जमा प्रस्तुत हुँदैछन् । साँझ ७ बजे प्रारम्भ हुने यो कार्यक्रममा गायक प्रधानले आफ्ना सुमधुर गीत सुनाएर दर्शकहरूलाई झुमाउनेछन् ।



विकेन्ड डान्स

## साल्सा नाइट



तपाईं साल्सा नृत्यको पारखी हुनुहुन्छ ? यदि साल्सा नाच्न वा हेर्न रुचाउनुहुन्छ भने भोलि शनिबार हुन लागेको साल्सा नाइटमा भाग लिन सक्नुहुन्छ । कालिकास्थानस्थित द एड्रेस लाउन्जमा साँझ ६ बजे साल्सा नाइट सुरु हुनेछ । यो इभेन्ट द एड्रेस लाउन्ज तथा साल्सा डान्स एकेडिमीले संयुक्त रूपमा आयोजना गर्न लागेका हुन् । साल्सा नाइट राति १२ बजेसम्मसञ्चालन हुने बताइएको छ ।

विकेन्ड नाइट

## इटालीकी डिजे



आज शुक्रवार इटालीकी डिजे मिर्का सेकेट काठमाडौंमा प्रस्तुत हुँदैछिन् । डिजे मिर्का पहिलो पटक नेपाल आउन लागेकी हुन् । उनले ठमेलस्थित टर्टल लाउन्जमा आज र भोलि प्रस्तुति दिनेछिन् । उनले त्यहाँ आफ्ना उत्कृष्ट हिपहप इडिएम म्युजिक प्रस्तुत गर्ने बताइएको छ ।

विकेन्ड स्वाद

## सेकुवाका पारखीहरुका लागि

काठमाडौंको हात्तीगौंडा, टोखा रोडमा अत्याधुनिक प्रविधि तथा गुणस्तरीय सेवा सुविधाले सम्पन्न ग्रिल हाउस एन्ड सेकुवा घर रेस्टुराँ एन्ड बार स्वदेशी तथा विदेशी परिकारका पारखीहरूलाई ध्यानमा राखेर पूर्ण पारिवारिक वातावरणमा रेस्टुराँ सञ्चालनमा आएको छ ।दुई दशकभन्दा लामो अन्तर्राष्ट्रिय स्तरको लक्जरी चेन होटल रेस्टुराँमा सेफको काम गरेको अनुभव प्रयोग गर्दै खोलिएको ग्रिल हाउस एन्ड सेकुवा घरमा सेकुवा तथा ग्रिल परिकारहरू फरक खालको ओभनबाट हाईजेनिक तवरले तयार पारिन्छ । शुक्रबार र शनिबार कन्टिनेन्टल टेस्टमा चिकेन होल बारबिक्युसमेत उपलब्ध हुने ग्रिल हाउसमा हरेक दिन फरक-फरक स्वाद लिन सकिनेछ ।


ग्रिल हाउस एन्ड सेकुवा घरका सञ्चालकमध्येका एक शंकर जिरेल दुई दशकदेखि फाइभ स्टार होटलमा सेफका रूपमा कार्यरत थिए । राजधानीको सुन्दर क्षेत्र हात्तीगौंडामा सुरक्षित पारिवारीक वातावरणमा फरक ढंगले रेस्टुरेन्ट एन्ड बार सञ्चालनमा ल्याइएको ग्रिल हाउस एन्ड सेकुवा घरका अर्का सञ्चालक रेशम गुरुङ बताउँछन् । 'अहिले सञ्चालनमा रहेका अन्य रेस्टुराँभन्दा केही फरक शैलीको अनुभव सेवाग्राहीले बटुल्न सकून् भन्ने उद्देश्यले यो रेस्टुराँ स्थापना गरेको गुरुङले बताए ।

संयोजक : नरेन्द्र रौले

चलचित्र

# बुलबुलमाथि समीक्षक टिप्पणी

गत शुक्रबार प्रदर्शनमा आएको चलचित्र बुलबुल हेरेका अधिकांश दर्शक तथा समिक्षकले यसको विषयवस्तु, प्रस्तुति तथा कलाकारहरूको अभिनयको प्रशंसा गरेका छन् । काठमाडौंका मल्टिप्लेक्सहरूमा बुधवारसम्म चलचित्रले राम्रै शो पनि पाएको छ । यद्यपि चलचित्र जति नै स्तरिय भए पनि सिनेमा हलका सिटहरु खाली-खाली भए भने त्यसले खासै अर्थ राख्दैन । समीक्षकले अति नै प्रशंसा गरे पनि उक्त चलचित्र हेर्ने दर्शकहरु सिनेमा हल पुगेनन् भने निर्माताहरु डुब्छन् । यतिबेला चलचित्र बुलबुलको अवस्था पनि त्यस्तै छ । चलचित्र प्रदर्शन त भैरहेको छ, तर विभिन्न कारणले सिनेमा हलमा दर्शकको संख्या न्यून छ अर्थात् विगत केही सातादेखि देखिएको दर्शकको खरेडी यो चलचित्रले समेत बेहोरेको छ । विनोद पौडेलद्वारा निर्देशित यो चलचित्रमा स्वस्तिमा खड्का, मुकुन भुसाल, जोयश पाण्डे, लक्ष्मी वर्देवा आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रका बारेमा विभिन्न सञ्चारमाध्यममा विविध प्रकारका समीक्षाहरु प्रकाशित भएका छन् । अधिकांश समिक्षकले उत्कृष्ट बताएको यो चलचित्रलाई केही समिक्षकले आलोचनासमेत गरेका छन् । भूमिका र अभिनयका दृष्टिकोणले यो चलचित्रलाई अभिनेत्री स्वस्तिमा खड्काको करियरकै उत्कृष्ट चलचित्र भनिएको छ । यद्यपि चलचित्रको क्लाइमेक्सप्रति दर्शकसंगै समिक्षकहरु पनि असन्तुष्ठ छन् । कतिपयले चलचित्रलाई स्लो भनेका छन् भने कतिपयले यसअघिको चलचित्र 'साँघुरो' को धङधङीसमेत मानेका छन् ।



प्रायः नेपाली चलचित्र भाषाले मात्र नेपाली हुन्छन्, कथा, पात्र एवं प्रस्तुतिमा स्थानीयपन हुँदैन । कथ्य संरचनालाई उपेक्षा गरिन्छ भने बजारु सूत्र पछ्याइन्छ, तर कतिपय सिनेकर्मी यस्तो 'भाइरस' बाट मुक्त हुन खोज्छन्, सिर्जनशीलतामा विश्वास राख्छन् । यही सोच र साहसको परिणाम हो, बुलबुल । फिल्ममेकिङको औपचारिक अध्ययन गरेका पौडेलले कथित मूलधारका सिनेमामा नअटाउने पात्र र तिनका व्यथालाई बुलबुलको केन्द्रमा राखेका छन् । कथा पस्कने शैली पनि कलात्मक छ । यतिविघ्न आफ्नोपनको आभास गराउने चलचित्र हामीकहाँ बिरलै बन्छन् । बासी मसलेदार चलचित्रबाट दिक्दार दर्शकलाई बुलबुलले राहत दिनेछ । रैथाने स्वाद रुचाउनेहरूले त छुटाउने कुरै भएन । यसले मौलिक दृश्य-भाषा निर्माणमा एउटा दरिलो ईँटा थप्नेमा सन्देह छैन ।

**नेपाल साप्ताहिक**

बलिउडले बासी बनाइसकेको फर्मुलामै चलचित्र बन्ने आरोप खेप्दै आएका नेपाली फिल्मकर्मीले पछिल्लो समय आफ्नै कथा, परिवेश एवं पात्रलाई टिपेर चलचित्र बनाउने प्रयास गर्नु राम्रो हो । शुक्रबारदेखि प्रदर्शनमा आएको चलचित्र 'बुलबुल' पनि यही प्रयासको सिलसिला हो । व्यावसायिक धारका चलचित्रबाट अलग रहेर बनेका यसअघिका धेरै चलचित्रको समस्याजस्तै 'बुलबुल' मा पनि कथाको बहाव ढिलो र द्वन्द्वको ग्राफले उत्कर्ष लिन सकेको छैन । चलचित्र पात्र, चरित्र र संवाद लवजकै भुमरीमा बढी रुमल्लिएको छ । यसअघि पनि 'साँघुरो' जस्तो वैकल्पिक धारको चलचित्रको पटकथा लेखेर प्रशंसा बटुलेका विनोद पौडेल यसपटक 'बुलबुल' बाट निर्देशनमा पनि होमिएका हुन् । आफ्नै कथालाई पटकथामा ढालेकाले उनको चलचित्र चेतबारे जानकारका लागि यो चलचित्र अपेक्षित पनि हो । पात्र निर्माण, तिनको संवाद, लवज र लवाइखवाइमा पौडेल जति प्रस्ट छन्, उति नै विषयप्रवेशमा ढिलो, कथा बहावमा सुस्त र कथा बैठानमा चुस्त बन्न सकेका छैनन् । छायांकन, सेटअप चलचित्रको मुडअनुसार अब्बल छन् । पृष्ठभूमि संगीत मध्यम छ । यसले पनि चलचित्रको साख जोगाउन मद्दत गरेको छ । त्यसबाहेक निर्देशकले चलचित्रमा बिम्बको मीठो प्रयोग गरेका छन् । 'बुलबुल' को सरप्राइज प्याकेज चोपेन्द्रको चरित्र निर्वाह गरेका मुकुन हुन् । रणकलाको भूमिकामा स्वस्तिमा र पतिको प्रताडना सहेर पनि जीवन चलाइरहेकी भीमाको भूमिकामा लक्ष्मीको अभिनय सहज छ तर पटकथा भने सहायक पात्र र तिनका उपकथालाई मूल कथा र मूल पात्रसंग एकाकार गराउनबाट चुकेको छ । वैकल्पिक धारमा रहेर आफ्नै समाजका भुइँपात्र र तिनका सामान्य लाग्ने असामान्य कथालाई उनेर चलचित्र बनाउनु 'बुलबुल' को असल प्रयास हो । यो चलचित्रले दर्शकलाई जैविक खुराक चखाउन त खोज्यो तर त्यसको पक्वानमा पर्याप्त ध्यान दिन सकेन ।

**कान्तिपुर दैनिक**

बिहेको भिडियो र अहिले फटाफट बनिरहेका नेपाली चलचित्रबीच के भिन्नता छ ? जवाफका लागि 'फरक छुट्याऊ' शैलीमा घोत्लिनुपर्छ । यसको प्रष्ट संकेत के भने, नेपाली सिनेमाबाट निर्देशकीय उपस्थिति हराउँदैछ । नतिजा, ६ दशक लामो फिल्मी अभ्यासपछि पछि पनि हामी 'सिनेमा कस्तो हुनुपर्छ' भन्ने आधारभूत प्रश्नमा अल्मिएका छौं । यो प्रश्नको गाँठो केही हदसम्म फुकाउनेछ, चलचित्र 'बुलबुल'ले । हरेक दृश्य, अझ भनौं हरेक शटमा निर्देशकको रचना-शिल्प कसरी पोतिन्छ ? घतलाग्दो जवाफ छ, बुलबुलसँग । विनोद पौडेलद्वारा निर्देशित यो चलचित्रमा कथाको दस्तावेज छैन, उपदेश छैन, आदर्श छैन, सन्देश छैन, तर्क छैन । अव्यक्त कथा छ, अदृश्य पीडा छ र त्यसलाई पोख्ने रहरलाग्दो 'सिनेम्याटिक' भाषा छ । चलचित्रमा मसला खोज्नेहरूले यो चलचित्र नरुचाउन सक्छन् । यसको क्लाइमेक्सले पनि फर्मुला चलचित्रका दर्शकलाई चित्त नबुझाउन सक्छ । यो चलचित्र कमेडी होइन, लभस्टोरी होइन, एक्सन होइन । बुलबुलमा हल्काफुल्का मनोरञ्जनको डोज खोजेर पाइँदैन । किनभने निर्देशकले बजार लक्षित चलचित्र बनाएका होइनन्, यसमा आफ्नो शिल्प खिपेका हुन् । हाम्रो जस्तो संवेदनशील चलचित्र बजारमा यो एउटा जोखिम हो ।

**अनलाइनखबर डटकम**

स्वस्तिमा खड्काले हालसम्म गरेको काममा बुलबुल उत्कृष्ट छ । उनले टेम्पो चालक बन्न सडकमा र आफ्नो व्यक्तित्वमा गरेको प्रयास स्पष्ट देखिन्छ, तर डायलग डेलिभरिमा भने उनी पुरानै चलचित्रहरूमा जस्तै लाग्छिन् । लक्ष्मी वर्देवा र जोयश पाण्डेको कथा र अभिनयले फिल्मलाई आधासम्म रणकला केन्द्रित हुन दिएको छैन । उनीहरूको कथा थोरै पनि बनावटी लाग्दैन । दुबै नाटकीय प्रस्तुत हुँदैनन् ।

**पहिलोपोस्ट डटकम**

यो चलचित्र प्रदर्शनमा आएको पाँच दिन (मंगलबारसम्म) भैसकेको छ । निर्माताले चलचित्रको कलेक्सन रिपोर्ट सार्वजनिक गरेका छैनन् । किन गरेनन् ? त्यो उनले नै जान्दछन्, तर एउटा सत्य चाहिँ के हो भने चलचित्रको कलेक्सन सुनाउन लायक छैन । मल्टिप्लेक्समा विदेशी दुई चलचित्र 'गल्ली ब्वाई' र 'एलिटा' को चेपुवामा परेको छ । यो चलचित्र सिंगल 'स्क्रिन' मा दर्शक उपस्थित औसत छ ।

**फिल्मीखबर डटकम**

अर्ग्यानिक तरकारीमा पनि कहिलेकाहीं किरा लाग्न सक्छ, विभिन्न रोग हुन सक्छ । त्यसलाई अर्ग्यानिक भन्दैमा राम्रो र उत्तम मान्न सकिँदैन । त्यस्तै चलचित्र बुलबुललाई पनि ठिकै भन्दा माथि उठेर राम्रो चलचित्र भन्न सक्ने आधार छैन । गरिबीमा पेलिएको परिवारको दैनिकी गुजार्न र आफ्ना समस्याहरू पूर्ति गर्न काठमाडौंमा टेम्पो चलाउने महिला चालकहरू धेरै छन् । चलचित्रको विषयवस्तुले दर्शकलाई सन्तुष्ट बनाउन सक्दैन तथापि चलचित्रका पात्रहरूको काम भने प्रशंसा योग्य नै छ ।

**फिल्मीफन्डा डटकम**

## फिंगर प्रिन्ट

चलचित्र फिंगर प्रिन्ट आज शुक्रबार प्रदर्शनमा आउँदैछ । यो चलचित्र मेडिकल साइन्स तथा फिंगर प्रिन्टको दुरुपयोगले विश्वमा हुन सक्ने अपराधका विषयमा केन्द्रित भएको निर्माण पक्षले जनाएको छ । नवीन निरौलाको लेखन, निर्देशन तथा सम्पादनको चलचित्र फिंगर प्रिन्ट कामना फिल्म्सको ब्यानरमा अनिल श्रेष्ठ रोमनले निर्माण गरेका हुन् । यो चलचित्रमा दीपक त्रिपाठी, सरिता लामिछाने, राज क्षितिज, रमेश बुढाथोकी, आयुष्मा कार्की, शंकर आचार्य, जेसिका भुसाल आदि कलाकारले अभिनय गरेका छन् । निर्माण पक्षले केही साता पहिले युट्युबमार्फत यो चलचित्रको ट्रेलर सार्वजनिक गरेको थियो । युट्युबमार्फत सार्वजनिक ट्रेलरले खासै भ्युज पाएको छैन । सुमन तण्डुकार तथा राहुल राईको छायांकनको यो चलचित्रमा दयाराम पाण्डेको गीत, अर्जुन पोखरेलको संगीत एवं कविराज गहतराजको कोरियोग्राफी छ ।

## रुमालै छ चिनो

चलचित्र रुमालै छ चिनोको प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । यो चलचित्र काँठ क्षेत्रका गायक रेशम थापाको लोकदोहोरी रुमालै छ चिनोबाट शीर्षक सापटी लिएर तयार पारिएको निर्माण पक्षले जनाएको छ । यो चलचित्रमा वीर गोर्खालीको कथा प्रस्तुत गरिएको छ । दिनेश सिंह ठकुरीद्वारा निर्देशित यो चलचित्रको कथा गायक रेशम थापाले लेखेका हुन् भने पटकथा दिनेश ठकुरीको छ । ज्योति फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र रुमालै छ चिनो चन्द्रबहादुर खड्का, दीपक ढकाल तथा रामप्रसाद पाण्डेले संयुक्त रूपमा निर्माण गरेका हुन् । यो चलचित्रमा किशोर खतिवडा, सञ्चिता लुइँटेल, सुशान्त कार्की, रश्मी भट्ट, मिथिला शर्मा, सुरवीर पण्डित, सन्ध्या खड्का आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रको केहीसमय अघि सार्वजनिक ट्रेलरमा गोर्खाली योद्धा देशको सुरक्षाका लागि घर छोडेर गएको कथा प्रस्तुत गरिएको छ । रुमालै छ चिनोमा अर्जुन पोखरेल तथा अञ्जु पन्तको स्वरको ए माया गीत पनि समावेश छ । उक्त गीतको शब्द तथा संगीत अर्जुन पोखरेलकै हो । यस्तै, यो चलचित्रको बिरही कार्कीको स्वर तथा संगीतको आमा नबस्नु पर्खेर गीत पनि युट्युबमार्फत सार्वजनिक भैसकेको छ ।

## ब्वाइ फ्रेण्ड

नेपाली चलचित्र ब्वाइ फ्रेण्ड आजदेखि प्रदर्शनमा आउँदैछ । युवा पिँढीमा मौलाइरहेको ब्वाइफ्रेण्ड र गर्लफ्रेण्डमात्र नभएर अभिभावकले आफ्ना छोराछोरीप्रति जिम्मेवारी बहन गर्न नसक्दा आउने परिणाम कस्तो हुन्छ भन्ने कुरा यो चलचित्रमा प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ । बुढाथोकी फिल्मस् प्रोडक्सनको ब्यानरमा निर्मित चलचित्र ब्वाइ फ्रेण्डमा मदन घिमिरेको निर्देशन छ भने, जीवन गौतम यसका सह-निर्देशक हुन् । कृष्ण खनालले निर्माण गरेको यो चलचित्रमा सरोज खनाल, महिमा सिलवाल, पुष्कर रेग्मी, आयुष्मा खतिवडा, कृष्ण खनाल आदि कलाकारले अभिनय गरेका छन् । कृष्ण चापागाईंको कथामा निर्मित यो चलचित्रमा समावेश भएको गीतमा टंक बुढाथोकी, सोनम शेर्पा तथा केके सिंहले संगीत भरेका छन् भने कृष्ण श्रेष्ठले चलचित्रको छायांकन गरेका हुन् ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक





# वर्षा शिवाकोटी



Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान
पहिरन : पिजेज कलेक्सन, सिभिल मल
मेकअप : अम्बु रुचाल
लोकेसन : जस्मिन फिटनेस स्पा, त्रिपुरेश्वर





# वर्किङ भिसामा ?

यो वर्षको भ्यालेन्टाइन डे अभिनेत्री वर्षा राउत तथा अभिनेता संजोग कोइरालाका लागि विशेष रह्यो । झण्डै सात वर्ष लामो प्रेम सम्बन्धलाई प्रेम दिवसकै दिन विवाहको स्वरुप प्रदान गर्दै कोइराला परिवारको बुहारी बन्ने वर्षाको निर्णयलाई कतिपयले 'हतार' पनि भनेका छन् कतिपयले जे भयो, राम्रै भयो समेत भने । विवाहको पूर्वसन्ध्यामा सञ्चारकर्मीहरूले वर्षासमक्ष विवाहपछि उनको भावी करियरका सम्बन्धमा जिज्ञासा राखेका थिए । वर्षाले ती जिज्ञासाको जवाफ दिँदै भनिन्-'विवाहपछि पनि म अभिनयलाई निरन्तरता दिइरहने छु चलचित्रबाट टाढा जाने छैन । म आफ्नो पेशा बुझ्ने घरमा जाँदैछु, मलाई विवाहपछि पनि काम गर्न कुनै रोकटोक हुने छैन ।' संजोगको घरमा वर्किङ भिसामा जान लागेको सञ्चारकर्मीहरूको प्रतिक्रिया सुनेपछि वर्षाले जवाफ दिइन्- 'म संजोगको घरमा नोकर हुन जान लागेकी होइन, बुहारी भएर जान लागेकी हुँ ।' वर्षासँग रहेका संजोगले पनि वर्षाको कुरामा सहमति जनाउँदै थपे- 'हाम्रो परिवारले कामलाई धर्म मान्छ, त्यसैले वर्षाको धर्म परिवर्तन गरिँदैन । विवाहपछि उनले अझ उत्कृष्ट चलचित्रमा अभिनय गर्ने छिन् ।'

# नतमस्तक अनमोल

अभिनेता अनमोल केसीले पहिलो पटक अघिल्लो पुस्ताका अभिनेताहरूका बारेमा मुख खोलेका छन् । कुनै बेलाका सुपरस्टार आफ्नै बुवा भुवन केसीसँग पहिलो पटक एउटा गीतमा धक फुकाएर कम्मर मर्काएका अनमोलले अघिल्लो पुस्ताका अभिनेताहरूप्रति नतमस्तक रहेको धारणा व्यक्त गरेका हुन् । कर्लि कर्लि कपाल...गीतमा अनमोल मात्र होइन भुवनले पनि ज्यान खोलेर नृत्य गरेका छन्, जसलाई दर्शकले मन पराए । गीतले लोकप्रियता हासिल गरिरहेका बेला यसैसाता साप्ताहिकसँगको एक भेटमा अनमोल भन्दै थिए– 'बाघ बूढो भए पनि बाघ नै हुने रहेछ भन्ने कुरा पहिलो पटक ड्याडसँग डान्स गरेपछि थाहा पाएँ ।' अनमोलले युवापुस्तामाझ आफ्नो क्रेज रहे पनि उक्त गीतको छायांकन स्थलमा रहेका केही दर्जन कोरस, नृत्य निर्देशक तथा प्रशविधिकहरूले आफूभन्दा आफ्नो बुवा नै बढी हेन्डसम देखिएको प्रतिक्रिया दिएको कुरा समेत सुनाए । 'भुवन केसी मात्र होइन, म राजेश हमाल तथा शिव श्रेष्ठको पनि ठूलो प्रशंसक हुँ, अनमोल भन्दैथिए– 'मलाई एउटा त्यस्तो चलचित्र बनाउन मन छ, जहाँ अघिल्लो पुस्ताका यी अभिनेताहरूको मात्र अभिनय होस् ।'

# असफलताको जिम्मा



चलचित्र गोपी व्यवसायिक रूपमा असफल भएपछि त्यसको सम्पूर्ण जिम्मा अभिनेता बिपिन कार्कीले लिएका छन् । चलचित्र नचलेको विषयमा विभिन्न प्रकारका टीका-टिप्पणीहरू भैरहेका बेला चलचित्रका मुख्य अभिनेता कार्कीले असफलताको जिम्मेवारी आफूले लिएका हुन् । 'म अवश्य पनि जिम्मेवारी लिन्छु, बिपिनको भनाइ छ- 'कुनै पनि चलचित्रमा काम गरेपछि सफल हुँदा मैले काम गरेको थिएँ र असफल हुँदा मेरो काम होइन भनेर कहिल्यै पनि भन्दिन ।' बिपिनले आशा गरेको चलचित्र असफल हुँदा दुःख लागेको पनि स्पष्ट पारे । दीपेन्द्र लामाद्वारा निर्देशित उक्त चलचित्र मध्यम स्तरको व्यवसाय गर्नसमेत असफल भएको थियो ।


## मेरो श्रृंगार



बिनु शाक्य, मोडल

- फाउन्डेसन
- आइलाइनर
- मस्करा
- लिप स्टिक
- कन्सिलर
- हाइलाइटर
- ब्रोन्जर
- आइ स्याडो
- ब्रो पेन्सिल

# एक्ली अप्सना



अप्सना थापा नेपाली चलचित्रका लागि नयाँ नाम हो। प्रदर्शनको तयारीमा रहेको चलचित्र रुमालै छ चिनोबाट उदाउन लागेकी यी अभिनेत्री यतिबेला आफ्नो हिम्मतका कारण चर्चित छिन्। उनी चर्चामा आउने कुरा पनि रोचक छ। प्रदर्शन मिति नजिकिँदै जाँदा चलचित्रले सञ्चारकर्मीहरूलाई डाकेर जानकारी दिन खोज्यो। सञ्चारकर्मीहरू भेला पनि भए, यद्यपि चलचित्रका बारेमा बोल्ने अप्सना मात्र भइन्। त्यसक्रममा उनले चलचित्र निकै राम्रो बनेको प्रतिक्रिया दिइन्। पहिलो चलचित्रबाटै आफू निकै आशावादी रहेको बताउँदै अप्सनाले दर्शकले आफ्नो भूमिका मन पराउने दाबी समेत गरिन्। यसअघि केही चलचित्रमा स-साना भूमिका निर्वाह गरिरहेकी अप्सनाले यो चलचित्रमा अभिनेत्रीकै चरित्र निर्वाह गरेकाले पनि उत्साहित भएको बताएकी छिन्। चलचित्रमा सञ्चिता लुइँटेल, सुशान्त कार्की, किशोर खतिवडा आदि कलाकार पनि प्रमुख भूमिकामा छन्, यद्यपि उनीहरू प्रचार-प्रसार अभियानमा देखिएका छैनन्। अप्सनाले चलचित्रका अन्य कलाकारहरू प्रचार-प्रसारमा किन नहिंडेका होलान् ? भन्ने जिज्ञासामा भने अनभिज्ञता प्रकट गरिन्।

# लेस्बियन साम्राज्ञी ?



अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह हरेक साताजसो कुनै न कुनै कुराले चर्चामा आइरहन्छिन्। यसपटक उनी चलचित्र मारुनीका कारण चर्चामा छन्। नवल नेपालले निर्देशन गर्ने उक्त चलचित्रमा आफूले निर्वाह गर्ने भूमिकाका कारण उनको चर्चा भएको हो। यसै साता शुभमुहूर्त गरिएको चलचित्र मारुनीमा साम्राज्ञी नै प्रमुख भूमिकामा छिन्। पहिलो पटक अभिनेता पुष्प खड्कासँग जोडी बाँधिन लागेकी साम्राज्ञीले यो चलचित्रमा लेस्बियन (महिला समलिंगी) को भूमिका निर्वाह गर्ने बताइन्छ। यद्यपि शुभमुहूर्त समारोहमा उनले आफ्नो भूमिकाका बारेमा मुख खोल्न चाहिनन्। ‘लेस्बियनको भूमिका निर्वाह गर्दैछु पनि भन्दिन, उक्त भूमिका निर्वाह गर्न लागेको होइन पनि भन्दिन, साम्राज्ञीको भनाइ छ- ‘भूमिका चाहिँ गज्जबकै छ, यसअघि कहिल्यै नगरेको !’

फटाफट

# गर्लफ्रेन्डको खोजीमा छु



तस्बिर : महेश प्रधान

● पुष्प खड्का, अभिनेता

**तपाईं भिडियोको मोडल कि चलचित्र अभिनेता ?**

म विसुद्ध कलाकार। यद्यपि भिडियोमा अभिनय गरेका बेला मोडल चलचित्रमा अभिनेता।

**अचेल भिडियोमा देखिनु हुन्छ नि ?**

चलचित्र मारुनीमा आबद्ध भएदेखि नै भिडियोमा काम गरेको छैन। पछिल्ला तीन महिनामा जम्मा एउटा भिडियो गरें।

**भिडियोबाटै आएको कलाकार, त्यो विधाको माया लाग्दैन ?**

असाध्यै लाग्छ नि। चलचित्रमा व्यस्त भएका बेला भिडियोमा अभिनय गर्दा दर्शक झुक्किनुहुन्छ भन्ने डरले पनि कम गरेको हो।

**भिडियो बनाउने प्रचलन नभएको भए तपाईं अभिनयमा आउनुहुन्थ्यो ?**

अवश्य आउँथे। संघर्ष बढी गर्नुपर्थ्यो होला, तर म चलचित्रमा आएरै छाड्थें। म्युजिक भिडियोले चलचित्रसम्म आउने बाटो सहज बनाइदिएको चाहिँ पक्कै हो।

**मारुनीमा कस्तो भूमिका छ ?**

अघिल्ला चलचित्रको तुलनामा पृथक् भूमिका छ। यही चलचित्रका लागि ज्यान बनाउनुपर्ने भएकाले अहिले दिनको तीन-चार घण्टा जिम गर्दैछु।

**दाल, भात, तरकारीमा तपाईंको भूमिका कस्तो छ ?**

असाध्यै सन्काहा क्यारेक्टर निर्वाह गर्दैछु। जहिले पनि आमा-बुवासँग घुर्की लगाउने, गर्लफ्रेन्डसँग बिन्दास भएर घुम्ने।

**वास्तविक जीवनसँग मेल त खाँदैन नि ?**

हो, एक प्रतिशत पनि मेल खाँदैन।

**मंगलमपछि अफ बिट भूमिकाका लागि प्रस्ताव आएको छैन ?**

ठ्याक्कै अफबिट चलचित्रबाट त प्रस्ताव पाएको छैन, यद्यपि मलाई समाजमा देखिइरहने भन्दा फरक चरित्र निर्वाह गर्न मन लाग्छ।

**अबको २० वर्षपछि तपाईंलाई कहाँ पाइएला ?**

आफूलाई भर्सटायल अभिनेताका रूपमा स्थापित गराएर चलचित्र क्षेत्रमै रमाइरहेको हुनेछु।

**अभिनय करियर कि प्यासन ?**

दुवै।

**तपाईंको कमजोरी ?**

स्वर बोल्ड भएको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ।

**फुर्सदमा ?**

जिम गर्छु, चलचित्रहरू हेर्छु।

**खानपिनमा कत्तिको सौखिन हुनुहुन्छ ?**

पटक्कै छैन। खानपिनमा चिल्लो र गुलियो बर्जित गरेको छु।

**गर्लफ्रेन्डसँग कत्तिको घुमफिर गर्नुहुन्छ ?**

म अहिलेसम्म गर्लफ्रेन्डकै खोजीमा छु।

**जीवनमा कति पटक ब्रेकअप भयो ?**

लभ परेको भए पो ब्रेकअप हुनु त।

प्रस्तुति : कृष्ण भट्टराई



## धरानमा अभिनन्दनपछि गुञ्जिए दीप श्रेष्ठ

वरिष्ठ गायक दीप श्रेष्ठ संगीत क्षेत्रमा प्रवेश गरेको ५० औं वार्षिकोत्सवका अवसरमा शनिबार धरानवासीले उनको सम्मानमा पदयात्रा सम्पन्न गरेका छन् । नेपाल क्लब हङकङ तथा सिल्भर इन्टरटेन्मेन्टद्वारा आयोजित अभिनन्दनका लागि गायक श्रेष्ठ गृहनगर धरान आएका बेला उनीसहित श्रीमती सोफिया गुरुङलाई समेत धरान बजार परिक्रमा गराइएको हो । सेवक अभियानको हाइकिङ ७५ हप्तामा प्रवेश गरेको अवसरमा आयोजित धरान पदयात्रालाई गायक श्रेष्ठको सम्मानमा सञ्चालन गरिएको थियो । उक्त र्‍यालीमा धरानका संगीतकर्मी, अन्तर्राष्ट्रिय हरियाली मञ्चका सदस्य तथा सेवक अभियानका सदस्यहरू सहभागी थिए । आफूलाई गृहनगरमा सम्मान गरिएकोमा खुसी व्यक्त गर्दै गायक श्रेष्ठले आफ्नै घर-आँगनमा सम्मानित हुन पाउँदा खुसी लागेको बताए । साँझ आयोजित कार्यक्रममा श्रेष्ठले आफ्नो सांगीतिक यात्राको संस्मरण गर्दै आफ्ना चर्चित गीतहरू सुनाएका थिए ।

नरेन्द्र बस्नेत

## हेरिटेज पेजेन्ट्समा नेपाल



फागुन ४ गते सिंगापुरको ब्युटी वर्ल्डस्थित अंकल रिंगो काइन्डनेस कार्निभलमा सञ्चालित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता हेरिटेज पेजेन्ट्स-२०१९ को ग्रान्ड फिनालेमा नेपाली सहभागीहरूलाई महत्वपूर्ण उपाधि प्राप्त भएको छ । उक्त प्रतियोगितामा मिस हेरिटेज इन्टरनेसनलतर्फ नेपालकी अदिति श्रेष्ठले मिस फोटोजेनिक एवार्डसहित फोर्थ रनर्सअपको उपाधि जितेकी छिन् भने मिसेज हेरिटेज इन्टरनेसनलमा दुर्गा विसुराल सेकेन्ड रनर्सअप भएकी छिन् । प्रतियोगितामा दुर्गाले मिसेज पिस ड्रेस, पिस एम्बेसडरतर्फ सेकेन्ड रनर्सअप तथा मिसेज एथनिकतर्फ फस्ट रनर्सअपको एवार्ड जितेकी थिइन् । ई प्लानेटद्वारा आयोजित उक्त प्रतियोगितामा मिसतर्फ सेन्ट्रल एसियाकी गुल्बानो माडियारोभा तथा मिसेजतर्फ भारतकी विद्या घाराले शीर्ष उपाधि जितेका थिए ।

## अञ्जली र विनोदलाई उपाधि

पहिलो संस्करणको मोडल हन्ट पोखराको उपाधि अञ्जली गिरी तथा विनोद नेपालीले जितेका छन् । रोयल आर्किनी हाउसले आयोजना गरेको उक्त प्रतियोगितामा अंकिता भुषाल एवं डिपलभ सुनार फस्ट रर्नसअप भए । फाइनल प्रतियोगितामा विभिन्न सिक्वेन्समार्फत प्रतियोगीहरूले आ-आफ्नो प्रस्तुति दिएका थिए ।

राजाराम पौडेल





## खुला लोकनृत्य

तानसेनमा आयोजित खुला एकल लोकनृत्य प्रतियोगितामा तानसेनकी रचना लोहनी उत्कृष्ट घोषित भएकी छिन् । तानसेनको जुम्बा फिटनेस तथा डान्स सेन्टरले आयोजना गरेको उक्त प्रतियोगितामा लोहनीले ३० जना प्रतियोगीलाई पछि पारेकी हुन् । प्रतियोगितामा बगनासकाली गाउँपालिका आर्यभन्ज्याङकी अम्बिका गाहा मगर दोस्रो भइन् भने तानसेन भगवतीटोलकै झरना पाण्डे तेस्रो भइन् । उक्त अवसरमा लोकदोहोरी गायक प्रेम लामिछाने, मोडल पूर्ण गाहा, मिनुज थापा, कलाकार शीतल लामिछाने, विजय बमरेल, सुमन गैरे, सुमन न्यौपाने, शिव भट्टराई आदिले विविध प्रस्तुति दिएका थिए ।

माधव अर्याल

## दीप गायन तारा

बुटवलको दीप बोर्डिङ हाई स्कुलले आयोजना गरेको दीप गायन ताराको उपाधि न्यू होराइजनका सक्सेस पाण्डेले हात पारेका छन् । उनले फिनालेका १० जना प्रतियोगीलाई पछि पारेका थिए । प्रतियोगितामा देवदह मदर टङ्स विद्यालयका सुमन गुरुङ फस्ट रनर्सअप तथा साइनिङ स्टार विद्यालयका विवश थापा सेकेन्ड रनर्सअप घोषित भए । उक्त प्रतियोगितामा ३८ विद्यालयका प्रतियोगीहरू सहभागी थिए ।

स्वस्तिक श्रेष्ठ



## फेरि सुरू हुने भयो पलेँटी



नेपालयले सञ्चालन गर्दै आएको लघु-सांगीतिक कार्यक्रम 'पलेँटी शृंखला' फेरि प्रारम्भ हुने भएको छ । लामो अन्तरालपछि सुरु हुन लागेको पलेँटीको आन्तरिक तयारी पूरा भैसकेको जानकारी नेपालयले गराएको छ । सन् २००५ बाट थालिएको पलेँटीको मञ्चमा नेपाली आधुनिक गीत, संगीत क्षेत्रका अधिकांश सर्जक प्रस्तुत भैसकेका छन् । पलेँटीले आधुनिक नेपाली संगीतमा चर्चित तथा लोकप्रिय भएर पनि दर्शक, श्रोतासामु एकल प्रस्तुति गर्ने मौका नजुरेका वा ओझेलमा रहेका कलाकारहरूलाई प्रस्तुत गर्दै आएको छ ।

अँग्रेजी महिनाको अन्तिम शुक्रबार एक दिन मात्र हुने पलेँटी कार्यक्रम अब भने महिनाको अन्तिम सप्ताहन्त-शुक्रबार, शनिवार र आइतबार गरी तीन दिन र त्यसपछिका महिनामा दर्शकको प्रतिक्रिया र चासोका आधारमा एक हप्तासम्म सञ्चालन गर्ने योजना रहेको बताइन्छ ।

'लामै अन्तरालपछि पलेँटी थालिँदैछ । साँच्चै भन्दा जुन कलाकारलाई ध्यानमा राखेर पलेँटी सुरु गरिएको थियो, ती सबैजसो कलाकार पलेँटीमा सहभागी भैसकेका छन् । यही क्रममा पलेँटी सांगीतिक कार्यक्रम मात्र नरही, कला संगीतका पारखीहरूको भेटघाट गर्ने थलोका रूपमा समेत स्थापित हुँदै गयो । त्यसैले हामीले उहाँहरूकै आग्रहमा पलेँटीको प्रस्तुतीकरणलाई परिमार्जित गरी पुनः सुरु गर्न लागेका हौं,' पलेँटीका संयोजक आभासले बताए ।

आज शुक्रबार सुरु हुने यसपालिको पलेँटी नेपाली आधुनिक संगीतमा महिला कलाकारको योगदानमा केन्द्रित हुनेछ । कार्यक्रममा नेपाली आधुनिक संगीतमा महिला कलाकारहरूको विगत एवं वर्तमानको चर्चा गर्दै विभिन्न गीत प्रस्तुत गरिनेछ ।


यसपालिको विशेष कार्यक्रममा गायिका मीना निरौलाले एक दर्जनभन्दा बढी प्रतिनिधि महिला स्रष्टालाई सम्झनेछिन् । पलेँटी कालिकास्थानस्थित नेपालयको साबिककै कार्यक्रमस्थल 'आर.शाला'मा फागुन १०, ११ र १२ गते प्रस्तुत हुने बताइएको छ ।

## मिस सुपर मोडल ग्लोब

माघ २१ गतेदेखि फागुन २ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालित मिस सुपर मोडल ग्लोब प्रतियोगितामा नेपालकी अदिति अधिकारी सेकेन्ड रनर्सअप भएकी छिन् । प्रतियोगितामा अदितिलाई मिस फेसन मोडलको एवार्डसमेत प्राप्त भएको थियो । मिस सुपर मोडल ग्लोबको शीर्ष उपाधि भने रसियाकी तातियानाले जितेकी छिन् । युनिग्लोब कलेजकी १८ वर्षीया छात्रा अदिति नेक्स्ट मोडल्स नेपालले आयोजना गरेको मोडल हन्ट-२०१८ की विजेता हुन् । यसअघि कोरियाको इन्चियन सहरमा सम्पन्न पाँचौं लक्जरी ब्रान्ड मोडल एवार्ड, ग्लोबल फेसन विक-२०१८ मा अदितिले 'फेसनिस्टा एन्ड ब्रान्ड अनररी एम्बेसडर फर जे जुन कस्मेटिक प्रोडक्ट' शीर्षकको एवार्ड प्राप्त गरेकी थिइन् ।



पहिलो विश्व



## आफ्ना लागि कफिन


आफ्नी आमाको मृत्युपछि राम्रो कफिन खरिद गर्न नसकेकै कारण एक महिलाले आफू जिउँदो रहँदै आफ्ना लागि महंगो कफिन खरिद गरेकी छिन् । दक्षिण अफ्रिकाको मिडिया सेलिब्रेटी जोड्वा वाबान्टुले आफ्ना लागि कफिन खरिद गर्न लागेको तस्बिर समाजिक संजालमा पोस्ट गरेपछि उनको चर्चा बढेको छ । जोड्वाले भनेकी छिन्– मृत्यु सबैका लागि दुःखदायी हुन्छ । यस्तो अवस्थामा आर्थिक अभाव भए अझ कष्टकर समेत हुन्छ । मेरो मृत्युले परिवारमा परेको दुःखको बेला आर्थिक भार थप नपरोस् भनेर मैले आफ्ना लागि आफैंले कफिन खरिद गर्ने निर्णय गरेकी हुँ । जोड्वाले आफ्ना लागि करिब १२ लाख रुपैयाँ पर्ने कफिन खरिद गरेकी थिइन् ।

## दाजुभाइको झगडा

विवाह गर्नुअघि असाध्यै मिल्ने दाजुभाइ पनि विवाह गरेपछि एक-अर्कासँग टाढिन थाल्छन् । यो सामान्य परिवारमा देखिँदै आएको सामान्य कुरा हो । यद्यपि अहिले यस्तो समस्या बेलायतको राजपरिवारमा समेत देखिएको छ । कुनै बेला एक-अर्काका असाध्यै हितैषी मानिने बेलायतका राजकुमार विलियम तथा उनका भाइ हयारीको सम्बन्धमा अहिले फाटो आएको छ र त्यसको कारण बनेका छन् उनीहरूका श्रीमती राजकुमारी केट मिडल्टन र मेगान मर्केल । उनीहरूको झगडा यतिसम्म चुलिएको छ कि बेलायतकी महारानी एलिजाबेथ द्वितीयाले आफ्ना नातिहरूका लागि अलग-अलग दरबारसमेत छुट्याइदिएकी छिन् ।



## यस्तो पनि बखेडा




आफ्ना श्रीमान्को लिंग अपेक्षाभन्दा सानो भएपछि कुनै श्रीमतीको पीडा कसरी प्रकट होला ? त्यो पनि प्रेम विवाह गरेको अवस्थामा । यस्तै घटना अमेरिकामा देखिएको छ । अमेरिकी वेबसाइट रेडिटका अनुसार ३२ वर्षीया एक महिलाले आफ्ना श्रीमान्माथि धोका दिएको आरोप लगाएपछि ती श्रीमान्को लिंग असामान्य रूपमा सानो भएको तथ्य सार्वजनिक भएको हो । समाचारअनुसार लामो समयसम्म प्रेम सम्बन्धमा रहेका ती जोडीले विवाहअघि यौनसम्पर्क राखेका थिएनन् । महिलाले यौन सम्पर्क राख्ने चाहना बेला-बेलामा प्रकट गर्दा ती पुरुषले विवाहपछि भन्दै टार्दै आएका थिए । विवाहपछि उनको लिंग नै सानो भएको थाहा पाएपछि अहिले ती महिला आफूसँग धोका भएको अभियोगसहित अदालत पुगेकी छिन् ।

## प्राचीन ममी फिर्ता हुने


अमेरिकाको न्युयोर्कस्थित मेट्रो पोलिटन म्युजियम अफ आर्टले चोरहरूसँग किनेको इजिप्टको ५ हजार वर्षभन्दा पुरानो ममीलाई सुनौलो बाकससहित फिर्ता गर्ने भएको छ । गत वर्ष मात्र उक्त म्युजियमले झन्डै ५० करोड रुपैयाँमा त्यो ममी किनेको थियो । उक्त ममी मेट्रो पोलिटन म्युजियममा देखिएपछि इजिप्टले त्यसमाथि दाबी गर्दै ममी फिर्ता गर्न आग्रह गरेको थियो । सुनौलो रङको उक्त ममी सन् २०११ मा इजिप्टको राष्ट्रिय संग्रहालयबाट चोरिएको बताइन्छ ।





## स्कर्टको तस्बिरमा प्रतिबन्ध

१८ महिना चलेको अभियानपछि बेलायत सरकारले कुनै पनि युवती वा महिलाको स्वीकृतिविना उनीहरूले लगाएको स्कर्ट वा मिनिस्कर्टको तस्बिर लिनुलाई अपराधको श्रेणीमा राखेको छ । नयाँ नियमअनुसार त्यस्तो अपराध गर्नेले २ वर्षसम्मको जेल सजाय पाउनेछन् भने उनीहरूको नाम यौन अपराधीका रूपमा उल्लेख गरिनेछ । बेलायतमा स्कर्ट तथा मिनिस्कर्ट लगाएका महिलाको तस्बिर खिच्नुलाई सार्वजनिक सालिनता विरुद्धको अपराधका रूपमा स्वीकार गरिएको छ । बोलीचालीको भाषामा अपस्कर्टिङ भनिएको यस्तो कामलाई अपराध घोषित गराउन स्थानीय युवती गिना मार्टिनले अभियान नै चलाइकी थिइन् ।






## विमानमै जिम्न्यास्टिक

जिम्न्यास्टिकका लागि खेलाडीहरूलाई फराकिलो अर्थात् खुला ठाउँ चाहिन्छ । यद्यपि गत साता अस्ट्रियाकी २६ वर्षीया जिम्नास्ट स्टफनी मिलिंगरले उडिरहेको विमानमै जिम्नास्टिक गरेर सबैलाई चकित तुल्याएकी छिन् । प्राप्त समाचारअनुसार मिलिंगरले आफूले यात्रा गरिरहेको एउटा विमानसेवाको दोस्रो दर्जाको सिटमै जिम्नास्टिकसँग सम्बन्धित कला देखाएर सहयात्रीहरूलाई मनोरन्जन प्रदान गरेकी थिइन् ।

# आशा जगाउने आइकनहरु

● भिषा काफ्ले

१० वर्षे सशस्त्र युद्ध, झन्डै १० वर्षे संक्रमणकाल अनि त्यही बीचमा विनाशकारी भूकम्पको मार खेपे नेपाली जनताले । त्यति मात्र नभएर भारतले नेपालमा पाँच महिना अघोषित नाकाबन्दीसमेत गऱ्यो । यी र यस्तै अप्ठ्यारा परिस्थितिका कारण देशमा राजनैतिक मात्र नभएर हरेक क्षेत्रमा अस्थिरता सिर्जना भैरह्यो । पछिल्लो समयलाई नै लिने हो भने पनि विकासका हरेक सूचकांक सन्तोषजनक अवस्थामा छैनन् । नेपाली जनतामा आशाभन्दा निराशा बढ्दै गएका बेला देशका केही व्यक्तिले भने आशाको सञ्चार पनि गरिरहेका छन् । कृषिप्रधान देश भनिएको नेपालमा विदेशबाट ७ सय करोडको फलफूल तथा तरकारी आयात हुँदै गर्दा व्यवसायिक कृषि बागवानीका लागि प्रेरणा दिने मुकुन्द रञ्जितको प्रयासको प्रशंसा नगर्ने सायदै होलान् । भूकम्प गएको चार वर्ष बित्न लागिसक्दा पनि उल्लेख्य प्रगति हुन नसकेको पुनर्निमाणको भद्रगोल अवस्थालाई सान्त्वना दिने काम गर्ने धुर्मुस-सुन्तलीको सामाजिक पाइला नेपाली जनताले स्वीकारेका छन् । चलचित्रमा लगातार लगानी डुबिरहेको अवस्थामा नाट्य क्षेत्रले सकारात्मक आशा जगाएको छ, जसमा नाट्यकर्मी सुनिल पोखरेलको भूमिकालाई कसैले नकार्न सक्दैनन् । दैनिक १८ घण्टा लोडसेडिङ खेपिरहेका नेपाली जनतालाई जादुको छडी खेलाए जसरी उज्जालो दिने कुलमान घिसिङको नाम सुन्दैखेरि नै नेपालीको मनमा आशाको दियो बल्न थाल्छ । कर्मले देश र जनतालाई आशाको दियो बाल्न सक्ने यिनै व्यक्तिहरुलाई कान्तिपुर फाउन्डेसनले यस वर्षको विभिन्न विधामा आइकन घोषणा गरेको छ ।



नाटक विधालाई आमरुपमा लोकप्रिय बनाउन र त्यसको स्तर उकास्नमा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याउनुभएकाले तपाईंको धैर्य, कलाप्रतिको प्रतिबद्धता र समर्पणको कदर गर्दै तपाईंलाई कान्तिपुर आइकन अर्पण गरिएको छ ।

## सुनिल पोखरेल, रंगकर्मी

### सिर्जना-कला

मनोरञ्जन क्षेत्र ओरालो लागिरहेको समयमा काठमाडौंका अधिकांश नाटक डबलीहरू भने हाउसफुल हुन्छन् । व्यवसायिक रूपमा डबली स्थापना गरेर आमजनमानसलाई पैसा तिराएर नाटक हेर्न बानी पार्ने सुशील पोखरेल नै हुन् । तीन दर्जनभन्दा बढी नाटक निर्देशन गरिसकेका पोखरेल नाटक निर्देशन मात्र गर्दैनन्, दक्ष शिष्य पनि उत्तिकै उत्पादन गरिसकेका छन् । अहिलेसम्म कति शिष्य उत्पादन गर्नुभयो होला ? प्रश्न भुइँमा नपर्दै उनले भने, 'गनिसक्नु छैन ।' त्यही भएर पोखरेललाई कला-सृजना विधामा आइकन दिनुको औचित्य कान्तिपुर फाउन्डेसनले यसरी प्रस्ट पारेको छ, 'तपाईंको अगुवाइमा स्थापित 'गुरुकुल'ले नाटकमा अभिनय गर्ने एउटा पुस्ता नै उत्पादन गरेको, सुषुप्त अवस्थामा पुगेको रंगमञ्चलाई ब्युँझाएको, मुलुक जटिल ऐतिहासिक संक्रमणबाट गुज्रिरहेका बेला नाट्यकलाको माध्यमबाट झकझक्याएको र यस विधाप्रति समर्पित रहेर समाजमा उल्लेखनीय योगदान पुऱ्याएकाले तपाईंलाई 'कान्तिपुर आइकन : सिर्जना-कला' बाट सम्मानित गरिएको छ ।'

२०२० सालमा खोटाङमा जन्मिएर विराटनगरमा हुर्किएका पोखरेल १६ वर्षको उमेरमा नाटकसम्बन्धी औपचारिक अध्ययनका लागि काठमाडौं आएका थिए । नयाँदिल्लीस्थित नेसनल स्कुल अफ ड्रामाबाट नाट्य-रङ्गमञ्च विधाको अध्ययन गरेका पोखरेलले डेनमार्क, अस्ट्रिया, ब्राजिल तथा जर्मनीमा समेत प्रशिक्षण लिएका छन् ।



## मुकुन्द रञ्जित, बागवानी विज्ञ

### विज्ञान-अन्वेषण

बागवानी विज्ञका रुपमा तपाईंको निरन्तर लगाव र व्यावसायिक उन्नयनका लागि तपाईंलाई कान्तिपुर आइकन अर्पण गरिएको छ ।

राज्यको नीतिमा कृषिमा आधुनिकीकरण र किसानको जीवनस्तर उकास्ने कुरा मुख्य प्राथमिकतामा छ, तर त्यो कागजमा मात्र छ, व्यवहारमा होइन । वर्षभरि नै किसान खेतबारीमा काम गर्छन् र सोहीअनुरूप खटिन्छन् । विडम्बना, किसानले गरेको मेहनतअनुसार प्रतिफल पाउन मुस्किल पर्छ । प्रतिफल नपाउनुको प्रमुख कारण भनेको मेहनत गरेअनुसार उत्पादन नहुनु हो । किन प्रतिफलअनुसार उत्पादन हुँदैन त ? 'खाद्यान्न, तरकारी तथा फलफूलहरूमा ढुसी पर्ने, ब्याक्टेरियाले हमला गर्ने र भाइरस लाग्ने हुन्छ ।' बागवानी विज्ञ मुकुन्द रञ्जित भन्छन्, 'ढुसी परे वा ब्याक्टेरिया लागे त्यसको औषधी छ, तर भाइरस छ भने त्यो फलफूल तथा तरकारीलाई सही अवस्थामा ल्याउन सकिँदैन ।' खाद्यान्न, तरकारी तथा फलफूलमा भाइरसका कारण किसानको श्रम, लगानी खेर गैरहेको अवस्था छ । किसानको त्यो समस्यालाई नजिकबाट हेरे-बुझेका वैज्ञानिक रञ्जितले यो उपायको खोजी सुरु गरे । २०४८ सालमा उनकै मेहनतबाट आलुमा लाग्ने भाइरसमुक्त बनाउने प्रविधि भित्रियो । कृषिको आधुनिकी एवं व्यवसायीकरणमा जैविक प्रविधिको माध्यमबाट उनले पुऱ्याएको योगदानलाई स्मरण गर्दै विज्ञान तथा अन्वेषणतर्फको उपाधि प्रदान गरिएको हो । नेपालमा व्यवसायिक रूपमा पुकिनी, अंगुर, स्ट्रबरी, एभोकाडो, काल्पी बदामजस्ता फलफुल भित्र्याउन पनि उनको महत्वपूर्ण भूमिका छ ।

काठमाडौंको जैसीदेवलमा २००४ सालमा जन्मिएका रन्जितले छात्रवृत्तिमा लेबनानस्थित एक अमेरिकी विश्वविद्यालयबाट कृषि तथा कृषि इन्जिनियरिङमा डिप्लोमा गरेका हुन् । रञ्जितले २०३५ सालमा छात्रवृत्ति पाएर क्यालिफोर्निया स्टेट विश्वविद्यालयमा कृषिमा मास्टर अफ साइन्स गरे अनि त्यसको ६ वर्षपछि कृषिका लागि विश्वकै उत्कृष्टमध्येमा पर्ने युनिभर्सिटी अफ क्यालिफोर्निया डाभिसबाट 'प्लान्ट फिजियोलोजी' मा विद्यावारिधि गरे । ललितपुरको काठमाडौ भ्याली कलेजको जैविक विविधता विभागका निर्देशक रञ्जितले अहिलेसम्म २ सय ५० विद्यार्थी उत्पादन गरेका छन्, तर नेपाल सरकारले उनीहरूका लागि उचित व्यवस्थापन गर्न नसक्दा अधिकांश बिदेसिएको रञ्जित बताउँछन् । 'सरकारले बायोटेक्निकल विषयलाई प्राथमिकता दिएको छैन,' उनी भन्छन्– 'यो विषयमा राज्य गहन नहुन्जेल कृषिमा फड्को मार्छौं भनेर मात्र हुँदैन ।'

# कुलमान घिसिङ, प्रबन्धक

## अर्थ-उद्यम

अघिल्लो दिनसम्म १८ घण्टा लोडसेडिङको मारमा रहेका नेपाली जनता एकाएक लोडसेडिङमुक्त भए । धेरैले भने, कुलमान घिसिङले फु मन्तरको जादु देखाइदिए । हुन पनि त्यस्तै भएको थियो, दुई वर्षअघिको लक्ष्मी पूजाको रात । त्यो लक्ष्मीपूजाको दिन कुलमानले नेपाल प्राधिकरणको नेतृत्व लिएको दुई महिनामात्र भएको थियो । एकाएक उनको कार्य र क्षमता यस्तो भयो कि उज्जालोको सपना बोकेका नेपालीका लागि उनी नायक बनेर उदाए । घिसिङले नेतृत्वकर्तामा दृढ इच्छाशक्ति भए ढिलासुस्ती तथा अकर्मण्यताले ग्रस्त संयन्त्रमा समेत सुधार गर्न सकिन्छ भन्ने कुरालाई प्रमाणित गरिदिए । १८ घण्टासम्मको लोडसेडिङ कसरी हट्यो त ? 'इनर्जीको समस्या समाधान गर्न आफूमा पनि इनर्जी हुनुपर्छ ।' कुलमान भन्छन्, 'राइट म्यान इन द राइट प्लेस विद राइट टाइम हुनुपर्छ ।'

कुलमानलाई किन अर्थ उद्यम आइकन उपाधि दिइयो त ? 'विद्यमान प्रशासनिक संरचनाभित्रै रहेर अनपेक्षित नतिजा आर्जन गरेको, उपलब्ध स्रोत-साधनलाई देशको हितमा उपयोग गर्न सकेको ।' उनलाई दिएको सम्मान-पत्रमा भनिएको छ, 'अन्य स्रोतबाट उपलब्ध जलविद्युत्को सही व्यवस्थापन गरी आमनेपाली नागरिकको जीवनमा कहरसरह बनेको लोडसेडिङ अन्त्य गर्ने अभियानको सफलतापूर्वक नेतृत्व गर्नुभएको र नेपालमा नवीकरणीय ऊर्जा विकासको थप सम्भावना पहिल्याउनुभएकाले तपाईंको कार्यकुशलता, समर्पण र दृढताको कदर गर्दै आइकन अर्पण गरिएको छ ।'

२०२७ सालमा रामेछापको बेथानमा जन्मिएका घिसिङले पुल्चोक इन्जिनियरिङ कलेजबाट स्नातकोत्तर तथा भारतको जमसेदपुरस्थित रिजनल इन्स्टिच्युट अफ टेक्नोलोजीबाट इलेक्ट्रिकल इन्जिनियरिङको अध्ययन पूरा गरेका हुन् ।

> सही व्यवस्थापन गरी आमनेपाली नागरिकको जीवनमा कहरसरह बनेको लोडसेडिङ अन्त्य गर्ने अभियानको सफलतापूर्वक नेतृत्व गर्नुभएको र नेपालमा नवीकरणीय ऊर्जा विकासको थप सम्भावना पहिल्याउनुभएकाले तपाईंको कार्यकुशलता, समर्पण र दृढताको कदर गर्दै तपाईंलाई कान्तिपुर आइकन अर्पण गरिएको छ ।







> पेसाले हास्यकलाकार भए पनि आफूले यसअघि हात नहालेको पुनर्निर्माणको क्षेत्रमा अभूतपूर्व कार्य गरी धेरै भूकम्पपीडितको मुहारमा खुसी ल्याउन सफल हुनुभएकाले तपाईंहरूको योगदानको कदरस्वरूप कान्तिपुर आइकन अर्पण गरिएको छ ।

# धुर्मुस-सुन्तली, समाजसेवी/कलाकार

## समाज-राजनीति

२०७२ सालको विनाशकारी भूकम्प गएको चार वर्ष लाग्दैछ । कतिपय भूकम्पपीडितले अझै बास बस्ने स्थान जोहो गर्न सकेका छैनन् । सरकारले दिने अनुदान र पुनर्निर्माणको पाटो प्रगतिउन्मुख देखिँदैन । धेरै पुरातात्विक संरचना अझै पनि ढलेकै छन्, तर सोही भूकम्पका कारण हास्यकलाकार सिताराम कट्टेल (धुर्मुस) तथा कुन्जन घिमिरे (सुन्तली) को जीवनले भने फरक मोड लियो ।

हास्यक्षेत्रमा राज चलाइरहेका उनीहरूको पाइला मानवीय कष्टलाई सानै भए पनि भरथेग गर्नेतर्फ मोडिएको थियो । 'पहिले सानो सहयोग गर्न सकिन्छ कि भन्ने भावनाले सुरु भएको थियो ।' सीताराम कट्टेल भन्छन्, 'सबैको साथ-सहयोगले बिस्तारै ठूलो अभियान बन्दै गयो ।' शौचालय निर्माण अभियानमा सक्रिय धुर्मुस-सुन्तलीले पहिले भूकम्पले ध्वस्त भएको काभ्रेको पहारी बस्ती उठाउन कम्मर कसे । कम्मर कसेको दुई महिनाभित्रै ६० लाख खर्च गरेर पहिलो एकीकृत पहारी बस्ती निर्माण गरे । पहारी बस्ती निर्माणपछि सिन्धुपाल्चोकको गिरानचौरमा १ सय रोपनीमा ६५ घर निर्माण सम्पन्न भयो । धारा, बगैंचा, शौचालय एवं सामुदायिक भवनसहितको उक्त बस्ती २०७३ कात्तिक १२ गते राष्ट्रपति विद्यादेवी भण्डारीको हातबाट हस्तान्तरण गरियो । गिरानचौरको बस्ती निर्माण सकिएपछि उनीहरूले बर्दिवासमा मुसहर बस्ती तथा सन्तपुर नमुना बस्ती स्थापना गरे ।

'२०७२ सालको विनाशकारी भूकम्पपश्चात मुलुकभित्र र बाहिरका साधन-स्रोत परिचालन गरी पिछडिएका समुदायका लागि घरको व्यवस्था गरी समाजका निम्ति निःस्वार्थ सेवामा समर्पित भै सबै नेपालीका लागि अनुकरणीय कार्य गर्नुभएको र अचानक आइपरेको विपत्लाई सम्बोधन गर्न अघि सरेर लाखौं नेपालीमाझ आशा जगाउनुभएकाले तपाईंहरूलाई संयुक्त रूपमा 'कान्तिपुर आइकन : समाज-राजनीति' बाट सम्मानित गरिएको छ', कान्तिपुरले सामाजिक तथा राजनैतिक क्षेत्रको आइकनबाट सम्मान गर्नुको औचित्य यसरी प्रस्ट पारेको छ । पूर्वी पहाडी जिल्ला सोलुमा २०४० सालमा जन्मिएका सीताराम कट्टेल 'धुर्मुस' तथा २०४१ सालमा ललितपुरमा जन्मिएकी कुन्जना घिमिरे 'सुन्तली' २०६९ सालदेखि हास्यकलाकारका रूपमा कला क्षेत्रमा प्रवेश गरेका हुन् ।




## पहिलो कान्तिपुर कनक्लेभ

# राजनीतिदेखि अर्थतन्त्रसम्म र प्रविधिदेखि पर्यटनसम्म

दुई दिन चलेको पहिलो कान्तिपुर कनक्लेभ राजधानीमा सोमबार सम्पन्न भएको थियो । कान्तिपुर पब्लिकेसन्सको २६ औं वार्षिकोत्सवका अवसरमा आयोजित उक्त कनक्लेभमा विभिन्न मुद्दामाथि बहस एवं विचार-विमर्श भएको थियो ।

आइतबार पहिलो दिन कनक्लेभको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका थिए । कनक्लेभका मुख्य वक्तासमेत रहेका प्रधानमन्त्री ओलीले नेपालमा लगानीलाई खुल्ला हृदयले स्वागत गर्ने बताउँदै नेपाल लगानीका लागि ठूलो सम्भावनायुक्त मुलुक भएको बताए । उनले व्यवसायका लागि सुनिश्चित अवसर र निश्चित नाफा आवश्यक पर्ने बताउँदैं यी दुवै अवसर नेपालमा भएको दाबी गरे ।

उद्घाटन सत्रमा विशेष वक्ताका रूपमा नेपाल, माल्दिभ्स तथा श्रीलंकाका लागि विश्व बैंककी निर्देशक आइडाह स्वाराई रिद्धिहौं एवं भारतको बिडला कर्पोरेसनको बिक्री, बजार तथा व्यवस्थापनसम्बन्धी कार्यकारी अध्यक्ष सन्दीप घोषले विशेष मन्तव्य व्यक्त गरेका थिए । सत्रमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहियाले स्वागत मन्तव्य राख्दै कान्तिपुर कनक्लेभले सार्वजनिक बहसको स्पेस दिने बताए । उनले नेपालका सम्भावनाहरू उजागर गरिने पनि कनक्लेभ सहयोगी बन्ने विश्वास व्यक्त गरे ।

उद्घाट्न सत्रपछि 'युथ फर नेपाल' सत्र चलेको थियो, जसमा विभिन्न क्षेत्रमा सफलता प्राप्त युवाहरूले आ–आफ्ना अनुभव बाँडेका थिए । मिस नेपाल श्रृंखला खतिवडा, पत्रकार, बौद्ध संग्रहालय तथा आध्यात्मिक क्षेत्रकी संस्थापक एवं निर्देशक सुम्निमा उदास, ट्रेसिङ नेपालका संस्थापक तथा ब्लगर लेक्स लिम्बू एवं टुटलका सह-संस्थापक शिक्षित भट्टले आफ्नो संघर्ष र सफलताको चर्चा गरेका थिए ।

सोमबार राजनीतिकदेखि अर्थतन्त्रसम्म र पर्यटनदेखि प्रविधिसम्म गरी ९ वटा सत्रमा विचार-विमर्श भएको थियो । ती ९ सत्रमध्येको 'महिला पुरुषको दाँजोमा कहिले ?' सत्रमा अधिकार संस्थाकी सह-संस्थापक लुना रञ्जित, लेखक सञ्जीव उप्रेती तथा फोटो डट सर्कलकी सहसंस्थापक नयनतारा गुरुङ कक्षपतीले बहस गरेका थिए ।

यस्तै, अर्को महत्वपूर्ण 'नेपाल इन ग्लोबल स्टेज' सत्रमा अर्थमन्त्री युवराज खतिवडा तथा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले मन्तव्य व्यक्त गरे । अर्थमन्त्री खतिवडाले सरकार वैदेशिक लगानी भित्र्याउन विश्व रंगमन्चमा प्रवेश गर्दै गरेको बताएका थिए भने परराष्ट्रमन्त्री ज्ञवालीले सरकार अब आर्थिक कुटनीतिमा केन्द्रित भएको बताए ।

पैसा कहाँ छ भन्ने थाहा पाउने र त्यसलाई प्राप्त गर्ने उपायसम्बन्धी बहस 'कहाँ छ पैसा ?' सत्रमा भएको थियो । देश विकासका लागि लगानीको खोजीका विषयमा छलफल चलेको उक्त सत्रमा भारतीय रेनफरेस्ट कम्पनीका प्रबन्ध साझेदार अभिषेक कुमार, अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) की लगानी अधिकृत अदिती श्रेष्ठ, अर्थशास्त्री भोजराज पौडेल, नेपालका लागि विश्व बैंकका निर्देशक फरिस हदाद जर्भोसले भाग लिएका थिए ।

कान्तिपुर कनक्लेभको 'पर्यटन : सम्पदादेखि अनुभव' विषयक सत्रमा पर्यटन बोर्डको ब्रान्ड तथा कर्पोरेट पार्टनरसिप युनिटकी प्रबन्धक श्रद्धा श्रेष्ठ, पर्यटनसम्बन्धी गैरसरकारी संस्था कनेक्टिङ स्पेसकी सञ्चालिका स्विस नागरिक मोनिका स्काफनेर, ओयो होटलका चिफ टेक्नोलोजी अफिसर अनिल गोयल, पर्यटन व्यवसयी तथा द्वारिका गुप्र अफ होटल्स एन्ड रिसोर्टका कार्यकारी निर्देशक रिने विजय श्रेष्ठ एनहजले बहस गरेका थिए । यो सत्रमा नेपालको भौतिक पूर्वाधार आदिलाई ध्यान दिँदै सन् २०२० मा २० लाख पर्यटक भित्र्याउन सकिन्छ कि सकिँदैन भन्ने विषयमा बहस चलेको थियो ।

टुवार्ड २०३० को सत्रमा अर्थशास्त्री स्वर्णिम वाग्ले, एसियन डेभलपमेन्ट बैंकका क्षेत्रीय सल्लाहकार लेइलेइ सङ, चिनियाँ कम्पनी वाइल्डबाउन्डकी संस्थापक सङकओ याओ तथा ब्रोकिङ इन्डियाका फेलो कन्स्ट्यान्टिनो जेभियरले बहस गरेका थिए ।

'पौरखी प्रवासी र मूल देश' सत्रमा अर्थशास्त्री विश्व पौडेल, प्राध्यापक मल्लिका शाक्य, गैरआवासीय नेपाली संघका संस्थापक सदस्य जीवा लामिछाने तथा ब्लगर लेक्स लिम्बूले बहस गरेका थिए ।

कान्तिपुर कनक्लेभको महत्वपूर्ण सत्र 'मुख्यमन्त्रीसँग मुखामुख'मा प्रदेश-१ का मुख्यमन्त्री शेरधन राई, प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउत, प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेल, गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेल तथा कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बहस गरेका थिए । उक्त अवसरमा मुख्यमन्त्रीहरूले संघीयता कार्यान्वयनका लागि केन्द्रीकृत मानसिकता मुख्य बाधक रहेको बताएका थिए ।

'फर्केर के पाइन्छ ?' शीर्षकको सत्रमा इसिमोडका क्षेत्रीय कार्यक्रम व्यवस्थापक अरनिको पाण्डे, कुबेतस्थित सिटी बैंकका भाइस प्रेसिडेन्ट प्रदीप पौडेल तथा क्याटलिस्ट टेक्नोलोजीकी प्रमुख कार्यकारी अधिकृत प्रतिभा पाण्डेले आ-आफ्ना अनुभव बाँडेका थिए । उनीहरूले विदेशमा सिकेको सीप नेपालमै प्रयोग गर्न सक्ने उपयुक्त समय आउन थालेको बताएका थिए । त्यसका लागि आफूहरू मौकाको खोजीमा रहेको उनीहरूको भनाइ थियो ।

सूचना प्रविधिसम्बन्धी 'क्यान नेपाल डु आईटी ?' सत्रमा नेपालले आफ्नो छुट्टै पहिचान बनाउनुपर्नेमा जोड दिइएको थियो । सत्रमा भारतीय डिजिटल परामर्शदाता कम्पनी सोसल फ्रेन्ड्लीकी संस्थापक आकांक्षा त्यागी, एफवान सफ्टका अध्यक्ष विश्वास ढकाल तथा पठाओका क्षेत्रीय निर्देशक असीममानसिंह बस्न्यातले बहस गरेका थिए ।


नारायण वाग्ले, प्रधानसम्पादक, कान्तिपुर दैनिक

**कान्तिपुर कनक्लेभको आयोजना किन गरिएको हो ?**
यस्ता विचार विमर्शहरूले लोकतान्त्रिक परिपाटीलाई बलियो बनाउँछन् । सार्वजनिक संवाद एवं छलफलको दायरा फराकिलो बनाउनुपर्छ । यो समाजका ज्वलन्त प्रश्नहरूको सामना गर्न त्यो प्रश्न वरिपरि रहेका विज्ञहरू, सरोकारवालाहरूलाई एउटै ठाउँमा ल्याएर सार्थक संवाद गराउने, जनतासँगको प्रत्यक्ष अन्तक्रिया हो । प्रश्नहरूलाई सत्ताबाट खोसेर ल्याएर जनताको माझमा छलफल गराउने हो । छलफलले जनताको मनमा उकुसमुकुस भएर बसेका कुराहरूलाई निकास दिन्छ, त्यसले अलि सन्चो बनाउँछ । विचार महोत्सवको परिपाटीले अन्ततोगत्वा लोकतन्त्रको परिपाटीलाई बलियो बनाउँछ र जनताका जिज्ञाशाहरूको नजिक पुऱ्याइदिन्छ ।

**पहिलो पटक अन्तर्राष्ट्रियस्तरको कनक्लेभको अनुभव कस्तो रह्यो ?**
हामीजस्तो मिडिया हाउसले अन्तर्राष्ट्रियस्तरको कनक्लेभ गर्नु धेरै चुनौतीपूर्ण हो किनभने हामी यसको प्राविधिक पक्षमा त्यति दख्खल राख्दैनौं । तर, गर्दै जाने क्रममा एउटा अनुभव हुन्छ । धेरै स्वदेशी तथा विदेशी विशेषज्ञहरू, जानकार मानिसहरूको समय, सत्रहरूको समय मिलाउनु, त्यसमा प्रश्न र सिलसिलाहरू मिलाउनु सबैभन्दा चुनौतीपूर्ण थियो । यद्यपि सबै काम सफलतापूर्वक सम्पन्न भयो ।

**कनक्लेभका स्मरणीय पक्ष के रहे ?**
मैले चलाएको मुख्यमन्त्रीहरूसँग मुखामुख कार्यक्रम मेरा लागि त एकदम स्मरणीय हुने भैहाल्यो । सातै जना मुख्यमन्त्रीलाई अहिलेसम्म एकै ठाउँमा कसैले ल्याएको थिएन । अन्तर समन्वय परिषद्को बैठक भयो, त्यो राज्यको औपचारिक कार्यक्रम भयो तर, जनतासँग मुख्यमन्त्रीहरू एकसाथ उनीहरूको अगाडि बसेको यो पहिलो अवसर हो । मुख्यमन्त्रीहरूको समय मिलाउन सबैभन्दा चुनौतीपूर्ण थियो । आफैंले सहभागी हुने मनसाय राख्दा-राख्दै एकजना मुख्यमन्त्री छुट्नुभयो, हामीले पनि पूरै प्रयास गरेका हौं तर स्थिति उहाँको काबुमा भएन । ६ जना मुख्यमन्त्री आउनुभयो, त्यो यो महोत्सवको सबैभन्दा ठूलो हाइलाइट हो ।

**के कनक्लेभका उद्देश्यहरू पूरा भए ?**
धेरै उद्देश्य पूरा भए । सहभागिता राम्रो भयो । हामीले खोजेजस्ता विज्ञ एवं आकर्षक अनुहारहरू उपस्थित गराउन पायौं भने विभिन्न सत्रहरू पनि एकदमै रोचक रहे, कुनै पनि पट्यारलाग्दा भएनन् । व्यवस्थापन पनि सफल रह्यो । पहिलो प्रयासमै यति सफल भएकाले यो कनक्लेभ हाम्रो संस्थाका लागि एकदम ठूलो उपलब्धि हो जस्तो लाग्छ ।

अपराध

# युवतीको विषयमा साथीको हत्या

राजाराम पौडेल

पाल्पाका १४ वर्षीय सचिन सिंजालीको हत्या आरोपी बेनी काले भनिने कुमार दर्जी (परियार) पक्राउ परेका छन् । सचिनको शव पोखरा-६, लेकसाइड, खहरेमा निर्माणाधीन घरको भुइँतलामा फेला परेको थियो । सचिन पाल्पा जिल्ला रम्भापानी गाउँपालिका घर भै लेकसाइड शान्तिनगर पोखरामा डेरा गरी बस्ने जितबहादुर सिंजालीका कान्छा छोरा हुन् । पर्वत जिल्लाको मल्लाजका २१ वर्षीय कुमार हत्याको मुख्य आरोपी भएको जिल्ला प्रहरी कार्यालय, कास्कीले जनाएको छ । घटना भएको थाहा पाउनेबित्तिकै वडा प्रहरी कार्यालय, बैदामका प्रमुख नवीन कार्कीको टोलीले घटनास्थलमा पुगेर अनुसन्धान सुरु गरेको थियो ।

कास्की प्रहरीले केटीको विषयमा सामान्य भनाभनपछि हत्या भएको जनाएको छ । उक्त घटनामा संलग्न बेनी काललाई घटना भएको केही घण्टामै नियन्त्रणमा लिएर केरकार गर्दा हत्या गरेको स्वीकार गरेको कास्कीका प्रहरी प्रमुख एसपी ओमबहादुर रानाले बताए । दोषीउपर कर्तव्य ज्यानमुद्दा दर्ता गरी थप अनुसन्धान गरी कानुनी कारवाही अगाडि बढाइने एसपी रानाले बताए ।

मृतकका बाबु जितबहादुर सिंजालीले लेकसाइडकै शान्ति पाटनमा फ्रेसहाउस सञ्चालन गर्दै आएका छन् । बाबु जितबहादुरले सचिन प्रायः उनकी आमासँग हल्लनचोकमा बस्ने कुरा बताए । 'हिजो बिहान पसलमा आएको थियो, बिहान १० बजेसम्म मसँगै थियो, एक्कासि यस्तो घटना घटेछ, घटनामा दोषी उपर कारवाही गर्न माग गर्छु,' उनले भने । १२ वर्षदेखि श्रीमतीसँग बोलचाल नभएका कारण आफूहरू छुट्टाछुट्टै बस्दै आएको उनले जनाए । उनका दुई छोरामध्ये सचिन कान्छा हुन् । रेखदेख गर्ने व्यक्ति नभएका कारण पनि सचिनको रात सडकमै बित्थ्यो । सचिनकी आमाले लेकसाइडको हल्लनचोकमा स्पा सञ्चालन गर्दै आएकी छन् ।

## घटना विवरण

घटनाका मुख्य आरोपी कुमार दर्जी (परियार) , मोटे भनिने सुसान्त परियार, डल्ली भनिने १५ वर्षीया सुनिता गुरुङ माघ २८ गते सोमबार दिउँसो ४ बजेतिर रक्सी पिएर बसेका थिए । सोही समयमा मृतक गोरे भनिने सचिन सिंजाली पनि आए र उनीहरू सँगै रक्सी पिउन थाले । साढे ४ बजेतिर लेकसाइडको सेन्टरप्वाइन्टभित्र मृतक सचिन, कुमार र सुनिता छ्याङ खान पुगेका थिए । त्यसपछि उनीहरू साँझ ५ बजे देखि ७ बजेसम्म सेन्टरप्वाइन्टमा पैसा माग्न बसे । बेलुका ७ देखि ९ बजेसम्म क्याम्पिङ चोकमा बाहुन भनिने बुद्ध रिजालसँग उनीहरूको भेट भयो । उनीहरू ९ बजेसम्म त्यही टहलिए । ९ बजेपछि त्यहाँबाट निस्किएर मृतक सचिन, कुमार, सुनिता, सुशान्त र शुकदेव लेकसाइड खहरेमा निर्माणाधीन घरको भुइँतलामा पुगी डेन्ड्राइट सुँघ्न थाल्छन् । सोही क्रममा सचिन सुनितासँग कुरा गर्न लाग्छन् । उनले सुनितासँग विवाह गर्ने कुरासमेत गर्छन् । यो कुरा सँगै रहेका कुमारले सुन्छन् । कुमार पनि सुनितालाई मन पराउँथे । आफूले मन पराएकी केटीसँग सचिनले त्यस्तो कुरा गरेपछि कुमारलाई असह्य हुन्छ, तर त्यहाँ उनी चुपचाप बस्छन् । राति साढे १० बजेतिर सुनिता सुत्न भनी पृथ्वीचोकतिर गएपछि कुमार, सचिन, सुशान्त र शुकदेव फेरि लेकसाइड बिजिबी अगाडि बसेर पैसा माग्छन् । मध्यराति १२ बजेतिर उनीहरू पुन सुत्ने स्थान (घटनास्थल) पुगी २ बोतल बियर र स्याउको रक्सी (बटारे) पिउँछन् । उनीहरूले २ जना बालकलाई तिमीहरू सुत भनी सुत्न लगाउँछन्, तर ती बालकहरू भने ननिदाइ बसेका हुन्छन् । कुमार र सचिनबीच सुनिताको विषयमा विवाद हुन्छ । नसाको तालमा रहेका दुवै जनाले आफ्नो आवेगलाई नियन्त्रण गर्न सक्दैनन् अनि सचिनले आफूसँग भएको सानो हाते चक्कु निकाली आरोपी कुमारको खुट्टामा प्रहार



गरी घाइते बनाउँछन् । शारीरिक रूपमा बलिया कुमारले सचिनको चक्कु खोसी उनलाई घोप्टो पारी घाँटी सेर्छन् । फेरि त्यही चक्कुले पेट तथा ढाडमा दुई-तीन पटक प्रहार गर्छन् राति पौने १ बजे २ जना बालक लिएर उनी ट्याक्सी रिजर्भ गरी पृथ्वीचोकमा झरी शान्तिवन बाटिका जाने बाटोभित्र चक्कु ढुंगाले छोपेर पुनः पृथ्वीचोकमा फर्कन्छन् । त्यसपछि कुमार सवा २ बजे ट्याक्सीमै घटनास्थल पुग्छन् । सचिनको मृत्यु भैसकेको देखेपछि उनी लासलाई उत्तानो बनाई बाहिर निस्कन्छन् । त्यहाँ ट्याक्सी रोकी प्रहरीलाई खबर गर्न भन्छन् । एक ट्याक्सी चालकले सेन्टरप्वाइन्टमा आई प्रहरीलाई १०० नम्बरमा फोन गरी खबर गर्छन् । प्रहरीले घटनास्थलमा पुगी अनुसन्धान सुरु गर्छ । अनुसन्धान थालेसँगै प्रहरीले माघ २९ गते बिहान बेनी काललाई लेकसाईडबाट समात्छ । यसैगरी शुकदेव बराहीघाटबाट तथा सुशान्त न्युरोडबाट पक्राउ पर्छन् । घटनास्थलनजिकै राखिएको सिसी क्यामेरा फुटेजका आधारमा प्रहरीलाई अनुसन्धान गर्न थप सहज भएको बताइन्छ ।

# दुई किशोरीको रहस्यमय मृत्यु



शंकर आचार्य

माघ २७ गते सरस्वती पूजाको दिन सीमावर्ती भारतीय सहर रक्सौल नजिक रेल्वे लिकमा पर्साका दुई किशोरीको शव भेटियो । वीरगन्ज पब्लिक कलेजमा कक्षा ११ मा अध्ययनरत पर्साको कालिकामाई गाउँपालिका-६ का हरिकिशोर प्रसाद चौरसियाकी १८ वर्षीया छोरी किरण र सोही गाउँपालिका-२ का राजेश्वर साह कलवारकी १८ वर्षीया छोरी निभाको शव रेलले काटिएको अवस्थामा फेला परेको थियो । मृतक दुवै किशोरी वीरगन्ज महानगर-१० रानिघाटस्थित बचन राउत बरैको घरमा डेरा गरी एउटै कोठामा बस्थे । सामाजिक सञ्जालमा यो घटना क्षणभरमै भाइरल भयो । भारतीय सिमानामा घटना भएकाले नेपाल प्रहरी सोभै घटनास्थलमा पुग्न सकेन । किरणको टाउको रेलको चक्काले काटिएको थियो भने निभाको देब्रे खुट्टा मात्र काटिएको थियो । घटनास्थलमा न त सडक छ, न मानव बस्ती छ । त्यहाँ रेल्वेको कुनै फाटक पनि छैन । किशोरीहरू त्यहाँ कसरी पुगे भनि चर्चा-परिचर्चा पनि चलिरहेको छ । धेरै यो घटनालाई पत्याउन नसक्ने भनी टीका-टिप्पणी गरिरहेकै अवस्थामा घटनाको भोलिपल्ट मृतक किशोरीहरूको डेराबाट प्रहरीले एउटा सुसाइड नोट फेला पारेको थियो ।

'निभा र किरण' लेखिएको सुसाइड नोटसँग गुलाफको फुल र महिला घडी पनि राखिएको अवस्थामा फेला परेको थियो । प्रहरीले किरणकै हस्तलिखित तथा उनकै हरियो रंगको डायरीमा सुसाइड नोट लेखिएको बताएको छ । आधा डायरीमा माया प्रेमसम्बन्धी शायरी लेखिएको छ भने त्यसको अन्त्यमा रातो रंगको डट पेनले सुसाइड नोट लेखिएको छ । प्रहरीले संचारकर्मीलाई सुसाइड नोटको तस्विर खिच्न दिएको छैन ।

सुसाइड नोट किरणकै डायरीमा लेखिएकाले उनले नै लेखेको अनुमान गरिएको छ, तर नोटको अन्तिममा 'एन प्लस के' लेखिएकाले दुवै किशोरीले सँगै बसेर लेखेको हुन सक्ने संकेत मिल्छ । सुसाइड नोट हिन्दी भाषामा लेखिएको छ । जसमा भनिएको छ- 'हामी अब यो संसारमा बाँच्न पाउदैनौ, हामी जुन निर्णयमा पुगेका छौं, त्यसको रहस्य हामी मात्र जान्दछौं, बाँच्ने अब कुनै अर्थ रहेन, ममी बुवा हजुरहरूले कसैलाई शंका-उपशंका नगर्नु होला, हजुरहरूको सपना हामीले पूरा गर्न पाएनौं, आई लभ यू ममी पापा, एन प्लस के ।'


अन्त्यमा ठूलो अक्षरमा अंग्रेजीमा लिखिएको छ, 'सो सरी आई लभ यू ममी-पापा, एन प्लस के' । मृतकमध्ये किरणको विवाहको टिकोटालोको मिति तय भएको थियो । फागुन ८ गते भारत बिहार रामनगरका केटासँग उनको छेको (टीकाटालो) हुने मिति तय भएको थियो । छेकाभन्दा ९ दिन पहिले किरणको मृत्यु हुनुले उनी विवाह गर्न राजी नभएको, अनन्य साथी निभासँग छुट्टिनुपर्दाको पिडा वा अन्य कारण हुन सक्ने अनुमान गरिएको छ । निभा र किरणमध्ये किरणसँग मात्र मोबाइल थियो । एउटै गाउँपालिकाका भए पनि उनीहरू फरक-फरक गाउँका थिए । किरण हरिहरपुरकी थिइन् भने निभा भेडियारीकी । दुवैको भेट सुकई साह मावि भेडियारीमा भएको थियो । त्यहाँबाट उनीहरूले गत वर्ष एसएसई परीक्षा उत्तीर्ण गरेका थिए ।

निभा वीरगन्जको वीरगन्ज पब्लिक कलेजमा पढ्थिन् भने किरण सत्यम् पब्लिक कलेज श्रीपुरमा पढ्थिन् । उनीहरूको कोठामा अन्य दुई छात्रा पनि बस्थे, तर उनीहरू आत्महत्या गर्ने हदसम्मै पुगेको विषयमा कसैले कुनै जानकारी पाएका थिएनन् । किरण र निभाको मित्रता अत्यन्त घनिष्ठ थियो । घटनाको दिन बिहान साढे ६ बजे डेराबाट बाहिरिएका उनीहरूमध्ये किरणले घरको नम्बरमा फोन गरेर आफूहरू सरस्वती पूजा गर्न घरबाट निस्किएको जानकारी अभिभावकलाई गराएकी थिइन् ।

भारतीय प्रहरीले पर्सा प्रहरीलाई मृतक किशोरीहरूको पोस्टमार्टम रिपोर्टबारे केही जानकारी दिएको छैन ।

प्रहरी उपरीक्षक रेवती ढकाल दुवै किशोरीको सुसाइड नोट नै फेला परिसकेकाले यो घटनामा धेरै शंका-उपशंका गर्ने स्थान नरहेको बताउँछन् । मृतक दुवै किशोरीको हदैसम्मको भावनात्मक सम्बन्ध देखिएको र एक-अर्कासँग छुट्टिनु पर्दाको पीडा उनीहरूले सहन नसकेको हो कि भन्ने अनुमान गरिएको छ । 'कोठाको ताल्चा फोरेर हेर्दा ओछ्यानमा सहजै फेला पर्ने गरी सुसाइड नोट राखिएको थियो,' उनले भने, 'साथमा गुलाफको फूल र महिला घडी पनि थियो, घडी किरणको विवाह हुने केटा पक्षले दिएको हुन सक्ने अनुमान गरिएको छ, गुलाफ पनि पसलबाट किनेर ल्याएको जस्तो देखिन्छ, यसरी योजनाबद्ध रूपले आत्महत्या गरिएको जस्तो देखिन्छ ।'

घटनाको अनुसन्धान गरी रहेको भारतीय पक्षबाट हाल सम्म धेरै सूचना आइ नसकेको उनले बताए । 'यो घटनामा हाम्रो मुख्य चासो, किशोरीहरूको अपरहण वा हत्या गरेर त्यहा फालिएको हो वा होइन भन्ने मात्र हो,' उनले भने, 'यी सूचना भारतीय प्रहरीबाट आएको छैन, घटनास्थल हेर्दा पनि आत्महत्याको सम्भावना बढी देखिन्छ ।' यो घटनाले अभिभावकले आफ्ना छोराछोरी कहा जान्छन् र के गर्छन् जस्ता कुराको चासो पनि राख्नु पर्ने सन्देश दिएको प्रहरी उपरीक्षक ढकाल बताउँछन् । 'आफ्ना छोराछोरीलाई अध्ययनका लागि पठाए पनि आफ्नो जिम्मेवारी पूरा भयो भनि अभिभावक ढुक्क भएर बस्नु हुँदैन भन्ने सन्देश यो घटनाले दिएको छ,' उनले भने, 'आफ्ना छोराछोरी कहाँ जान्छन्, के गर्छन्, कस्तो संगतमा छन् जस्ता कुराको हेक्का पनि अभिभावकले राख्न जरुरी छ ।'





# दौरा-सुरुवाल मोह



विष्णु तारुके

मुलुक धर्म निरपेक्षातामा गएपछि हाम्रा कतिपय रीतिरिवाज, परम्परा हराउँदै गएको महसुस हुन थालेको छ। धर्मनिरपेक्ष राष्ट्र घोषणा भएसँगै यसका पक्ष र विपक्षमा व्यापक बहस हुन थालेको छ। धर्म निरपेक्षता ८० प्रतिशतभन्दा बढी हिन्दू भएको मुलुकमा जरुरी थिएन भन्ने आवाज पनि टड्कारो छ। यसका पक्ष-विपक्षमा बहज जारी रहँदा नेपालको निजी क्षेत्रका व्यवसायी तथा बैंकका उच्च तहका कर्मचारीमा देखिएको दौरा-सुरुवाल मोह भने कर्पोरेट ड्रेसका रूपमा विकसित हुँदै गएको पाइन्छ।

हरेक साता आइतबार हिमालयन बैंकमा भिन्न परिवेश हुन्छ। त्यो दिन हिमालयन बैंकका सबैजसो कर्मचारी दौरा-सुरुवालमा सजिएर आउँछन्। हिमालयन मात्र होइन, अहिले कर्पोरेट सेक्टरका धेरैले दौरा-सुरुवाल लगाउन थालिसकेका छन्। हिमालयनमा जस्तै सांग्रिला डेभलपमेन्ट बैंकका

> राष्ट्रियता झल्कने र आफैमा पनि राम्रो देखिने हुनाले मैले काम गरेका सबै बैंकमा अनिवार्य गरेको थिएँ, -किशोर महर्जन भन्छन्। उनले हिमालयन बैंक छोडेर सनराइज बैंक पुगेपछि त्यहाँ पनि दौरा-सुरुवाल र साडी अनिवार्य गरेका थिए। सनराइज बैंकमा किशोरले सिइओ छोडेको लामो समयसम्म पनि दौरा-सुरुवाल कल्चर चल्यो।



कर्मचारीले पनि हरेक आइतबार दौरा-सुरुवाल लगाउँछन्। त्यस्तै जनरल इन्स्योरेन्स कम्पनीका सिनियर कर्मचारीहरू पनि बेला वखत दौरा-सुरुवाल लगाउँछन्।

उता नियमितझैं दौरा-सुरुवालमा ठाँटिने मेगा बैंकका अनिलकेशरी शाह अहिले पनि बेलाबेलामा दौरा-सुरुवालमै देखिन्छन्। किशोर महर्जन सिभिल बैंकमा छउन्जेल उनले त्यहाँ पनि दौरा-सुरुवाल अनिवार्यजस्तै गरेका थिए। सिभिल बैंकमा अहिले पनि सिनियर स्टाफहरूले दौरा-सुरुवाल तथा साडी-चोली नै लगाउँछन्।

सरकारी कार्यालयका माथिल्लो तहका कर्मचारीले नियमितजसो लगाउने दौरा-सुरुवाल अहिले निजी क्षेत्रको पनि आकर्षणमा छ। दौरा-सुरुवाल बैंक एवं वित्तीय क्षेत्रमा काम गर्ने कर्मचारीहरूमा कर्पोरेट कल्चरकै रूपमा भित्रिसकेको छ भने अन्य व्यवसायिक प्रतिष्ठानहरूमा पनि दौरा-सुरुवाल मोह बेस्सरी मौलाएको छ। चौधरी ग्रुपका युवा व्यवसायी करण चौधरी बेला-बेलामा दौरा-सुरुवालमा ठाटिन्छन्। अग्ला कदका चौधरी दौरा-सुरुवाल लगाएर कार्यालय आउँदा अरु स्टाफ पनि लोभिने गरेको बताउँछन्।

नेपालको बैंकिङ क्षेत्रमा दौरा-सुरुवाल भित्र्याउने बैंक हिमालयन बैंक हो भने पहिलो सिइओ पृथ्वीबहादुर पाण्डे हुन्। हिमालयन बैंकमा आजभन्दा २१ वर्षअघि सुरु भएको हो– दौरा-सुरुवालको प्रचलन। हिमालयन बैंक छाडेका किशोर महर्जनले पछि सनराइज बैंक हुँदै सिभिल बैंकमा पनि साताको १ दिन दौरा-सुरुवाल र साडी अनिवार्य गरे। हिमालयनले आजभन्दा २१ वर्षअघि नै दौरा-सुरुवालको सुरुवात गरेको हो सिईओ अशोक राणाले भने अहिले सांसद मन्त्रीहरूले राष्ट्रिय पोसाक लगाउन छाडेकाले राष्ट्रियता जोगाउन आफूहरू लागिपरेको बताए।

हिमालयन बैंक मात्र होइन, अहिले कर्पोरेट सेक्टरमा ग्ल्यमरस बन्दै गएको छ दौरा-सुरुवाल। जब-जब देशमा धार्मिक संकट पर्छ तब सबै क्षेत्रमा त्यसको दबाब नै गरेको अशोक राणा बताउँछन्। हिमालयन बैंकमा दौरा-सुरुवाल लगाउने चलन २१ वर्षअघि सुरु भए पनि त्यसले निरन्तरता पाएको थिएन। माओवादी द्वन्द्वको समयमा दौरा-सुरुवाल बन्द गरिएको बताउँछन् हिमालयन बैंकका डिजिएम उज्ज्वलराज राजभण्डारी।

राष्ट्रियता झल्कने र आफैमा पनि राम्रो देखिने हुनाले मैले काम गरेका सबै बैंकमा अनिवार्य गरेको थिएँ, -किशोर महर्जन भन्छन्। उनले हिमालयन बैंक छोडेर सनराइज बैंक पुगेपछि त्यहाँ पनि दौरा-सुरुवाल र साडी अनिवार्य गरेका थिए। सनराइज बैंकमा किशोरले सिइओ छोडेको लामो समयसम्म पनि दौरा-सुरुवाल संस्कार चल्यो। सनराइजमा हाल दौरा-सुरुवालको त्यो अनिवार्यता हटिसकेको छ।

त्यसैगरी किशोर महर्जनले सुरु गरेको सिभिल बैंकमा हालसम्म पनि आइतबार दौरा-सुरुवाल लगाइन्छ। बैंकको ब्रान्डिङ एन्ड कर्पोरेट कम्युनिकेसन विभाग प्रमुख विजयराम कसजू भन्छन्– हरेक आइतबार सिभिल बैंकमा म्यानेजर लेभलका सबै कर्मचारीले दौरा-सुरुवाल र साडी लगाउँछन्। सिभिलमा किशोर मर्हजन सिइओ हुँदा सुरु गरेको दौरा-सुरुवालकै कारण पनि बजारमा धेरै चर्चा चल्यो। कतिपयले त्यसलाई नयाँ बैंकको नयाँ ट्रेन्ड भनेर व्याख्या गरेका थिए।

बैंकर महर्जन भन्छन्– त्यतिबेला सबै कर्मचारीले मन पराए। गाडीमा हिँड्दा होस् वा अन्य सभा-समारोहमा होस्, दौरा-सुरुवाल लगाउँदा छुट्टै सम्मान हुन्थ्यो।

त्यस्तै अहिले सांग्रिला विकास बैंकमा पनि दौरा-सुरुवालको प्रचलन सुरु भएको सिईओ सुयोग श्रेष्ठले बताए। मैले ३ महिनादेखि सिनियर स्टाफहरूमा दौरा-सुरुवाल र साडीको प्रचलन सुरु गरेको छु, सुयोगले भने। राष्ट्रिय भावनाकै कारण दौरा-सुरुवाललाई प्राथमिकतामा राखेको श्रेष्ठले बताए।

कुनैबेला सिटिजन्स बैंकका सिइओ राजनसिंह भण्डारी पनि प्रायः दौरा-सुरुवाल नै लगाउँथे। त्यस्तै नविल बैंकका सिइओ अनिल शाहले बेला बखत दौरा-सुरुवाल लगाए पनि बैंकमा अनिवार्य भने गरेका छैनन्। उता जनरल इन्सयोरेन्सका कर्मचारीहरू पनि बेला बेलामा दौरा-सुरुवालमा ठाँटिन्छन्। नेपाल इन्स्योरेन्समा नियमित नभए पनि कर्मचारीहरूले बेलाबखत दौरा-सुरुवाल लगाउने सिइओ विजय बहादुर शाह बताउँछन्। चटक्क ढाकाटोपी र दौरा-सुरुवालमा सजिएका कर्मचारीसँग ग्राहकको आकर्षण पनि उत्तिकै देखिन्छ।

# फेवातालको किनारमा कोकोबीच












कोकोबीचमा पुरानो डुङ्गाको टेबल, एक्वा बार, पिङ, झुला, पुरानो बसको भित्र बसेर, छतमा बसेर, बालुवामा सुतेर नौलो अनुभव लिन पाइन्छ । यहाँ पाइने बीबीक्यु, लोकल माछाका परिकार तथा सिर्जनशील ककटेलले जोकसैलाई लोभ्याउँछ । यहाँ इन्डोनेसियाको बालीको अनुभव प्रदान गर्ने उद्देश्य सञ्चालकहरूको छ ।

समुद्रको किनारमा बसेर रमाउन खोज्नेहरूका कारण विश्वका विभिन्न समुद्री किनारा लोकप्रिय निकै छन् । यस्ता समुद्री किनारामा पुगेर रमाउने सपना धेरैको हुन्छ । यद्यपि कोही आर्थिक कारणले त कोही समय अभावका कारणले त्यस्ता ठाउँमा पुग्न सकिरहेका हुँदैनन् । त्यस्तै ठाउँको अनुभूति दिलाउन पोखरा महानगरपालिका वडा नम्बर १८ खपौदीमा कोको बीच पोखरा रेस्टुराँ सञ्चालनमा आएको छ, जहाँ पुग्नेहरूले बीचमा पुगेको अनुभव गर्न पाउँछन् । पोखराको हल्लनेचोक लेकसाइडबाट साढे २ किलोमिटर पश्चिममा पर्ने कोकोबीच पैदल वा सवारी साधनमार्फत पुग्न सकिन्छ । अरूको भन्दा केही फरक गरी ग्राहकको ध्यान खिच्दै व्यवसायमा सफल हुने लक्ष्यका साथ यो कोको बीचलाई युवा व्यवसायी जीवन गुरुङले सञ्चालनमा ल्याएका हुन् । यसमा उनीसँगै हङकङमा भएका उनका अंकल युवराज गुरुङको लगानी छ । विदेशको बीचको अनुभव दिलाउने उद्देश्यले आफुहरूले यसलाई सञ्चालनमा ल्याएको जीवनले बताए । जीवन गुरुङसँग ४ वर्ष युकेको रेस्टुराँमा काम गरेको अनुभव छ । २९ वर्षका जीवन २००९ देखि २०१४ सम्म युकेमा थिए ।

यहाँ पुग्नेहरूले विदेशको बीचको अनुभुती गर्दै ३ सय ६० डिग्रीमा फेवाताल, आकाशमा उडिरहेका प्याराग्लाइडिङ, हरिया डाँडा सहितका प्राकृतिक दृश्य अवलोकन गर्न सक्छन् । यहाँ रि-साइकल गरिएर सामग्रीहरू प्रयोग गरिएको छ । कोकोबीचमा पुरानो डुङ्गाको टेबल, एक्वा बार, पिङ, झुला, पुरानो बसको भित्र बसेर, छतमा बसेर, बालुवामा सुतेर नौलो अनुभव लिन पाइन्छ । यहाँ पाइने बीबीक्यु, लोकल माछाका परिकार तथा सिर्जनशील ककटेलले जोकसैलाई लोभ्याउँछ । यहाँ इन्डोनेसियाको बालीको अनुभव प्रदान गर्ने उद्देश्य सञ्चालकहरूको छ ।

कोकोबीचमा एकै पटकमा ५ सय जनाले खान तथा दृश्यावलोकन गर्न सक्छन् भने हरेक महिना एउटा इभेन्ट गर्ने योजना भएको सञ्चालक गुरुङले बताए । यहाँ पाइने परिकार लेकसाइडमा पाइने परिकार भन्दा सस्तो हुने दावी उनको छ । फ्रेस हाइजनिक फुड यहाँको विशेषता हो । फेमिली, कपल तथा बालबालिका सबै यहाँ दिल खोलर रमाउन सक्छन् । हरेक दिन विहान ७ बजेदेखि राति ११ बजेसम्म सञ्चालनमा आउने कोकोबीचमा निकट भविष्यमा मसाजको सुविधा थपिनेछ । यसैगरी रेस्टुराँसँगै रिसोर्ट समेत सञ्चालन गर्ने तयारी छ । त्यसका लागि केही जग्गा खरिद तथा केही जग्गा भाडामा लिएर काम सुरु गरिएको छ । जीवनलाई युकेबाट नेपाल फर्किएपछि विदेश जान मन लागेन । यहीं केही गर्ने सोच पलायो । त्यसपछि उनले मार्केट रिसर्च गरे । सबै होटल तथा रेस्टुराँले कपी गर्ने भएकाले फरक गरौं भनेर उनले कोको बीच सञ्चालनमा ल्याएका हुन् ।



**तस्बिर : राजाराम पौडेल**

जनताको विचार

# प्रधानमन्त्री रोजगार कार्यक्रम कस्तो लाग्यो ?



हाम्रो जस्तो गरिब देशले यस्तो कार्यक्रम धान्न सक्दैन । बरु हरेक वर्ष यसरी नै अतिरिक्त रकम छुट्याएर त्यसबाट हरेक जिल्लामा उद्योग खोल्नुपर्छ र रोजगारी प्रदान गर्नुपर्छ जहाँ हरेक तहका मानिसले रोजगारी प्राप्त गर्न सकून् । अनुदान दिनु वा यसरी पैसा बाँडनु भनेको बालुवामा पानी खन्याउनु सरह हो । यसको कुनै अर्थ हुँदैन र उपलब्धि पनि शून्य नै हुन्छ ।

**प्रेम भण्डारी**

अहिलेको जमानामा कुनै पनि घर, टोल वा समाजमा कोही पनि बेरोजगार छैनन्, सबै जना कुनै न कुनै कार्यमा अवश्य इंगेज भएकै हुनुपर्छ । घरपरिवारकै कोही न कोही सदस्य कुनै पनि कार्यालय वा श्रम बजारमा अवश्य रोजगार हुनुहुन्छ ।

**भोलानाथ पौडेल**

कार्यक्रम त सही-सही ल्याउँछन् नि केपी बाले, लागू हुँदैन र पो त दुःख लागेर आउँछ ।

**मनिष श्रेष्ठ**

राजनैतिक पहुँच नभएका सर्वहारा अनि गरिब-दुःखीले यो भत्ता पाउँदैनन् ।

**टिएच तम्बापो**

यो कार्यक्रमअनुसार एक-दुईबाहेक कोही पनि लाभान्वित हुँदैनन् ।

**भानु कुमाल**

ठीकै लाग्यो । केही नगरी बस्नुभन्दा यस्ता स-साना कार्यक्रम भए पनि गरेकै राम्रो ।

**रमन श्रेष्ठ**

यो योजनामा विश्वास गर्नु मुर्खता हो । ढुक्क हुनुहोस्, सोझासीधा जनताले रोजगारी र बेरोजगार भत्ता सहज रूपमा प्राप्त गर्न अझै सयौं वर्ष कुर्नुपर्छ ।

**गोपाल अर्याल**

रोजगार कार्यक्रम ल्याउनु त सारा बेरोजगार युवा-युवतीहरूका लागि खुसीको कुरा हो, तर के गर्नु ? यो पनि सोर्स-फोर्स र आफन्त हुनेहरूकै लागि त होला नि । तपाईं-हामीजस्ता बेरोजगारका लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात भनेजस्तै हो ।

**तेज पाख्रिन**

ए बाबा ! यो कार्यक्रम कसका लागि ल्याएको हो ? घरको कुनै पनि सदस्य रोजगारीमा हुनु नहुने रे ! कुनै सदस्य विदेश गएको पनि नहुने रे अनि स्वरोजगार पनि हुनु नहुने रे । घरमा ६ जना सदस्य छन् तर एक जना मात्र रोजगारीमा हुँदा के सबैलाई रोजगारी छन् भन्न मिल्छ ?

**जीवन पराजुली**

आफैंमा नराम्रो कुरा त होइन तर कार्यान्वयन पक्ष सधैं फितलो हुँदा असलीभन्दा नक्कली बेरोजगार लाभान्वित हुने र नेताका खास कार्यकर्तालाई बाइकमा तेल र नास्ता खर्च जोहो होला जस्तो लाग्दैछ ।

**प्रेम पोर्तेल**

सरकारले केही गर्न खोजेको छ, यसलाई सकारात्मक रूपमा लिनुपर्छ, तर यहाँ केही गर्छु भन्नेलाई हौसला दिनुको सट्टा गिराउने काम मात्र हुन्छ । त्यही भएर यो देशको विकास हुँदैन ।

**आर. भट्टराई**

त्यति उपयुक्त लागेन । नेपालमा बेरोजगारको पहिचान गर्न नै गाह्रो छ । खालि राजनीतिक कार्यकर्ता पोस्ने मात्र काम हुन्छ ।

**चक्र डुम्रे**

प्रधानमन्त्री रोजगार कार्यक्रम होइन, जनता रोजगार कार्यक्रम शीर्षक राख्नु ठीक हुन्छ । योजना त राम्रै होलान् तर कार्यान्वयन तहमा पुग्दा कार्यकर्ता पोस्ने बाहेक अरु केही हुनेवाला छैन ।

**दल आले मगर**

बेरोजगारलाई भत्ता दिनुभन्दा बन्द भएका सरकारी कल-कारखानाहरू पुनः सञ्चालनमा ल्याउने प्रयास गरौं । बेरोजगार युवाहरूका लागि दक्षता तालिम कार्यक्रम सञ्चालन गरौं । युवा पलायन रोक्न सकियो भने देश बन्न समय लाग्दैन, समृद्ध नेपाल हाम्रै पालामा सम्भव छ ।

**गन्तव्यविहीन यात्री**

लुट्ने सबै उपाय लगभग सकिएपछि सरकारले बेरोजगारलाई भत्ता दिने भनेर पैसा कुम्ल्याउने नयाँ टेक्निक अपनाएछ ।

**सुरेश**

अहिलेसम्म कागजमा निर्णय त कति भए कति ? कुरा पारदर्शी कार्यान्वयनको हो । नेपाल पछि पर्नुको मुख्य कारण नै भएका निर्णय कडाइका साथ कार्यान्वयन नहुनु हो । हेर्दै जाऔँ, कार्यकर्ता पोस्ने काम मात्र नहोस् । साँच्चैका बेरोजगारले रोजगारी पाऊन् ।

**कुमार गौतम**

संसारमा कुन विचारलाई चौपट्टै बेकामको भनेर किट्न सकिन्छ र ? हिट्लर र नेपोलियन देशभक्त त थिए, बिन लादेन विद्वान थिए । फरक यस मानेमा पर्न जान्छ कि तपाईं आफ्नो भावना र विचारलाई कसरी सम्प्रेषित गर्नुहुन्छ अनि तपाईंको मन र मस्तिष्क कत्तिको एकाकार छ । आत्माको बोली लागू हुन्छ, जिब्रोको के भर ?

**डिल्लीराज बस्याल**

भएका निजी संस्थाका रोजगारीमा पनि आफ्ना समर्थक र कार्यकर्ता नै भर्ना गर्ने मेसो देखिन्छ, बाँकी त हेर्नैपर्छ । अब झन् युवाहरूलाई जागिरको लोभमा नेकपा बनाउने प्रपन्च देख्छु म । मेरो बुझाइ गलत होस् ।

**डा. कमल अर्याल**


नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेलः ४२१५६२८, लगनखेल बसपार्कः ९८६४२५८१८८, चावहिलचोकः ४४९३३६१, नयाँबानेश्वरः ९८६४२५८१७६, कोटेश्वरचोकः ४६०००१५, कलंकीचोकः ५२३४४८९, गोंगबुचोकः ४०२००९९, बुटवलः ०७१-५४१४६९, नारायणगढः ०५६-५७२१४४, पोखराः ०६१-५२४९८१, बाग्लुङ्गः ०६८-५२२७१०, इटहरी चोकः ०२५-५८७१७५, दाङ घोराहीः ०८२-५६३६११, बिर्तामोडः ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

फागुन १२ गते
शिक्षा दिवस

फागुन १५ गते
राष्ट्रिय मगर दिवस, विश्व गैरसरकारी संस्था दिवस

### मेष

आर्थिक परिवर्तनमूलक सप्ताह हुनेछ । अपेक्षाभन्दा बढी सहयोगी फेला पर्नेछन्, तर खर्च गर्न कन्जुस्याइँ नगर्नुहोला । अपरिचित व्यक्तिबाट व्यवसायको प्रस्ताव प्राप्त हुने सम्भावना छ । राति अबेरसम्मको भेटघाटमा नोक्सानी हुनसक्छ । साताको अन्त्यमा गरिने भ्रमणबाट खाली हात फर्कनुपर्ने छैन ।

### वृष

मनको चञ्चलपनमा वृद्धि हुनेछ । रोकिएका कार्य सम्पन्न भै आर्थिक समस्या स्वतः समाधान हुनेछ । मांगलिक कार्यको तिथिमिति तोकिने सम्भावना टरेको छैन । मनका भावना आदानप्रदान गर्ने मित्र फेला पर्नेछन् । पारिवारिक मतको कदर गर्नुहोला । रमणीय यात्रा तथा किनमेलमा खर्च गर्नुपर्ने हुन सक्छ ।

### मिथुन

समयमै होश नपुऱ्याउँदा कैयौं राम्रा अवसर फुत्किने सम्भावना छ । कर्जा पनि थपिने छ । दुबो रङ्गको प्रयोगले विशेष फाइदा दिन सक्छ । चिसोसम्बन्धी समस्याले स्वास्थमा प्रतिकूल प्रभाव पार्न सक्छ । सप्ताहन्त रमाइलोसँग बित्नेछ । सुनौलो रंगको पहिरनले परिणाम नजिक पुग्न मद्दत गर्नेछ ।

### कर्कट

मन पराउनेहरूको सपना साकार तुल्याउन थप मेहनतको आवश्यकता छ । भावना आदानप्रदानले प्रेमी-प्रेमीकाहरूलाई अझ नजिक बनाउन सहयोग गर्नेछ । उदाहरणको पात्र बनी सहपाठीहरूमाझ चर्चित भइनेछ । सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने हुनसक्छ ।

### सिंह

मेहनतपूर्वक गरिएको कार्यले सराहनीय काम गर्न सक्ने व्यक्तित्वमा छनौट भइनेछ । रोजगारीको अवसर फुत्कन सक्छ, समयमै सचेतना अपनाउनुहोला । काममा ढिलाइ तथा अन्योलताले उन्नतिको मार्ग अवरुद्ध हुने सम्भावना छ । होसियारीपूर्वक गरिएको कार्यबाट पर्याप्त धन आर्जन गर्न सकिनेछ ।

### कन्या

प्रेमी-प्रेमिकाले मनका कुरा खोल्न ढिलाइ गर्न सक्छन् । मन पराउनेहरूको सुझाव लाभदायक नै हुनेछ । आवेशमा गरिएको कामले उल्टो परिणाम दिन सक्छ । पहेंलो रंग शुभ छ । वैदेशिक अवसर हात पार्न साथीहरूको सुझाव अनुसरण गर्नुहोला । भोजभतेरमा सहभागी हुँदा खानपानमा ध्यान पुऱ्याउनुपर्नेछ ।

### तुला

अधुरा चाहनाहरू पूरा गर्ने समय आएको छ । आर्थिक क्षेत्रमा प्रभुत्व जमाई अपेक्षा गरेजस्तै लाभ लिन सकिनेछ । घरायसी व्यवहार अभिभावकलाई जिम्मा दिनुमै आफ्नो कल्याण छ । ठूलाबडाको निर्णयले आफ्नो अवसरको ढोका खोल्न सहयोग पुऱ्याउनेछ । विपरीत लिङ्गी साथी आफूप्रति आकर्षित भएको अवस्था छ ।

### वृश्चिक

प्रेमप्रस्ताव प्राप्त हुनसक्छ, ध्यान पुऱ्याएर निर्णय गर्नुहोला । योजना तर्जुमा गर्दा ज्येष्ठ व्यक्तिहरूको सुझाव लिनु नै आफ्नो हितमा हुनेछ । अनुशासन तथा लगनशीलताका कारण प्रतिष्ठा प्राप्त गर्न सकिनेछ । साताको अन्त्यमा आफूले गरेको कामको परिणामसमेत हात लाग्नेछ । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला ।

### धनु

तपाईंको जिद्दीले फाइदा पुऱ्याउनेछैन् । यो साता योग तथा शारीरिक कसरतमा बढी समय खर्चनुपर्नेछ । सूर्य नमस्कारले फाइदा दिनेछ । खानपानमा फेरबदल भै शारिरिक दुर्बलता देखा पर्न सक्छ । पारिवारिक सर-सल्लाहमा मतभेदको स्थिति भए पनि अभिभावकहरूको प्रस्ताव नै निर्णायक हुनेछ ।

### मकर

साना किसिमका लगानीबाटै प्रशस्त धन आर्जन गर्न सकिनेछ । मांगलिक कार्यमा खर्च गर्नुपर्ने हुँदा आवश्यक खर्चको जोहो गर्नुपर्नेछ । स्वास्थसम्बन्धी समस्याबाट स्वतः मुक्ति पाइनेछ । सामाजिक क्षेत्रमा कार्य गर्ने अवसर जुट्नेछ । हाड-नशासम्बन्धी समस्याले सताउन सक्छ ।

### कुम्भ

मेहनत गर्दा जीवनशैलीले नयाँ फड्को मार्न सक्छ । कुरा काट्नेहरूले तपाईंको चियोचर्चो गर्न छाड्ने छैनन् । अभिभावकहरूको सुझावअनुरूप चल्न सके ईर्ष्या गर्नेहरूलाई पछि पार्न सकिनेछ । प्रेमिकाले नयाँ अवसर प्राप्त भएको खबर सुनाउँदा हर्षित भइनेछ । विभिन्न स्थानको भ्रमणमा समय खर्चनुपर्ला ।

### मीन

पहेंलो रंगको पहिरनमा प्रस्तुत हुँदा प्रेमी-प्रेमिकाहरू मोहित हुनेछन् । प्रलोभन देखाउनेहरूसँग जोगिने प्रयास गर्नुहोला । मंगलबारपछिका दिनमा विविध अवसर प्राप्त हुनसक्छ । साथीहरूको सुझाव आत्मसात् गर्दा पुरस्कृत हुने सम्भावना छ । सवारी चलाउँदा संयम अपनाउनुहोला ।

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

मैले यौनसम्पर्क गर्दा सुन्दरीहरूलाई सम्झेर गर्ने गरेको छु । त्यसो त बाटोमा हिँड्दा कुनै सुन्दर युवती देखें भने उनलाई सम्झेर यौनसम्पर्क गर्दा मलाई छुट्टै आनन्द आउँछ । यो यौनसँग सम्बन्धित मेरो मानसिक समस्या पो हो कि ?

XYZ





### सुन्दरीलाई सम्झने कुरा

राम्रा कुराको सम्झना स्वभाविक हो, त्यसले आनन्द दिन्छ । व्यक्तिले राम्रा कुराको परिकल्पना गर्छ । परिकल्पना व्यक्ति, वस्तु वा परिस्थितिको परिचित्र हो । कलाकार, नाटचकर्मी, लेखक, कथाकार, चित्रकार आदि सबैजसोले आफ्नो सृजनशीलतामा यस्ता कल्पना वा परिकल्पनाको प्रयोग गरेका हुन्छन् । हामी सबै कल्पना गर्छौं । कल्पना हाम्रो दैनिक जीवनमा जहिले पनि साथ लागेर आउँछ । बाल्यकालदेखि नै यस्ता कल्पना गरिन्छन् र सम्भवतः जीवनपर्यन्त चलि नै रहन्छ । तपाईंले आफ्नो यौनसम्पर्कका दौरान सुन्दरीलाई सम्झने कुरा गर्नुभएको छ जुन यौन परिकल्पना हो ।

### के हो यौन परिकल्पना ?

मानिसले गर्ने यस्ता परिकल्पनामा यौनसम्बन्धी कुरा प्रशस्तै हुन्छन् । यस्ता परिकल्पना यौनसम्बन्धी भए अर्थात् ती यौन प्रकृतिका भए हामी त्यसलाई यौनसम्बन्धी कल्पना वा यौन परिकल्पना (sexual fantacies) भन्छौं । यस्ता कल्पना व्यक्तिका आफ्ना पुराना अनुभवमा आधारित वा नितान्त कल्पित हुन्छन् । प्रायःजसो स्थितिमा दुवै थरीको मिश्रण हुने देखिन्छ । हस्तमैथुन गर्ने प्रक्रियामा पनि यौन परिकल्पनाको प्रयोग हुन्छ । अल्फ्रेड किन्सेले लगभग सबैजसो पुरुषले तथा बढीजसो (६४ प्रतिशत) महिलाले हस्तमैथुन गर्दा यौन परिकल्पना गर्ने कुरा उल्लेख गरेका छन् ।

मानव यौनिकता सामाजिक जीवनको विविध पक्षद्वारा भरिपूर्ण हुन्छ र त्यसमा प्रशस्तै यौन परिकल्पना हुन्छ । यस्ता यौन परिकल्पनामा समाजमा स्वीकार्य कुरादेखि एकदमै अमान्य कुरासम्म पर्छन् । त्यसमा व्यक्तिअनुसार अति नै विविधता पनि हुन्छ ।

### के-कस्ता कुरामा यौन परिकल्पना गरिन्छ ?

मानिसले के-कस्ता कुरामा यौन परिकल्पना गर्छन् वा गर्न सक्छन् भन्ने कुरा असीमित नै हुनसक्छ । वरपरिका व्यक्ति, नातेदार, चलचित्रका व्यक्तिदेखि लिएर जनावरसम्मका अनेक क्रियाकलाप अनि अनेक परिस्थिति यौन परिकल्पनाका विषय हुन सक्छन् ।

कसैको यौन परिकल्पना वास्तविक जीवनमा कहिल्यै प्रयोग नगरिएका कुरा हुन सक्छन् भने कसैकोमा आफू शक्तिशाली स्थितिमा भएको कल्पना गरिन्छ । आफ्नो नियमित यौन साथीभन्दा बाहेकका व्यक्तिसँग यौनसम्पर्क गरेको कल्पना सबैभन्दा बढी गरिने यौन परिकल्पना हो । कल्पनामा आउने व्यक्ति जो-कोही पनि हुन सक्छन् । कतिपय स्थितिमा प्रसिद्ध व्यक्तिसँग यौनसम्पर्क गरेको कल्पना गरिन्छ भने कतिपय स्थितिमा कुनै परिचित व्यक्ति । त्यसबाहेक कतिपयले समूहमा यौनसम्पर्क गरेको देखि जबरजस्ती गरेको यौन परिकल्पनासमेत गरेर आनन्द लिन्छन् ।

### यौन परिकल्पनाका फाइदा

यौन परिकल्पनाले व्यक्तिलाई यौन क्रियाकलापमा संलग्न हुन र त्यसबाट अधिकतम सुख प्राप्त गर्न पहिलेदेखि नै तयार राख्छ । यसो हुँदा शारीरिक क्रियाकलाप अनि यौनेच्छालाई उच्चस्तरमा राख्दा त्यसको तीव्रता बढी हुन्छ । यौन परिकल्पना धेरैजसो स्थितिमा अन्य कुनै कुरासँग गाँसेर यौनसुख प्राप्तिका लागि प्रयोग गरिन्छ । विचार गरेर हेर्ने हो भने हस्तमैथुन गर्दा प्रायःजसो स्थितिमा यौन परिकल्पना एउटा अभिन्न अङ्ग हुन्छ ।

विभिन्न व्यक्तिले फरक-फरक किसिमले यौन परिकल्पनाको प्रयोग गर्छन् । यसलाई कसैले सुरुवात राम्रो गर्न अधिक उत्तेजनाका लागि प्रयोग गर्छन् भने कसैले निम्न स्तरमा लामो समयका लागि विस्तारै संवेगको स्थितिमा पुग्न । यौन परिकल्पनाले यौनलाई विभिन्न किसिमले मानसिक तथा शारीरिक दुवै पक्षमा फाइदा पुऱ्याउन सक्छ । गहिराइमा पुगेर विचार गर्ने हो भने यसको दीर्घकालिन प्रभाव भनेको यौन सम्बन्धलाई निरन्तरता दिनु हो, जसको सकारात्मक प्रभाव वैवाहिक तथा पारिवारिक जीवनमा पनि पर्छ नै । यौन परिकल्पनाले यौन जीवनको एकनासेपनलाई समाप्त पार्न वा कम गर्न सहयोग गर्छ र नयाँपनको ऊर्जा प्रदान गर्छ । मनमा नकारात्मक कुरा आउन नदिन पनि कल्पनाशक्ति नै प्रयोग गर्न सकिन्छ । निर्देशकको भूमिकामा आफू नै हुने भएकाले आफूले चाहेअनुसार नै कल्पना गर्न सकिने मात्र होइन, त्यसलाई चाहेको दिशातर्फ मोडन पनि सकिन्छ र कुनै असहज किसिमको कल्पना मस्तिष्कमा आए त्यसलाई बन्द गर्न सकिन्छ । वास्तविक जीवनमा प्रयोग गर्न नसकिने कुरा, समाजमा अमान्य मानिएका सम्बन्ध, परिस्थिति अथवा यहाँसम्म कि गैरकानुनी मानिएका कुरामा समेत यौन सम्पर्क राखिएका वा यौन क्रियाकलापमा संलग्न भएको कल्पना गर्न सकिन्छ, अरू कसैलाई पनि नकारात्मक प्रभाव नपारीकनै । यौन परिकल्पनाले आफैभित्रका विरोधाभास वा अलमललाई स्पष्ट पार्ने अवसरसमेत प्रदान गर्छ ।

### ध्यान पुऱ्याउनुपर्ने कुरा

मलाई लाग्दैन, तपाईंलाई त्यस्तो केही भएको छ जसलाई असामान्य वा मानसिक समस्या नै मान्नुपरोस् । यौन परिकल्पना परिकल्पनाकारको नियन्त्रणमा हुने भए नचाहँदा-नचाहँदै कतिपय परिस्थितिमा यो पुनः दोहऱ्याएर आउने र आन्तरिक हुरी-आँधी नै ल्याउने खालको हुनसक्छ, ग्लानि वा विरोधाभासयुक्त वा भययुक्त हुनसक्छ । एकदमै असहज स्थिति वा कष्ट हुने स्थिति भयो भने आफ्नो समस्याको निदान एवं समाधानका लागि प्रयास गर्नुपर्छ । यसमा तपाईंलाई मनोचिकित्सक, मनोवैज्ञानिक वा यौन विशेषज्ञहरूले मद्दत गर्न सक्नुहुन्छ ।

> हस्तमैथुन गर्ने प्रक्रियामा पनि यौन परिकल्पनाको प्रयोग हुन्छ । अल्फ्रेड किन्सेले लगभग सबैजसो पुरुषले तथा बढीजसो (६४ प्रतिशत) महिलाले हस्तमैथुन गर्दा यौन परिकल्पना गर्ने कुरा उल्लेख गरेका छन् । मानव यौनिकता सामाजिक जीवनको विविध पक्षद्वारा भरिपूर्ण हुन्छ र त्यसमा प्रशस्तै यौन परिकल्पना हुन्छ । यस्ता यौन परिकल्पनामा समाजमा स्वीकार्य कुरादेखि एकदमै अमान्य कुरासम्म पर्छन् । त्यसमा व्यक्तिअनुसार अति नै विविधता पनि हुन्छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## १० हल्ला र यथार्थ

- भनिन्छ, मध्यपानले यौन इच्छा बढाउँछ, तर यसले यौन चेतनामा कुनै प्रभाव पार्दैन । कहिलेकाहीं कुनै-कुनै व्यक्तिका हकमा रक्सी सेवन गर्दा डर-चिन्ता तत्कालका लागि हट्न सक्छ जसले गर्दा मानिसले खुलेर आफ्ना भावना व्यक्त गर्न सक्छ तर यसले यौन चाहनालाई तीव्रता भने दिँदैन ।
- कोही भन्छन्, रक्सी सेवनपछि पुरुषको लिंग बढी उत्तेजित हुन्छ र ऊ बढी कामुक समेत हुन्छ । वैज्ञानिकहरूका अनुसार कमै मात्रामा रक्सीको सेवनले व्यक्तिको यौन इच्छामा सामान्य प्रभाव पार्छ । बढी रक्सी सेवन गर्नेहरूमा त्यसको उल्टो असर पर्छ । लिंगमा यौन उत्तेजना देखिनुको सट्टा कमजोर हुँदै जान्छ । सीधै भन्दा बढी रक्सी सेवनले नपुंसकता वृद्धि हुन्छ ।
- रक्सी सेवन गरेपछि लामो समयसम्म यौन समागम गर्न मद्दत मिल्छ भन्ने कुरा पनि अन्धविश्वास मात्र हो । रक्सी सेवनबाट यौन क्षमतामा प्रभाव पर्छ तर लामो समयसम्म समागम गर्न होइन कि यसले शीघ्र वीर्य स्खलनजस्तो समस्या बढाउँदै लान्छ ।
- चुरोट वा सुर्तीको नियमित सेवनले मानिसमा नपुंसकता निम्त्याउँछ । सुर्तीमा हुने निकोटिन विस्तारै रक्त नलीमा जम्मा हुन्छ र रगतको प्रवाहमा कमी आएर पुरुष लिंग उत्तेजित हुने क्रम कम हुन्छ । रक्त प्रवाह कम हुँदै जाँदा नपुंसकता बढ्ने प्रबल सम्भावना हुन्छ ।
- गाँजा, चरेस, भाङ, अफिमजस्ता कुरा सेवन गर्दा यौन क्षमता घट्दै जान्छ । यी चिजले व्यक्तिको यौन क्षमता बढाउने नभै कम गर्छन् । साँच्चै भन्नुपर्दा नशाको प्रभावले मानिसमा यौन क्षमता बढेको अनुभव गराउँछ तर उसको क्षमता बढ्नुको सट्टा लगातार कमजोर भैरहेको हुन्छ ।
- केही मानिस मासु, माछा, अन्डा प्याज, लसुन, मसरुमजस्ता खानेकुराले कामवासना वृद्धि हुन्छ भन्छन्, तर यो एउटा अन्धविश्वास मात्र हो, यसमा कुनै सत्यता छैन ।
- गैडाको सिङ वा बाघको अण्डकोष सेवन गर्दा कामशक्ति बढ्छ भन्नु पनि अन्धविश्वास हो । कामशक्तिमा त्यसको कुनै प्रभाव हुँदैन ।
- बट्टाको अचार तथा भुइकँटर सेवनले पुरुष यौन रूपमा दुर्बल हुन्छ भन्नु पनि मिथ्या धारणा नै हो । लिंगमा रक्त प्रवाह कमीका कारण पुरुषमा यौन दुर्बलता हुन्छ । अचार तथा भुइँकटहरले रक्तप्रवाहमा कुनै असर गर्दैनन् ।
- भिटामिन 'ई'को सेवनले यौन शक्ति हुन्छ भनिन्छ । ७० को दशकमा मुसामा यसको प्रयोग गरिएको थियो, तर मुसा र मानिस फरक जन्तु हुन् । त्यही मुसामा भएको प्रयोगलाई लिएर मानिसमा पनि त्यस्तै हुन्छ भन्ने हल्ला फिँजाइएको मात्र हो ।
- बजारमा यौनशक्ति बढाउने विभिन्न किसिमका दबाई, चकलेट, क्रिम, तेल, स्प्रे आदिको प्रचार-प्रसार भैरहेको छ । यी चिजको विश्वसनियता नभएको हुँदा त्यसको प्रयोग वा सेवन गर्नु स्वास्थ्यका दृष्टिले दुर्भाग्यपूर्ण हुनसक्छ ।


**एजेन्सीहरूको सहयोगमा**


## भुल्न नहुने कुरा

- विभिन्न खालका रुढिवादी विचारलाई दिमागबाट टाढा राखेर सबैभन्दा पहिले कसरी लामो समय यौनको मज्जा लिने भन्ने कुरा सोच्नुहोस् । यौनसम्पर्क गर्ने भन्दा पनि लामो समय एक-अर्कासँग जिस्किएर, खेलेर तथा कुराकानी गरेर मज्जा लिने प्रयास गर्नुहोस् ।
- यौन साथी ओच्छ्यानमा आउनुभन्दा अघि नै आफू तयार भएर बस्नुहोस् । जस्तो कि नुहाउने, मन्द सेन्ट छर्कने जस्ता काम, तर एक-अर्कालाई घिन लाग्ने सामान नजिक नल्याउनुहोस् ।
- यौनसम्पर्कलाई एउटा अत्यावश्यक कर्मका रूपमा लिनुहोस् ।
- खुलेर कुराकानी गर्नुहोस् । एक-अर्काको अनुभव साटासाट गर्नुहोस्, जसले गर्दा यौन क्रियाकलाप मस्तिष्कबाटै सक्रिय होस् ।
- कतिपय महिला-पुरुष मुखमैथुन रुचाउँछन् भने त्यो हुनु नराम्रो होइन, तर सरसफाइमा पर्याप्त ध्यान पुऱ्याउनु जरुरी हुन्छ । यदि साथीलाई यस्तो व्यवहार मन पर्दैन भने प्रयोग नगरकै राम्रो ।
- एक-अर्काको संवेदनशील अंग चलाउनुपर्छ ।



# गेष्ट पोजर रोली





तस्बिरहरू : महेश प्रधान

शिरमा कालो टोपी, भीमकाय शरीर । खचाखच दर्शकमाझ बडिबिल्डिङमा संसारकै सबैभन्दा बलिष्ठ शरीर भएका रोली विंकलार स्टेजमा झुल्किए । सिट्ठी र हुटिङका बीच उनले करिब ५ मिनेटसम्म स्टेजमै सुंगठित शरीरका विभिन्न पोज प्रस्तुत गरे । स्टेजको प्रस्तुतिपछि केही शब्द बोले । रोली मञ्चमा उक्लिएदेखि नै गर्माएको वातावरण जब उनी दर्शकदीर्घामा झरे त्यसपछि थप गर्मायो ।

शनिबार कमलादीस्थित प्रज्ञा भवनमा आईएफबीबी बडिबिल्डिङ प्रो-क्यालिफायरको मुख्य आकर्षकका रूपमा आफ्नो भीमकाय शरीरका लागि संसारभर प्रख्यात बडिबिल्डर रोलीले गेष्ट पोजरका रूपमा स्टेजमा प्रस्तुत भए । उक्त अवसरमा उनले सबैतिर घुमेर आफूसँग सेल्फी खिच्ने दर्शकको हुटहुटी पनि पूरा गरिदिए ।

आइएफबीबी बडिबिल्डिङ प्रो-क्यालिफायरका दौरान गेष्ट अपरियन्सका लागि रोली दुई दिनअघि मात्र काठमाडौं आएका हुन् । रोलीले आफ्ना प्रशंसकहरूको प्रशंसा गर्दै उनीहरूलाई धन्यवाद दिए । यस पटक थोरै समयका लागि भए पनि नेपाल आउन पाउँदा आफूलाई निकै खुसी लागेको बताउँदै अर्को पटक लामो समयका लागि नेपाल आउने उनले बताए ।

१ सय ३० किलोका रोली ५ फिट ७ इन्च अग्ला छन् । उनको हातको पाखुरा मात्र २४ इन्च, छाती ६० इन्च तथा खुट्टा ४८ इन्चको छ । उनको पिँडुला २० इन्च र गर्धन १९ इन्चको छ । उनी डच बिस्ट, दि विष्ट तथा सामुराईजस्ता उपनाम चर्चित छन् । सार्वजनिक कार्यक्रमहरूमा एकदमै कम देखिने रोली यो वर्ष पहिलो पटक नेपालको सार्वजनिक कार्यक्रममा देखा परेका हुन् । दुई पटकका धर्मश्री च्याम्पियन सानु गुरुङले आइएफबीबीको फ्रेन्चाइज नेपाल भित्र्याएर प्रो-क्यालिफायरमा गेष्ट पोजरका रूपमा उनलाई नेपाल ल्याएका हुन् ।

# पोखरामा आहा रारा गोल्डकप

राजाराम पौडेल

मोफसलको प्रतिष्ठित आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको १७ औं संस्करण फागुन ९ गते बिहीबार पोखरामा सुरु भएको छ । १७ वर्ष लामो इतिहास बनाएको यो प्रतियोगितामा पहिलो पटक दुई विदेशीसहित १० टिम मात्र सहभागी हुनेछन् । यसअघिका सबै प्रतियोगितामा १२ टिम सहभागी हुँदै आएका थिए । एन्फाले आफूहरूलाई १० दिनको मात्र समयसीमा दिएकाले १० दिनमा १० टिम मात्र सहभागी गराउन बाध्य भएको सहारा क्लबका अध्यक्ष केशवबहादुर थापाले बताए । प्रतियोगिता फागुन १८ गतेसम्म पोखरा रंगशालाको फुटबल मैदानमा हुनेछ ।

यो प्रतियोगितामा विदेशी दुई टिम क्यामरुनको डफिन्स टिम फेम्ली फुटबल क्लब तथा भारतको सिक्किम युनाइटेड क्लब, नेपालका तीन विभागिय टिम सशस्त्र प्रहरी बलको एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब तथा नेपाल पुलिस क्लब, लिग विजेता मनाङ-मर्स्याङदी क्लब, नेपालका चर्चित क्लबहरू थ्रिस्टार क्लब, हिमालयन शेर्पा क्लब, संकटा क्लब एवं आयोजक सहारा क्लब पोखरा सहभागी छन् । आहा रारा गोल्डकपको गत वर्षको विजेता नेपाल पुलिस क्लब हो ।

प्रतियोगितामा विजेताले उपाधिसहित ८ लाख १ हजार तथा उपविजेताले ४ लाख १ हजार साथमा ट्रफी मेडल प्रमाण पत्र प्राप्त गर्नेछन् । गत वर्षको तुलनामा यस वर्ष विजेताको १ लाख तथा उपविजेताको ५० हजार पुरस्कार राशि वृद्धि गरिएको हो । यो प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई स्कुटर पुरस्कार प्रदान गरिनेछ भने सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी २०७५ बाट एक जनालाई नगद ३५ हजारका साथ सम्मान गरिने क्लबले जनाएको छ ।

प्रतियोगिताबाट १ करोड ३० लाख एक हजार आम्दानी गर्ने लक्ष्य राखिएको क्लबका सचिव रामजीप्रसाद अधिकारीले बताए । उनका अनुसार प्रतियोगिता सम्पन्न गर्न करिब ९७ लाख ९८ हजार लाग्ने भएको छ भने ३२ लाख २ हजार रुपैयाँ बचत हुने लक्ष्य राखिएको छ । बचत रकमलाई क्लबले कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरू सम्मिलित सहारा फुटबल एकेडेमीमा लगानी गर्दै आएको छ । हाल तेस्रो ब्याचको एकेडेमीमा १६ जिल्लाका २८ जना बालक आश्रित छन् ।

पृथ्वी राजमार्ग बस संचालक समितिले उत्कृष्ट पाँच विधाको पुरस्कार प्रायोजन गरेको छ, जसमा जनही १५ हजार नगद पुरस्कार प्रदान गरिनेछ । सनराइज ड्राईभिङ स्कुलबाट सर्वाधिक गोलकर्ताको खेलाडी पुरस्कार २५ हजार प्रदान गरिनेछ । क्लबले यस वर्ष पनि सहभागी टिमलाई म्याच मनी दिने भएको छ, जसअन्तर्गत प्रि-क्वार्टर विजेतालाई २० हजार, पराजित टिमलाई १० हजार, क्वार्टरको विजेतालाई ३० हजार पराजित टिमलाई २० हजार तथा सेमिफाइनल विजेता-पराजित दुवैलाई ५०-५० हजार प्रदान गरिनेछ ।



# असफल प्रशिक्षक सफल प्रशिक्षक

नेपाली फुटबलले पाएको सबैभन्दा ठूला स्टार मानिन्छन्– हरि खड्का । उनकै नाममा छ, नेपाली राष्ट्रिय टिमका लागि सर्वाधिक गोल गरेको कीर्तिमान । खेलाडी छँदा उनी नेपाली टिममा पर्ने नियमित खेलाडी थिए नै, सँगै उनले कप्तानीसमेत गरे । उनकै समयमा पुलिसको टिमले लगातार एकपछि अर्को प्रतियोगिता जितेको थियो । पुलिस फुटबलको इतिहासमा उनी सहभागी टिमलाई अहिलेसम्मकै उत्कृष्टमध्ये एक भन्न सकिन्छ । खेल्न छाडेपछि उनी प्रशिक्षक भए– पुलिस टिमकै, तर उनी जति सफल खेलाडी थिए, उत्तिकै असफल प्रशिक्षक सावित भए । खड्काको नेतृत्वमा पुलिस टिमले जति पनि प्रतियोगिता खेल्यो, त्यसमा कहिल्यै राम्रो गर्न सकेन । पछि उनले पुलिस छाडे र उनलाई जिम्मा दिइयो, नेपाली महिला राष्ट्रिय फुटबल टिमको । हरिको भाग्यले कसरी कोल्टे फेरेको छ भने अब उनी नेपाली महिला राष्ट्रिय टिमका सबैभन्दा सफल प्रशिक्षक सावित भएका छन् ।

उनकै नेतृत्वमा हालै नेपालले भारतको भुवनेश्वरमा हिरो गोल्डकप खेल्यो र उप विजेता भयो । भारतसँगै म्यानमार र इरान पनि सम्मिलित उक्त प्रतियोगितामा नेपालले फाइनल यात्रा तय गर्नेछ भनेर कसैले पनि अपेक्षा गरेका थिएनन्, तर नेपालले सबै आलोचकलाई गलत सावित गर्दै लिग चरणमा भारत र इरानलाई हरायो । नेपाल फाइनलमा भने बलियो म्यानमारसँग पराजित भयो । नेपाल लिग चरणमा पनि म्यानमारसँगै पराजित भएको थियो । लिग चरणमै नेपालले भारतविरुद्ध प्राप्त गरेको जित महिला फुटबल इतिहासमै पहिलो थियो, त्यो पनि उसकै भूमिमा । नेपालले हरिको नेतृत्वमा राम्रो गरेको यो पहिलो अवसर भने होइन । यसअघि नेपाली महिला टिमले एएफसी वुमन्स ओलम्पिक छनौट-२०२० पनि खेलेको थियो र त्यसमा पनि दोस्रो चरण प्रवेश गर्न सफल भयो । अब नेपालसामु हुनेछ, विराटनगरमा हुने वुमन्स साफ च्याम्पिनसिपको चुनौती । तय छ, नेपाली खेलाडीहरू यो प्रतियोगिताका लागि निकै उत्साहित छन् र त्यसको एउटा कारण सफल प्रशिक्षक हरि पनि हुनेछन् ।

मैदान बाहिर


# नेपाली जोन्टी रोड्स

धनगढी प्रिमियर लिग (डीपीएल)-३ का लागि पूर्व दक्षिण अफ्रिकी खेलाडी जोन्टी रोड्स नेपालमै छन् । उनले धनगढी र त्यहाँको क्रिकेटको मज्जा लिइरहेका छन् । उनको क्षेत्ररक्षण अब्बल दर्जाको मानिन्थ्यो । उनी नेपाल भएकै बेला अर्को जोन्टी रोड्सको पनि उत्तिकै चर्चा छ । र, ती हुन्, नेपाली जोन्टी रोड्स अर्थात् भीम सार्की । उनले आफ्नो फेसबुकमा पनि आफूलाई त्यसरी नै परिचय गराएका छन् । उनको खेलको मुख्य विशेषता पनि उत्कृष्ट फिल्डिङ नै हो । यसै कारण भीमले नेपाली राष्ट्रिय टिममा स्थान पाउनुपर्छ भन्ने मागसमेत हुन थालेको छ । यसपटक उनको चर्चा बढी भएको कारण भने




उनले डीपीएलकै क्रममा लिएको एउटा उत्कृष्ट क्याच हो, जुन उनले विराटनगर किङ्सविरुद्ध लिएका थिए, जसको भिडियो अहिले भाइरल भैरहेको छ । त्यो डाइभिङ क्याच देखेर जोन्टी आफै पनि चुप लागेर बस्न सकेनन्, ट्विट मार्फत भीमलाई बधाईसमेत दिए । खासमा भीम उदीयमान खेलाडी हुन् । क्रिकेटमा नयाँ र युवा खेलाडीले स्थान पाउन निकै गाह्रो हुन्छ । भीमका हकमा पनि त्यस्तै भयो । सुरु-सुरुमा उनले ब्याटिङ र बलिङको अवसर कम पाउँथे । बरु उनको विशेष काम हुन्थ्यो, फिल्डिङको । आखिर उनले यसैमा महारथ प्राप्त गरे र भए– नेपाली जोन्टी रोड्स ।

# नेयमार अब डाना पाओलाका साथ




फ्रान्सेली फुटबल क्लब पीएसजीका स्टार नेयमारले गत फेब्रुअरी ५ मा आफ्नो २७ औं जन्म दिन मनाउने क्रममा एउटा नयाँ समाचारसमेत सार्वजनिक भयो । नेयमारले आफ्नो जन्म दिनमा मेक्सिकोकी अभिनेत्री डाना पाओलाका साथ एक रेस्टुराँमा भव्य पार्टीको मज्जा लिए । २३ वर्षीया ती सुन्दरीले त्यसपछि ट्विटरमा तस्बिर राखिन् र लेखिन्, 'ह्याप्पी बर्थ डे फ्रेन्ड ।' त्यसको कमेन्टमा नेयमारले पनि उनलाई 'थ्यांक्यु ब्युटिफुल' भनेर प्रतिउत्तर दिए । त्यसपछि के चाहियो र ? यो समाचारले सनसनी नै मच्चायो । हाल उनीहरूको सम्बन्ध चर्चामा छ । डानाका हालसम्म चारवटा एल्बम सार्वजनिक भएका छन् । त्यसबाहेक उनी विभिन्न अपेरामा समेत काम गर्छिन् । डाना मेक्सिकोमा ग्ल्यामरस अभिनेत्रीका रूपमा परिचित छिन् ।

# महिला फुटबलरले गरे विवाह

नर्वेजियन महिला फुटबल खेलाडी कर्स्टी येलोप तथा पूर्व अस्ट्रेलियन मिडफिल्डर तमका बटले विवाह गरेको औपचारिक घोषणा गरेका छन् । इन्स्टाग्राम तथा ट्विटरमा तस्बिर पोस्ट गर्दै उनीहरूले आफ्नो विवाह सम्पन्न भएको घोषणा गरेका हुन् ।

यो महिला जोडीले २०१७ को डिसेम्बरमा आफूहरूको इङ्गेजमेन्ट भएको बताएका थिए । लामो समयको डेटिङपश्चात् उनीहरूले न्युजिल्यान्डस्थित मंगवाई समुद्र किनारमा विवाह गरेको बताइन्छ ।

यो लेस्बियन जोडीको विवाह समारोहमा आफन्तहरू पनि प्रशस्तै थिए । तमकाले आफ्नो इन्स्टाग्राम पोस्टमा तस्बिर राख्दै विवाहमा सरिक भएका सबैलाई धन्यवाद दिएकी छिन् ।



# अब महिला क्रिकेटको फ्रेन्चाइज



नेपाली महिला क्रिकेटको सबैभन्दा ठूलो गुनासो हो, प्रतियोगिता नै हुँदैन । विशेषतः घरेलु प्रतियोगिता नहुँदा नेपाली महिला क्रिकेटले सक्दो विकास गर्न सकिरहेको छैन । त्यसमाथि नेपाली महिला क्रिकेट कहिल्यै व्यवसायिक हुन सकेको छैन । अहिले नेपाली महिला टिम आईसीसी विश्वकप छनौट खेल्न थाइल्यान्डमा छ ।

अन्तर्राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई केही न केही व्यस्त बनाएकै छ । अहिले नेपाली महिला क्रिकेटमा निकै सुखद समाचार सुन्न पाइएको छ र त्यो हो– फ्रेन्चाइज क्रिकेटको । त्यो पनि दुई फरक प्रतियोगिता । हालै घोषणा भएका दुई प्रतियोगिता हुन्, वुमन्स च्याम्पियन्स लिग अनि अर्को, एनसीएल वुमन्स ट्वान्टी-२० । पहिलो प्रतियोगिता काठमाडौंमा हुनेछ भने अर्को मोरडमा हुनेछ ।

यी दुई प्रतियोगिता घोषणा भएपछि नेपाली महिला क्रिकेटमा उत्साहसमेत थपिएको छ । अहिले महिला टिमका प्रशिक्षक विनोद दास छन् । दासकै शब्दमा फ्रेन्चाइज क्रिकेटले महिला खेलाडीहरूलाई व्यवसायिक बनाउन मद्दत गर्नेछ । वर्षमा कम्तीमा दुई ठूला प्रतियोगिता भएपछि नेपाली महिला क्रिकेटको स्तरोन्नतिसमेत हुने आशा गर्न सकिन्छ ।

# करण केसी डे

अचेल नेपाली क्रिकेटमा करण केसी डे मनाउने क्रम सुरु भएको छ, त्यो पनि भ्यालेन्टाइन डेकै दिन । जति बेला सारा विश्व भ्यालेन्टिनाइन डे मनाउन व्यस्त थियो, नेपाली क्रिकेट खेलाडीहरू भने करण केसी डे मनाइरहेका थिए । नेपाली टिमका कप्तान पारस खड्काले पनि फेसबुकमा करण केसी डेको शुभकामना दिइहाले । धेरै अरूले पनि त्यसै गरे । एक वर्ष मात्र भयो, यस्तो क्रम सुरु भएको । के हो त यो करण केसी डे ?

ठीक एक वर्षअघि नामिबियामा आईसीसी वर्ल्ड क्रिकेट सिरिज डिभिजन टु भैरहेको थियो । फेब्रुवरी १४ कै दिन नेपालको खेल थियो, क्यानाडाविरुद्ध । नेपालका लागि त्यो जित्नै पर्ने खेल थियो, अन्यथा नेपालको सबै खाले सम्भावना समाप्त हुने निश्चित थियो । क्यानाडाले पहिले ब्याटिङ गरेर नेपालसामु १ सय ९५ रनको लक्ष्य प्रस्तुत गर्‍यो । जवाफी ब्याटिङमा नेपालको प्रदर्शन निकै कमजोर रह्यो । करण ब्याटिङका लागि मैदानमा ओर्लिंदा नेपाल १ सय ४४ रनमा ८ विकेट गुमाएको स्थिति थियो । लगत्तै नेपालले अर्को विकेट पनि गुमायो । यस्तोमा अन्तिम विकेटमा नेपालले ४२ बलभित्र ५१ रन बनाउनु पर्ने थियो । नेपाल हारको सँघारमा थियो । त्यही बेला करणले नेपाली क्रिकेट इतिहासकै सर्वाधिक महत्त्वपूर्ण (अब्बल दर्जाको) इनिङ्स खेले । उनले अविश्वसनीय रूपमा नेपालका लागि उत्कृष्ट प्रदर्शन गरे र लगातार रन बटुलिरहे ।

अन्तिम दुई ओभरमा पनि नेपाललाई असम्भव जस्तै देखिने २१ रन चाहिएको थियो । त्यसमा करणले ४९ औं ओभरमा १-१ चौका र छक्का प्रहार गरे । यस्तोमा अन्तिम ओभरमा ८ रन चाहिने भयो । उक्त ओभरमा उनले १ छक्का प्रहार गरेपछि नेपाललाई ठूलो राहत प्राप्त भएको थियो । अन्ततः नेपाल दुर्लभ जित निकाल्न सफल भयो । त्यही जितपछि नेपालले वान डे टिमको मान्यता पनि पायो । त्यसपछि के भयो, त्यो त सबैलाई थाहै छ ।



जाँदा-जाँदै

# ज्वाइँ खोजिदिनुस् न प्लिज



निरुता सिंह, अभिनेत्री

राम्रो अभिनय गर्ने अभिनेत्रीका रूपमा स्थापित निरुता सिंह झन्डै आठ वर्षको विश्रामपछि पुनः अभिनयमा फर्किएकी छिन् । अघिल्लो वर्ष काठमाडौंमा सम्पन्न एउटा एवार्ड समारोहमा सहभागिता जनाएपछि उनको करियरको दोस्रो इनिङ प्रारम्भ भएको थियो । विकास आचार्यको नाइँ नभन्नु ल-५ मा सानो भूमिका निर्वाह गर्दै अभिनयमा पुनरागमन गरेकी निरुता अचानक अभिनयमा व्यस्त भएकी छिन् । मह सञ्चारको चलचित्र दाल भात तरकारीमा मुख्य भूमिका निर्वाह गरिरहेकी निरुतालाई उक्त चलचित्रको भिजिट भिसामा तथा चलचित्र क्याप्टेनको कर्लि कर्लि कपाल गीतमा नृत्य गरिरहेको देख्न पाइन्छ । ती दुवै गीतले यूट्युबमा दर्शकको मन जितिरहेको बेला साप्ताहिक संवाददाता *कृष्ण भट्टराई*सँग अभिनेत्री सिंहको जम्काभेट :

**तपाईंलाई त अचेल कर्लि कपाल भनेर पो बोलाउन थालिएछ है ?**

(लामो हाँसो) चलचित्र क्याप्टेनको कर्ली कर्ली कपाल...गीत सार्वजनिक भएपछि मलाई अचेल धेरैले कर्लि कपाल भनेर बोलाउन थालेका छन् ।

**केश नै कर्ली बनाउनु भएछ त ?**

कर्लि कपालमा नृत्य गर्नु परेपछि गीत अनुसार नै चल्नु परेन त ?

**गीतको छायांकनदेखि नै केश सज्जा परिवर्तन गर्नुभएको हो ?**

करिब-करिब हो भन्दा पनि हुन्छ । दुई साताअघि उक्त गीतको छायांकनका लागि आफ्नो केशलाई कर्लि बनाएकी थिएँ, अहिले पनि त्यही केश सज्जामा छु ।

**दुई हस्ती अभिनेताको बीचमा नृत्य गर्दा कस्तो अनुभव गर्नुभयो ?**

अनुभवको त के कुरा गर्नु, मेरा लागि उक्त क्षण ऐतिहासिक नै रह्यो ।

**कसरी ?**

मैले अनमोललाई पहिलो पटक देख्दा ऊ निकै सानो थियो । आज ऊसँगै कम्मर मर्काउँदा मलाई कस्तो भयो होला, आफैं सोच्नुस् न ।

**तपाईंले त बुवा र छोराबीच तानातान नै गराउनु भएछ नि ?**

हो नि...अहिलेका सुपरस्टार अनमोल केसी र हाम्रो पालाका सुपरस्टार भुवन केसीले पहिलो पटक एउटै गीतमा नृत्य गरेको भिडियोको केन्द्रमा मै छु । मेरा लागि बुवा र छोराको राम्रै तानातान मात्र होइन, प्रतिस्पर्धा नै भएको छ । अन्त्यमा बाघ बूढो भए पनि बाघै हो भने जस्तै भुवनकै जित भएको छ ।

**गीतको सफलताप्रति कत्तिको आशावादी हुनुहुन्थ्यो ?**

दुई जना सुपरस्टारसँग आइटम गर्लका रूपमा नृत्य गर्नु मेरा लागि चुनौती पनि थियो । यद्यपि गीतको मेलोडी, हामी कलाकारको मेहनत तथा कोरियोग्राफर रेनशा राईको मेहनतले यो गीत लोकप्रिय हुन्छ भन्ने कुरामा म ढुक्क थिएँ । त्यसैले त सार्वजनिक भएको पहिलो दुई दिनमै १० लाख भ्युज कटेको छ ।

**उक्त गीतको भिडियो सार्वजनिक भएपछि तपाईंलाई अन्य चलचित्रबाट पनि आइटम गीतकै लागि प्रस्ताव आएको हो ?**

हो, अहिले मलाई आइरहेका हरेक दोस्रो फोनमा नयाँ चलचित्रको आइटम गीतमा नृत्य गर्न आग्रह गरिएको हुन्छ ।

**अनि तपाईंको जवाफ ?**

मैले अहिलेसम्म कुनै पनि प्रस्ताव स्वीकार गरेकी छैन । म संख्याभन्दा पनि गुणस्तरमा विश्वास गर्ने कलाकार हुँ ।

**चलचित्र दाल भात तरकारीको अनुभव कस्तो रह्यो ?**

वैशाखमा प्रदर्शन हुने उक्त चलचित्रमा दर्शकले मलाई आजसम्म नदेखेको भूमिकामा देख्न पाउनु हुनेछ । हरिवंश आचार्यकी श्रीमतीको भूमिकामा छु, चलचित्रको प्रारम्भदेखि अन्त्यसम्म दर्शकहरू हाँसेको हाँस्यै हुनु हुनेछ ।

**लामो समयदेखि मुम्बईमा हुनुहुन्छ, चलचित्रमा सक्रिय भएपछि यतै (काठमाडौं) सिफ्ट हुने योजना छ कि ?**

मुम्बई बस्नुको मेरो आफ्नै बाध्यता छ । मेरो बुवा बिरामी हुनुहुन्छ । म उहाँको उपचारमा सक्रिय छु । त्यसबाहेक म केही काममा समेत व्यस्त छु । नेपाली चलचित्रमा पुनः व्यस्त हुन थालेकीले केही समयपछि स-परिवार यतै सिफ्ट हुने कि भन्ने पनि विचार गर्दैछु ।

**प्रसंग बदलौं, सिंगलबाट मिङ्गल हुने बेला भएन र ?**

बेला नभएको कहाँ हो र, उल्टो बित्न पो लाग्यो त ।

**अनि विवाहका लागि किन ढिलाइ त ?**

लौन, एउटा राम्रो ज्वाइँ खोजिदिनुस् न, म त विवाहका लागि तयारै छु, भने जस्तो वर नभेटेर पो ।

**कस्तो वर खोज्नुभएको हो ?**

म र मेरो कर्मलाई बुझ्ने, मलाई माया गर्ने, समझदार । धन-सम्पत्तिभन्दा पनि मन ठूलो भएको व्यक्ति खोजेको, अहिलेसम्म फेला पार्न सकेकी छैन ।

**अबको योजना के छ ?**

केही दिनपछि पुनः मुम्बई फर्किनेछु । बुवाको मुटुमा समस्या भएकाले उहाँ उपचारमै हुनुहुन्छ । उहाँकै हेरचाहमा सक्रिय हुनेछु । काठमाडौंमा राम्रो प्रोजेक्ट पाएँ भने पुनः यता आएर काम गर्नेछु ।






कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।